# हज स्मारिका

२०७९

नेपाल सरकार


गृह मन्त्रालय


## नेपाल हज समितिको सचिवालय

सिंहदरवार, काठमाडौं

# नेपाल

संघिय नेपालको प्रादेशिक सिमाङ्कन



# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली ।

प्रकृतिका कोटि-कोटि, सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।

# हज स्मारिका

## २०७९

नेपाल सरकार

गृह मन्त्रालय

नेपाल हज समितिको सचिवालय

सिंहदरबार, काठमाडौँ

**सल्लाहकार**

श्री शमशेर मियाँ, अध्यक्ष, नेपाल हज समिति

श्री कृष्ण पौडेल, सदस्य सचिव, नेपाल हज समितिको सचिवालय

**सम्पादक मण्डल**

| | |
|---|---|
| श्री मोहम्मद फाजिल, पूर्व हज समिति सदस्य तथा हज विज्ञ | संयोजक |
| श्री नजरूल हसन फलाई, सल्लाहकार, नेपाल हज समिति तथा हज विज्ञ | सदस्य |
| डा.समिम अहमद, सल्लाहकार, नेपाल हज समिति तथा हज विज्ञ | सदस्य |
| श्री जनार्दन भट्टराई, नेपाली भाषा विज्ञ | सदस्य |
| श्री शोभाकर न्यौपाने, शा.अ., नेपाल हज समितिको सचिवालय | सदस्य |
| श्री पुरूषोत्तम पौडेल, क.अ., नेपाल हज समितिको सचिवालय | सदस्य |

**डिजाइन तथा आवरणः** पुरूषोत्तम पौडेल (कम्प्युटर अपरेटर), नेपाल हज समितिको सचिवालय

**प्रकाशकः** नेपाल हज समितिको सचिवालय, सिंहदरबार, काठमाडौं

**वेवसाइटः** nepalhajj.moha.gov.np

**इमेलः** nepalhaj@gmail.com

**फोन नं.:** ०१-४२१११०४/७२

यस स्मारिकामा प्रकाशित भएका लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखक/रचनाकारका निजी हुन् । यसमा सम्पादन समिति र प्रकाशक जिम्मेवार हुने छैन । – **सम्पादक मण्डल**

मुद्रणः एम.एस. प्रिन्टिङ्ग सोलुसन, काठमाडौं, फोन : ०१-४१०८११०, Email : msprintingsolution@gmail.com

नेपाल सरकार
**गृह मन्त्रालय**
GOVERNMENT OF NEPAL
**MINISTRY OF HOME AFFAIRS**

**गृहमन्त्री**
**MINISTER FOR HOME AFFAIRS**



# शुभकामना

नेपाल हज समितिले इस्लाम धर्म र हज सम्बन्धि सिर्जनात्मक विषयवस्तुहरू सहितका लेख रचना संगालेर **हज स्मारिका** २०७९ प्रकाशन गर्न लागेको खवर पाउँदा खुसी लागेको छ।

नेपालको संविधानको धारा २६ मा प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्वन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता रहने गरी धार्मिक स्वतन्त्रताको अधिकारलाई मौलिक हकको रूपमा अंगिकार गरिएको छ। यही व्यवस्था अनुरुप नेपाली इस्लाम धर्मावलम्वीहरुको प्रमुख धार्मिक कार्य हजयात्रालाई व्यवस्थित तथा प्रभावकारी रूपले सञ्चालन एवम् व्यवस्थापन गर्ने कार्यका लागि नेपाल सरकारले नेपाल हज समिति गठन गरी सञ्चालन गरेको छ।

यसमा समावेश लेख, रचना तथा यात्रा अनुभव सहित जानकारीमूलक विषयले हजयात्रा व्यवस्थापनलाई सरल र सहज बनाउन नेपाल हज समितिलाई पृष्ठपोषण प्राप्त हुने विश्वास लिएको छु। साथै समितिका गतिविधिमा सरोकारवालाहरूको सहज पहुँच भई हज व्यवस्थापन कार्यमा व्यवसायिकता समेत अभिवृद्धि गर्न सहजीकरण हुने नै छ।

अन्त्यमा, हज स्मारिका २०७९ पठनीय र संग्रहनीय बन्न सकोस्, हार्दिक शुभकामना।

बालकृष्ण खाण
गृह मन्त्री, नेपाल सरकार

**बैशाख**, २०७९

Ministry of Home Affairs, Singha Durbar, Kathmandu, Nepal
Tel : +977-1-4211229, 4211247, Fax : +977-1-4211232

नेपाल सरकार

# गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल।

## शुभकामना मन्तव्य



नेपाली इस्लाम धर्मावलम्बीहरूको प्रमुख धार्मिक कार्य हजयात्रालाई व्यवस्थित तथा प्रभावकारी रूपले सञ्चालन एवं व्यवस्थापन गर्न यस मन्त्रालय अन्तर्गत नेपाल हज समितिको सचिवालयले आफ्ना दैनिक प्रशासनिक कृयाकलापहरूका अतिरिक्त इस्लाम धर्म र हज सम्बन्धित विविध जानकारीमूलक विषयवस्तुहरू समावेश गरी **हज स्मारिका २०७९** प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ।

यस स्मारिकामा समावेश भएका इस्लाम धर्म र हजयात्रा सम्बन्धी लेख, रचना तथा अनुभूतिहरूले नेपालबाट हुने हजयात्रा र यसको व्यवस्थापन कार्यमा भएका प्रयास र केही अन्तर्राष्ट्रिय अभ्यासका बारेमा समेत सरोकारवालाहरूलाई महत्त्वपूर्ण जानकारी प्रदान हुने विश्वास लिएको छु।

अन्त्यमा, यस स्मारिका प्रकाशनका लागि नेपाल हज समितिका अध्यक्ष, सदस्य सचिव लगायत सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरू प्रति धन्यवाद व्यक्त गर्दछु। आगामी दिनहरूमा रचनात्मक कार्यको निरन्तरताको शुभकाना समेत व्यक्त गर्दछु।

टेकनारायण पाण्डे
सचिव

बैशाख, २०७९

नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल हज समिति

पत्र संख्याः
चलानी नं.ः



सिंहदरबार
काठमाडौं, नेपाल

## मन्तव्य

इस्लाम धर्मावलम्बीहरूको विशेष महत्त्वको रूपमा रहेको हजयात्रा व्यवस्थापनको सन्दर्भमा नेपाल हज समिति तथा सचिवालयबाट विभिन्न रचनात्मक कार्यहरू सम्पादन हुँदै आएका छन्। सो सन्दर्भमा हजयात्राका बारेमा धार्मिक अन्तरवस्तु, विद्यमान अवस्था, व्यवस्थापकीय प्रबन्ध तथा हजयात्रा अनुभूति लगायतका विषयवस्तुहरू समावेश गरी यो **हज स्मारिका** २०७९ प्रकाशन गर्न लागिएको छ।

यस स्मारिकाले हजयात्रा व्यवस्थापनका सन्दर्भमा हज तथा इस्लाम धर्मका विज्ञहरूबाट हजयात्रालाई प्रभावकारी बनाउन हालसम्म गरिएका प्रयासहरू, हजयात्रालाई धार्मिक मान्यता अनुसार सम्पन्न गर्न गरिनुपर्ने कार्यहरू साथै आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्रहरूलाई स्पष्ट गरेको छ साथै यस स्मारिकामा प्रकाशित लेखहरू मार्फत नेपालबाट हुने हजयात्रा व्यवस्थापनका बारेमा जिज्ञासा राख्नेहरूका लागि उपयोगी हुन सक्ने अपेक्षा लिएको छु।

अन्त्यमा, यस स्मारिका तर्जुमा कार्यमा संलग्न रहनुहुने सम्पादक मण्डल, लेखकहरू तथा नेपाल हज समितिको सचिवालयका सदस्य सचिव एवं अन्य कर्मचारीहरूप्रति आभार व्यक्त गर्दछु।

**शमसेर मियाँ**
**अध्यक्ष**

बैशाख, २०७९

फोन नं.ः ०१-४२१११०४, ४२१११७२, इमेलः nepalhaj@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय

# नेपाल हज समितिको सचिवालय

पत्र संख्याः
चलानी नं.ः

सिंहदरबार
काठमाडौं, नेपाल



## मन्तव्य

हजको धार्मिक मान्यता, हजयात्रा व्यवस्थापनको सिलसिलामा सम्पादन गरिएका विभिन्न अभ्यासहरू, छिमेकी मुलुकहरूको अभ्यास तथा नेपाल हज समिति एवं सचिवालयको आगामी कार्यदिशा लगायतका विषयवस्तुहरूमा केन्द्रित रही हज तथा इस्लाम धर्मका विज्ञहरूबाट प्रा स्वतन्त्र विचार तथा अनुभूतिहरूलाई सँगालेर यो **हज स्मारिका २०७९** प्रकाशन गर्न लागिएको छ।

यो स्मारिका नेपालबाट हुने हजयात्रा व्यवस्थापन तथा अन्तर्राष्ट्रिय अभ्यासका बारेमा जानकारी राख्न चाहने सरोकारवालाहरूलाई विशेष स्रोत सामग्री बन्नेछ। साथै हजयात्रा व्यवस्थापनको कार्यलाई चुस्त, वस्तुनिष्ठ, विवेकशील, पारदर्शी, मितव्ययी र गुणस्तरीय बनाउन नेपाल हज समिति तथा सचिवालयलाई समेत विशेष मार्गदर्शन हुने अपेक्षा गरेको छु।

अन्त्यमा, यस स्मारिका प्रकाशन कार्यका लागि गठित सम्पादन मण्डलका संयोजक एवं पदाधिकारीहरू, नेपाल हज समितिका अध्यक्ष लगायत अन्य पदाधिकारीहरू साथै आफ्ना विचार एवं अनुभूतिहरू पठाई सहयोग गर्नुहुने विज्ञ लेखकहरूप्रति विशेष आभार प्रकट गर्दछु। स्मारिका प्रकाशन कार्यमा कम्प्युटर टाइप देखि सेटिङ तथा डिजाईनसम्मको कार्य गर्नुहुने यस सचिवालयका कम्प्युटर अपरेटर पुरुषोत्तम पौडेल तथा व्यवस्थापकीय कार्यमा सक्रिय रहनुहुने अन्य सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद ज्ञापन गर्दछु।

**कृष्ण पौडेल**
सदस्य सचिव, नेपाल हज समिति
एवं
उपसचिव, गृह मन्त्रालय

बैशाख, २०७९

फोन नं.ः ०१-४२१११०४, ४२१११७२, इमेलः nepalhaj@gmail.com

# सम्पादकीय

हज इस्लाम धर्मावलम्वीहरूको पवित्र धार्मिक कार्य हो। नेपालबाट हुने हजयात्राको व्यवस्थापन कार्य नेपाल हज समितिबाट हुने गरेको छ। तसर्थ नेपाल हज समितिले हजयात्राको प्रभावकारिताका लागि विभिन्न कार्यहरू सम्पादन गर्नु जरुरी भएको सन्दर्भमा यस स्मारिकाले समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ।

यस स्मारिकामा हजयात्राको धार्मिक मान्यता, महत्त्व, हजयात्रा व्यवस्थापनमा नेपाल हज समितिको सचिवालयबाट भएका प्रयास, हज व्यवस्थापनका अन्तर्राष्ट्रिय अभ्यास, नेपाल हज समितिलाई सशक्त र व्यवसायिक बनाउन यसको कानूनी व्यवस्थाको आवश्यकता लगायतका विभिन्न हज तथा इस्लाम धर्मसँग सम्बन्धि लेख रचनाहरू संग्रह गरिएको छ।

स्मारिकामा समावेश भएका विषयवस्तुहरूले अन्तर्राष्ट्रिय सन्दर्भ र नेपालबाट हुने हजयात्रा व्यवस्थापन विषयमा तुलनात्मक अध्ययन गर्न चाहने सरोकारवालाहरूलाई जानकारी प्राप्त गर्न सहज हुनुका साथै धार्मिक मान्यता अनुसार साउदी अरबको मक्कामा गरिने हजका सर्तहरू, हजयात्रु तथा हजयात्रा व्यवस्थापन सम्बद्ध पदाधिकारीहरूले पालना गर्नुपर्ने आचारसंहिता, नेपाल हज समितिलाई आवश्यक कानूनी तथा संरचनागत व्यवस्था एवम् आगामी कार्यदिशा लगायत नेपाल हज समितिको सचिवालयका गतिविधिहरूमा सुशासन अभिवृद्धिका लागि हाल अभ्यास गरिएका र आगामी दिनमा गर्नुपर्ने कार्यदिशाहरूका बारेमा आम सरोकारवालाहरूलाई सहज रूपमा जानकारी उपलब्ध गराउन उपयोगी हुनेछ। साथै यसमा प्रकाशित लेखहरूले नेपाल हज समितिलाई व्यवसायिक बन्नका लागि पृष्ठपोषण समेत प्रदान गरेको छ।

नेपाल हज समिति तथा नेपाल हज समितिको सचिवालयले आगामी दिनमा समेत यस्ता रचनात्मक कार्यहरूमा निरन्तरता दिँदै आम सरोकारवाला तथा स्वतन्त्र लेखहरूबाट प्राप्त विचार, अनुभूति तथा पृष्ठपोषणका आधारमा आफ्नो कार्यशैली र पद्धति रूपान्तरण गर्दै पारदर्शिता र जवाफदेहिता मार्फत सुशासन अभिवृद्धि गर्दै अगाडि बढ्नु पर्ने देखिन्छ।

**सम्पादक मण्डल**

# यस पुस्तक भित्र


| पृष्ठ नं. | विषय | लेखक |
|---|---|---|
| १ | हज यात्रासम्बन्धी सशक्त एवम् प्रभावकारी कानूनको आवश्यकताः एक परिचर्चा | अब्दुल अजिज मुसलमान, न्यायाधीश, उच्च अदालत |
| ५ | नेपाली मुसलमानहरूको हजयात्रा/एक अनुभव | अब्दुल कलाम खाँ, पूर्व सदस्य सचिव, केन्द्रीय हज समिति |
| १२ | हजयात्रा व्यवस्थापनः अन्तर्राष्ट्रिय अभ्यास र नेपालको सन्दर्भ | कृष्ण पौडेल, सदस्य सचिव नेपाल हज समितिको सचिवालय |
| २२ | हजयात्रालाई व्यवस्थित बनाउने सन्दर्भमा नेपाल हज समिति; आगामी कार्यदिशा तथा हज पदाधिकारी र हजयात्रुहरूको भूमिका | कृष्ण पौडेल, सदस्य सचिव नेपाल हज समितिको सचिवालय |
| ३१ | हजका फाइदाहरू | नजरूल हसन फलाई, सल्लाहकार, नेपाल हज समिति |
| ३८ | नेपालमा मुसलमानहरूको अवस्था | ई.नुर मोहम्मद, सह सचिव, उर्जा मन्त्रालय |
| ४४ | हज व्यवस्थापन सूचना प्रणालीको सङ्क्षिप्त जानकारी | पुरूषोत्तम पौडेल,कम्प्युटर अपरेटर, नेपाल हज समितिको सचिवालय |
| ५३ | हज लेखा तथा जिन्सी प्रणालीको सङ्क्षिप्त जानकारी | भरतराज सिग्देल, लेखापाल र कैलाश पोखरेल, नायब सुब्बा, नेपाल हज समितिको सचिवालय |
| ५८ | हजयात्रा सम्बन्धी जानकारी | शमशेर मियाँ, अध्यक्ष, नेपाल हज समिति |
| ६४ | हज (संक्षिप्त परिचय, तरिका, विशेषता र प्रभाव) | डा.शमीम अहमद, सल्लाहकार, नेपाल हज समिति |
| ७१ | हजयात्रा व्यवस्थापनः अभ्यास र अनुभव | शाहिदा बानो शाह, बाँके |
| ७४ | सुशासनको सन्दर्भमा नेपाल हज समितिको सचिवालय | शोभाकर न्यौपाने, शाखा अधिकृत, नेपाल हज समितिको सचिवालय |
| ७९ | नेपाली हाजीहरूका केही समस्या र सुझावहरू | सेराज अहमद बरकतुल्लाह फलाही, कपिलवस्तु |
| ८४ | हज सम्बद्ध पदाधिकारीहरूको आचारसंहिता, २०७८ | |
| ८९ | नेपाल हज समिति परिवार, संक्षिप्त परिचय | |
| ८९ | नेपाल हज समितिको हालसम्मका अध्यक्षहरूको विवरण | |
| ९० | नेपाल हज समितिको सचिवायलमा हालसम्मका सदस्य सचिवहरुको विवरण | |
| ९० | नेपाल हज समितिका वर्तमान पदाधिकारीहरुको विवरण | |
| ९१ | नेपाल हज समितिको सचिवालयमा कार्यरत कर्मचारीको विवरण | |
| ९३ | नेपाल हज समितिको सचिवालयबाट प्रकाशित सामाग्रीहरू | |
| ९४ | नेपाल हज समितिको सचिवालयले प्रयोगमा ल्याएका प्रणालिहरु | |
| ९५ | नेपाल हज समिति तथा सचिवालयको गतिविधि झल्कने केही तस्विरहरू | |

# हज यात्रा सम्बन्धी सशक्त एवम् प्रभावकारी कानूनको आवश्यकताः एक परिचर्चा



**अब्दुल अजिज मुसलमान**
*न्यायाधीश, उच्च अदालत*

### विषय प्रवेश

इस्लाम धर्मका पाँच आधारहरू कलिमा, रोजा, नमाज, जकात र हज हुन् । पाँच आधारहरूमध्ये हजयात्राको महत्त्वपूर्ण स्थान रहेको छ । हरेक मुसलमानले जीवनमा एक पटक हजयात्रा गर्न पाउने आशा राखेको हुन्छ । हजयात्रा त्यस्तो मुसलमानलाई अनिवार्य र आवश्यक छ जो आर्थिक रूपले सबल र सक्षम छ । त्यसका साथसाथै पारिवारिक क्रियाकलापहरू तथा जिम्मेवारीहरूबाट मुक्त भएको व्यक्तिले हज यात्रा गर्नु स्वाभाविक र वाञ्छनीय मानिन्छ । कुनै पनि सक्षम र सबल मुस्लिमको जीवन हजयात्रापछि पूर्ण हुने मान्यता रही आएको छ । हजयात्राका अतिरिक्त इस्लामका अन्य चार आधारहरू पनि हरेक मुसलमानका लागि अनिवार्य गरिएको पाइन्छ ।

हजयात्रा साउदी अरब स्थित मस्जिद हरम र मस्जिद नब्बी लगायतका धार्मिक स्थलहरूको दर्शन तथा पवित्र ईश्वरीय ग्रन्थ कुरआनको मान्यता अनुसार ती स्थलहरूमा गरिने पूजा अर्चना (नमाज) पूरा गरिसकेपछि पूर्ण भएको मानिन्छ । इस्लाम धर्मले समानताको सिद्धान्तलाई सशक्त एवं प्रभावकारी ढङ्गले स्वीकार गरेको छ । हज यात्राको उद्देश्य लिई घरबाट मक्का मदिनाका निमित्त प्रस्थान गर्दा र हज यात्रामा रहँदा बस्दा कसैप्रति सानो ठूलो, जात पात, धनी गरिब, उँच निच भन्ने प्रश्न हुँदैन । हजयात्राका सन्दर्भमा सबै वर्ग र उमेर समूहले समान अवसर प्राप्त गर्दछन् । समग्रममा भन्नु पर्दा हजयात्रा पूरा गरिसकेपछि मानव जीवन अति पवित्र हुने ठानिएको छ ।

### हजयात्राको ऐतिहासिक पृष्ठभूमि

सुरुसुरुमा संसारका कुना काप्चाका मुसलमानहरू पैदल यात्रा गरेर एवं जनावरको सवारी गरी साउदी अरबको मक्का मदिना सहरमा पुग्ने गरेको पाइन्छ । संसारको उन्नति एवं मानवीय स्रोत साधनको विकासको क्रममा पानी जहाजको प्रयोग गरी मानिसहरू साउदी अरबको मक्का मदिना सहर पुग्ने गरेको देखिन्छ । वर्तमान अवस्थामा संसारको भौतिक विकास र यात्राका लागि विकास भएको छिटो छरितो यातायातको साधनको रूपमा रहेको हवाई यात्राको प्रयोग गरी हज यात्रामा जाने गरेको देखिन्छ ।

इस्लामी पात्रोको अन्तिम महिना जिल हिज्जाको १० तारिखको दिन मुख्य रूपले नमाज सम्पन्न गरी हुने हजलाई चलन चल्तीको अरबी भाषामा 'इदुल अदहा' पनि भन्ने गरिन्छ । हजले अल्लाहका रसुल हजरत इब्राहिमप्रतिको समपर्णको सन्देश दिन्छ । हजरत इब्राहिम अलहिस सलामले आफ्नो प्यारो छोरो हजरत इस्माइललाई अल्लाहको पवित्र आदेश अनुसार कुर्बानी दिएको प्रतीक स्वरूप हजयात्रा गरी सम्पूर्ण मुस्लिम समुदायले अल्लाहप्रतिको समपर्णको सन्देश दिएको पाइन्छ ।

नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्न पाउने गरी मौलिक हकको रूपमा धार्मिक स्वतन्त्रताको अधिकार प्रदान गरेको छ। मानव अधिकारको विश्वव्यापी घोषणा १९४८ ले प्रत्याभूत गरेका धार्मिक स्वतन्त्रतालाई हाम्रो संविधानले समेत अङ्गीकार गरेको हुनाले नेपालमा बसोबास गरेका मुस्लिम समुदायहरूले आआफ्नो धर्मको अवलम्बन र अभ्यास गर्न पाउने गरी धार्मिक स्वतन्त्रता प्राप्त गरेका छन्। यसै क्रममा नेपाल सरकारले मुस्लिमहरूको ईद, ईद-उल अदाहा जस्ता पर्वहरूमा सार्वजनिक विदा प्रदान गरी इस्लाम धर्मावलम्बीहरूको पहिचानलाई विशिष्टता दिएको छ।

हजयात्रालाई सहज, सर्वसुलभ, पहुँचयोग्य र मितव्ययी बनाउन विगतदेखि नै नेपाल सरकारले 'केन्द्रीय हज समिति' जस्तो संस्था गठन गरेको छ। उक्त संस्थालाई नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत राखी केही निश्चित रकम समेत विनियोजन गरी हजयात्रीहरूलाई विभिन्न किसिमका सहयोग समेत प्रदान गरेको पाइन्छ।

**हज यात्रामा सुधारको आवश्यकता**

इस्लामी मुलकहरूमा छुट्टै हज मन्त्रालयको व्यवस्था गरी हजको व्यवस्थापन र नियमन गर्ने गरेको पाइन्छ। दक्षिण एसियाली क्षेत्रका मुलुकहरूको अध्ययन गर्दा पाकिस्तान, भारत, बङ्गलादेश जस्ता मुलुकहरूमा हजयात्रालाई सहज, सर्वसुलभ, मितव्ययी तथा प्रभावकारी बनाउन हज सम्बन्धी ऐनहरू जारी गरी संस्थागत व्यवस्था भएको देखिन्छ। पाकिस्तानमा Ministry of religious affairs स्थापना गरी हज उम्राह सम्बन्धी जानकारीहरू दिने गरेको र 'पाकिस्तान हज यात्री आयोग सम्बन्धी ऐन' २०१० जारी भई त्यस अन्तर्गत गठन हुने आयोगले हज व्यवसथापनको काम गर्दै आएको देखिन्छ। भारतमा Ministry of Minority affairs सम्बन्धी मन्त्रालय खडा गरी संसदले The hajj committee act 2002 को निर्माण गरी त्यस ऐनको आधारमा Hajj committee of india गठन गरी विभन्न प्रान्तहरूमा state hajj committee निर्माण गरी हजयात्रा र हजयात्रीहरूको व्यवस्थापन गर्ने गरेको देखिन्छ। बङ्गलादेशमा hajj and umrah law 2021 को निर्माण गरी ऐन जारी भएको पाइन्छ। बङ्गलादेशले हजयात्रामा हुने विभन्न किसिमका अनियमितता नियन्त्रण गर्न त्यहाँको धार्मिक मन्त्रालयलाई जिम्मा दिएको देखिन्छ। बङ्गलादेशमा Ministry of home affairs, Ministry of foreign affairs, Ministry of civil aviation हरू हजयात्रालाई सहज, सर्वसुलभ र सबैको पहुँच योग्य बनाउन प्रयासरत रहेका देखिन्छन्।

नेपालको सन्दर्भमा चर्चा गर्दा नेपालमा बसोबास गर्ने मुस्लिम समुदायहरू धेरै पहिलेदेखि हजयात्रामा जाने गरेको देखिए तापनि हजयात्राको व्यवस्थापनमा संस्थागत एवं संरचनागत साधनस्रोत एवं साहित्यसम्बन्धी आभावका कारण समय समयमा विभिन्न समस्याहरू खडा भएको र जसका कारण हजयात्रीहरूले दुःख सास्ती पाएको देखिन्छ। यस्ता समस्याको समाधानका लागि मुलभूत रूपमा निम्न क्षेत्रमा सुधारको आवश्यकता छ।

**संस्थागत सुधार**

कुनै पनि पेसा, व्यवसाय वा सेवा सर्वसुलभ ढङ्गले प्राप्त गर्न सो क्षेत्रको संस्थागत विकास र सुधारको आवश्यकता हुन्छ ।हालसम्म पनि नेपालको हजयात्रामा कसको र कुन संस्थाको अग्रणी भूमिका हुने हो त्यसको समष्टीगत खाका तयार भएको छैन। सार्वभौम संसदले हज सम्बन्धी कानूनको निर्माण गरेको देखिँदैन जसका कारण हजयात्राको संस्थागत विकास हुन सकेन। गृह-मन्त्रालयले हज समिति निर्माण गरे पनि उक्त

समितिबाट हजयात्राको सम्पूर्ण व्यवस्थापन हुन सक्ने अवस्था छैन । नेपालमा लाखौँ सङ्ख्यामा मुसलमानको बसोबास रहेको छ । ती मुस्लिमहरूमध्ये आर्थिक रूपले सक्षम र सबल भएकाहरू हजयात्रामा जाने गरेका छन् । हजयात्रामा जानुभन्दा अघि हजयात्राको विषयमा मस्जिदहरूमा हुने सामान्य प्रवचनबाहेक हजसम्बन्धी विस्तृत जानकारी दिने गरी कुनै केन्द्र, एकाडमी वा तालिम प्रदान गर्ने कुनै संस्थाको विकास भएको पाइँदैन । हजयात्राका लागि केही सर्वस्वीकृत तथा निश्चित नियमहरूको जानकारी हजयात्रीले पाउनु पर्ने हुन्छ । अन्य देशहरूमा हज हाउस, हज एकाडमी, हज सूचना केन्द्र जस्ता संस्थाहरुको स्थापना गरी कार्य सञ्चालन भएको देखिन्छ । हजयात्रामा जाने हजयात्रीले कहिलेदेखि तयारी गर्नु पर्छ, हजयात्राका नियमहरू के कस्ता छन् र के कति खर्चको आवश्यकता पर्दछ भनेर तत्काल जानकारी पाइहाल्ने अवस्था छैन । उपयुक्त सूचना दिन, आर्थिक व्यवस्थापन तथा प्रबन्ध गर्न र यात्रामा आवश्यक पर्ने कागजातहरूको जानकारी लिने-दिने गर्न स्थायी प्रकृतिको संस्था र आधुनिक सूचनाप्रविधिले सम्पन्न संस्थाको मुख्यालय हुनु र सो मुख्यालयको आफ्नै सुविधासम्पन्न भवन हुन अत्यावश्यक छ । अहिलेको अवस्थामा हज हाउसको टड्कारो आवश्यकता महसुस गरिएको छ । हाल कार्यरत रहेको हज समिति र भविष्यमा गठन हुन सक्ने हजयात्रासम्बन्धी कुनै पनि संस्थाको आफ्नै भवन र कर्मचारीहरूका साथै आफ्नै दक्ष प्राविधिकहरूको आवश्यकता रहेको छ । हज समितिमा कार्यरत कर्मचारी स्थायी दरबन्दीका हुनु पर्ने र ती कर्मचारीहरूमा वैदेशिक सेवा र इस्लाम धर्मबारे सामान्य जानकारी राख्ने हुनु पर्ने देखिन्छ ।

नेपालमा पन्ध्र लाखभन्दा बढी मुस्लिम समुदायको बसोबास रहेकोले प्रतिवर्ष दुई हजारदेखि पच्चीस सय जना जतिले हजयात्राका लागि अपेक्षा राखेको पाइन्छ । तर साउदी अरबले दिने निश्चित सङ्ख्याको कोटा प्रणालीलाई समेत स्वीकार र अवलम्बन गर्नु पर्ने भएकोले इच्छुक व्यक्तिहरू सबैलाई हजयात्रामा संलग्न गराउन सकिएको छैन । यात्रुले हजयात्रा सुरु गरेपछि नेपालको विमानस्थलदेखि साउदी अरबसम्मको बसाइको क्रममा, वासस्थानदेखि बाटोघाटोमा वा मक्का मदिनामा हजयात्रीहरूलाई कसले के कसरी सहयोग पुऱ्याउने हो सोको यथातथ्य निरूपण भएको देखिँदैन । साउदी अरबमा समेत नेपाली दूतावास बाहेक अरू कुनै निकाय वा संस्था छैन । कानूनको आभावमा दूतावासले सरकारको अनुरोधमा सहयोग गर्ने त गरेको छ तर कुनै नीतिगत व्यवस्थाको विकास भएको पाइँदैन । साउदी अरबस्थित नेपाली दूतावासले संस्थागत रूपले सहयोग गर्नैपर्ने प्रकृतिको कानून निर्माण गरी स्थायी प्रकृतिको संरचना बनाउनुपर्ने टड्कारो आवश्यकता देखिन्छ । वर्तमान अवस्थामा रहेको हज समिति आफैँमा अस्थायी प्रकृतिको संरचना भएकाले यसले मुलुकबाहिर समेत हुने हजयात्री र हजयात्रासँग सम्बन्धित सबै कार्य गर्न सम्भव देखिँदैन । हज समितिलाई नै कानून बमोजिम स्थायी प्रकृतिको संस्थाको रूपमा विकास गरी संस्थागत सुधार गर्नु पर्ने देखिन्छ ।

**संरचनागत सुधार**

नेपालमा विगत लामो समयदेखि हजयात्रीहरूलाई हजयात्रामा पठाउने गरिएको छ । तथापि हजयात्रा सम्बन्धी सार्वभौम संसदले समग्र प्रक्रिया पु-याएर निर्माण गरेको कुनै विशेष कानूनको व्यवस्था भने भएको छैन । हजयात्राका लागि प्रस्थान गरिसकेका हजयात्रीको कुनै दुर्घटना भएमा सोको व्यवस्थापन अन्य कानूनहरूको आधारमा गर्ने गरिन्छ । हजयात्रा गर्दा गराउँदा कुनै अनियमितता भएमा आर्थिक ऐन नियमले नियमन गर्नु पर्ने अवस्था छ । हजयात्री र हजयात्रालाई व्यवस्थापन र नियमन गर्न छुट्टै संघीय ऐन हुनुपर्ने आवश्यकता धेरै पहिलेदेखि महसुस गरिए पनि हालसम्म पनि यो विषयले नीतिगत तहमा स्थान पाएको देखिँदैन । धेरै अघि

निर्माण गरिएको अस्थायी प्रकृतिको हज कार्यविधिबाट हालसम्मको हजयात्राको व्यस्थापन र नियमन गर्ने प्रयास गरेको पाइन्छ । उक्त कार्यविधिले नेपाल सरहद बाहिर परेको समस्याको विषयमा सम्बोधन गर्नसकेको देखिँदैन । तसर्थ नेपाल हजयात्रा सम्बन्धी ऐनको निर्माण गरी सो ऐनमा हज र उम्राहको परिभाषा; हज यात्रालाई व्यवस्थापन, प्रबन्धन र नियमन गर्ने निकायको व्यवस्था; प्रदेश हज समिति सम्बन्धी व्यवस्था; हज यात्रामा हुने अनियमितामा कारबाही र सजायको व्यवस्था गरी नेपालको हजयात्रालाई चुस्तदुरुस्त र समय सापेक्ष तुल्याई सहज र सर्वसुलभ बनाउनुपर्ने देखिन्छ । हजयात्रा सम्बन्धी ऐनको निर्माण भइसकेपछि प्रदत्त विधायनको सिद्धान्तको अधीनमा रही हज सम्बन्धी नियमावली, निर्देशिकाहरू जारी गरी हज सम्बन्धी आन्तरिक र बाह्य व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता महशुस गरिएको छ ।

**समन्वय र सहयोग**

हजयात्रा गर्दा गराउँदा नेपालको पर्यटन तथा संस्कृति मन्त्रालय, परराष्ट्र मन्त्रालय र गृह मन्त्रालयको समन्वय र सहयोग नेपालको हज समितिले प्राप्त गरिरहनु पर्दछ । ती मन्त्रालयहरूबाट प्राप्त हुने निर्देशन र सूचनाहरू नेपालको हज समितिले निरन्तर पाउनु पर्दछ । नेपाल हज समितिले जानकरीका लागि गरेका पत्राचारहरूको जवाफ यथा समयमा पाउनु पर्दछ । त्यसैगरी हज यात्रामा महत्त्वपूर्ण स्थान राख्ने मुस्लिम समुदायसँग सम्बन्धित सरकारी तथा गैरसरकारी संस्था तथा आयोगहरूबाट निरन्तर सूचना तथा सम्पर्क भइरहनु पर्दछ । त्यसैगरी मुस्लिम मस्जिद, मदरसा तथा इदगाह सञ्चालन गरिरहेका निकायहरूले हजयात्रा सम्बन्धी व्यक्तिगत वा सामूहिक जानकारी हज समितिलाई दिइरहनु पर्दछ ।

**निष्कर्ष**

नेपाल बहुसांस्कृतिक, बहुधार्मिक तथा धर्म निरपेक्ष मुलुकको रूपमा रहेको भन्ने कुरा संविधानले अङ्गीकार गरेको परिप्रेक्ष्यमा नेपालमा बसोबास गरिआएका मुस्लिम समुदायले गर्ने हजयात्रालाई व्यवस्थित र मर्यादित बनाउन मुलुकका सबै सराकरी निकाय, हरेक वर्ग, क्षेत्र, धार्मिक संघसंस्था, समुदाय समेतको सहयोग र सद्भावलाई नजरअन्दाज गर्न सकिने अवस्था छैन । हजयात्रालाई सर्वसुलभ, सुव्यवस्थित र पहुँचयोग्य बनाउन हजयात्रा सम्बन्धी ठोस कानूनी संरचना नै आजको आवश्यक्ता हो । यस सन्दर्भमा कसैको अनुनय, विनय वा निगाहाका रूपमा मात्र तदर्थ रूपमा कार्यसञ्चालन हुनुभन्दा माथि उठ्न जरुरी भइसकेको छ । नेपाली मुस्लिम समुदाय यस देशका नागरिक हुन् । उनीहरूको धार्मिक क्रियाकलापलाई संविधान र कानूनहरूले पनि सम्बोधन गरिसकेको हुँदा मुस्लिम समुदायको धार्मिक क्रियाकलाप अन्तर्गत हज यात्राको व्यवस्थापनतर्फ पनि समबन्धित सबैको नितान्त ध्यान पुग्नु अत्यावश्यक छ ।

**सन्दर्भ सामग्री**

*नेपालको संविधान, २०७२*
*नेपाल हज समितिको कार्यविधि, २०७२*
*केन्द्रीय हज समिति, भारतको वेवसाइट*
*Hajj and Umrah Law˜ 2021, Bangaladesh Hajj Committee*
*पाकिस्तान हज यात्री आयोग सम्बन्धी ऐन, Ministry of religion affairs, Pakistan*

# नेपाली मुसलमानहरूको हजयात्रा
## (एक अनुभव)



**अब्दुल कलाम खाँ**
*पूर्व सदस्य सचिव, नेपाल हज समिति*

**पृष्ठभूमी**

नेपाल सरकारको राजपत्राङ्कित द्वितीय श्रेणी (उप सचिव) पदमा कार्यरत रहँदा म गृह मन्त्रालय अन्तर्गत विभिन्न जिल्लाहरूमा प्रमुख जिल्ला अधिकारीको पदमा काम गर्नुका साथै फरक फरक समयमा ४ पटक हज समितिमा काम गर्ने अवसर पएको थिएँ। सन् २००८ मा सह सदस्य सचिव, सन् २००९, २०११ र २०१३ मा गरी ३ पटक १/१ वर्षका लागि सदस्य सचिवको रूपमा काम गर्ने जिम्मेवारी पएको थिएँ। हज समितिमा काम गरिएको अनुभव तथा आफू पनि एक मुसलमान भएकोले हजयात्रुहरूसँग हज प्रतिनिधिमण्डलको सदस्यका रूपमा ३ पटक हजयात्रामा मक्का मदिना गइ सकेको हुनाले हजयात्रा व्यवस्थापानमा देखिन आएका समस्या लगायतका विषयहरूमा केही कुराहरू प्रस्तुत गर्ने जमर्को गरिएको छु।

इस्लाम धर्मका पाँच आधार स्तम्भहरूमध्ये एक महत्त्वपूर्ण तथा अन्तिम आधारस्तम्भको रूपमा साउदी अरब को मक्का मदिनाको तीर्थ यात्रा (हज) लाई मानिएको छ। कोभिड महामारीको कारणले विगत २ वर्ष हज यात्रालाई सिमित गरिए बाहेक हाल प्रत्येक वर्ष ३० लाख भन्दा बढी मुसलमानहरू विश्वका विभिन्न देशहरूबाट हजका लागि साउदी अरबको मक्का सहरमा प्रत्येक वर्ष जम्मा हुने गर्छन्। हजयात्रीहरूको खाने, बस्ने व्यवस्था, स्वास्थ्य उपचार, यातायात व्यवस्थापन विभिन्न कारणले गर्दा साउदी अरबको सरकारले आफ्नो देश, छिमेकी खाडीका देशहरूका साथै विश्वका विभिन्न देशहरूबाट हजमा आउने हजयात्रीहरूको कोटा निर्धारण गरिएको हुन्छ। कुनै पनि देशमा बस्ने मुसलमानहरूको जनसङ्ख्याको आधरमा सामान्यतय एक लाख जनसंख्यामा १०० जना हजयात्री को हिसाबबाट कोटा निर्धारण गरिएको देखिन्छ। यसअनुसार २०६८ सालको जनगणनाको आधारमा नेपालमा करिब १२ लाख मुसलमानहरूको जनसङ्ख्या मानी नेपाललाई १२०० हजयात्रुहरूको कोटा साउदी अरबको सरकारले तोकेर पठाएको हुन्छ। हज व्यवस्थापनमा खटिने हज समितिका सदस्यहरू तथा हजयात्रीहरूको स्वास्थ्य उपचारकोलागि जाने चिकित्सक र स्वास्थ्यकर्मीहरूलाई थप हज भिसा उपलब्ध गराउनुका साथै नेपाल सरकारको विशेष अनुरोधमा साउदी सरकारले अवस्था हेरी थप केही हजयात्रुहरूलाई पटके हज भिसा उपलब्ध गराए पनि नेपाललाई साउदी सरकारले उपलब्ध गराउने रेगुलर हजयात्री कोटा हाल सम्म १२०० नै कायम रहेको छ। २०७८ सालको जनगणनाबाट नेपालमा मुसलमानहरूको जनसङ्ख्या थप भएको खण्डमा भविष्यमा थप हज कोटा प्राप्त हुने आशा गर्न सकिन्छ।

२०६५ साल सम्म नेपालबाट हजमा जाने यात्रुहरूको सङ्ख्या १००० (एक हजार) भन्दा कम हुन्थ्यो, त्यसैले निवेदन दिएका सबै हजयत्रामा जान पाउँथे। खाडी मुलुकहरूका साथै अन्य देशहरूमा वैदेशिक रोजगारीमा

नेपालीहरूको बढ्दो सङ्ख्यामा नेपाली मुसलमानहरू पनि उल्लेख्य रूपमा रहेको हुँदा विदेशमा कमाएको रकमबाट आफ्नो वृद्ध बुवा आमा तथा आफन्तजनहरूलाई हज गर्न पठाउने प्रवृत्ति बढेको हुनाले २०६६ साल देखि प्राप्त हज कोटा भन्दाबढी हज गर्न जान चाहनेको निवेदन पर्न थालेको र यो प्रवृति प्रत्येक वर्ष बढ्दै गएको हुनाले निवेदन दिएका सबै व्यक्तिहरू हजयात्रामा जान सम्भव नभई हजयात्रुहरू छनोट गर्नुपर्ने अवस्था अएको हो । हजमा जाने व्यक्तिहरू छनोट गर्दा हज समितिले पारदर्शी र न्यायसङ्गत विधि अपनाउँदा पनि विभिन्न गुनासा र असन्तुष्टिहरू आउने गरिएको अवस्था रहेको छ। हज समिति र नेपाल सरकारले विशेष अनुरोध गरेर साउदी अरबको सरकारबाट कोटा भन्दा केही थप हज भिसाहरू प्राप्त गरी पठाउने गरिएको भए पनि निवेदन दिएका सबैलाई पठाउन सकिने अवस्था छैन।

**हज व्यवस्थापनमा देखिएका समस्याहरू**

**१. हवाइ टिकट सम्बन्धमा**

हज सम्बन्धी कार्यविधिले हवाइ टिकट सम्बन्धमा सम्बन्धित एयरलाइन्स वा त्यसका एजेन्टसँग सम्झौता गर्ने अधिकार हज समितिका अध्यक्षलाई प्रदान गरिएको छ। हवाइ भाडामा कमिसनखोरी गरेर हज समितिका पदधिकारीले अनियमितता गरिएको जन गुनासो र हजयात्रुहरूको गुनासो प्रत्येक वर्ष आउने गरिएको छ। सार्वजनिक खरिद ऐन नियम अनुसार बोलपत्रको माध्यमबाट हवाइ टिकट खरिद गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। सो अनुसार हज समितिले सूचना पनि प्रकाशित गर्छ। काठमाडौँबाट साउदी अरबको जेद्दा वा मदिनासम्मको हवाइ टिकटको दर रेट विभिन्न एयरलाइन्स वा Travel Agency हरूले पेस गर्दछन् तर सम्पूर्ण हजयात्रुहरू र प्रतिनिधिहरूको हवाइ भाडाको निश्चित प्रतिशत धरौटी राख्नुपर्ने कानूनी प्रावधान पालन गर्दैनन्। ठूलो रकम केही समयका लागि धरौटी राख्न गाह्रो मान्छन्। यसबाट बोलपत्रको विधि प्रक्रिया पूरा हुँदैन। हवाइ उडानमा खाना, पानी राम्रोसँग उपलब्ध गराउने र हजयात्रुहरूलाई बढी लगेज सुविधा दिने र सकेसम्म सस्तो हवाइ भाडा लाग्ने एयरलाइन्स छनोट गर्नु पर्ने बाध्यता हज समिति समक्ष रहन्छ। राम्रो सेवा सुविधा दिने एयरलाइन्समा केही बढी भाडा लागे पनि हजयात्रामा लिनुपर्ने माग हजयात्रीहरूको हुन्छ तर सार्वजनिक खरिद ऐन नियम सँग मेल खाँदैन। हवाइ भाडामा लाग्ने रकम सरकारी बजेटको नभई हजयात्रुहरूले जम्मा गरिएको रकम खर्च हुने भएकोले बोलपत्रको नियमको बाध्यात्मक अवलम्बन जरुरी नभएको भन्ने कुराहरू पनि आइरहन्छ। सन् २०११ को हजमा बोलपत्र अनुसार एयर अरेबियाले कबोल गरिएको भाडा सबभन्दा कम भएपनि उक्त एयरलाइन्सको सुविधा सहुलियत मुनासिव नभएकोले बढी रकम कबोल गर्ने कतार एयरवेजलाई छनोट गर्दै हज समितिले कारण खुलाई विषेश निर्णय गरेर गृह मन्त्रालयलाई जानकारी गराएको थियो।

काठमाडौँबाट जेद्दा वा मदिनासम्म कुनै एयरलाइन्सको सिधा हवाइ उडान नभएकोले बिचमा ट्रान्जिट बस्नु पर्ने र ट्रान्जिट समय बढी भएमा हजयात्रुहरूलाई सकस हुने गुनासो पनि आइरहन्छ। नेपाल एयरलाइन्सले हाल काठमाडौँबाट साउदी अरबको राजधानी रियादसम्म सिधा उडान गरिरहेकोले विशेष अनुमति लिएर हजयात्रामा काठमाडौँबाट सिधा जेद्दा वा मदिनासम्म उडानको व्यवस्था गरेमा हजयात्रुहरूलाई सजिलो हुनुका साथै सरकारी एयरलाइन्सले सरकारको निर्देशनअनुसार हवाइ भाडामा पनि विशेष सहुलियत दिन सक्ने अवस्था रहेकोले त्यस तर्फ हज समिति र गृह मन्त्रालयको ध्यान जानु जरुरी देखिन्छ। सरकारी एयरलाइन्सले विशेष

सहुलियत भाडादरमा सिधा हवाइ उडान सुविधा दिएमा हजयात्रामा सहजताका साथै हावाइ भाडामा कमिसन् वा अनियमितता भइरहेको गुनासो पनि हट्ने देखिन्छ।

**२. आवास व्यवस्थापन सम्बन्धमा**

नेपाली हजयात्रुहरूलाई साउदी अरबको मक्का र मदिनमा आवासको व्यवस्था गर्नु हज समितिको महत्त्वपूर्ण र चुनौतीपूर्ण जिम्मेवारी हो। मक्कामा १ महिना र मदिनमा १० दिनसम्म हजयात्रुहरूले बस्नु पर्ने हुन्छ। यस बसाइमा भोजनको व्यवस्था, खानेपानीको सुविधा तथा बसेको होटेल वा भवनबाट मस्जिद अल हरम (Al-Haram Mosqu) र मस्जिदे नब्बी सम्म आउने जाने सहजता भएमा हजयात्रुहरूलाई धेरै सहज हुने हुन्छ।

सन् २००७ सम्म नेपाल हज समितिले आवास व्यवस्थापन गर्नु पर्दैन थियो। हजयात्रुहरू मक्का व मदिना पुगेपछि मस्जिद हरमको आसपासका क्षेत्रहरूमा आफै घर वा कोठा खोजी बस्थे। हज समितिका पदाधिकारीहरूले सामान्य सहजिकरण सम्म गर्नु पर्दथ्यो। विश्वका विभिन्न देशहरूबाट आउने हजयात्रुहरूको सङ्ख्या दिनानुदिन बढ्दै गएपछि सन् २००० पछिका वर्षहरूमा हजयात्रुहरूले बस्ने कोठा वा घरको व्यवस्थापन गर्न नसकेर कैयन दिनसम्म मस्जिद हरमको आसपासको खाली ठाउँ तथा सडकमा किनाराका खाली ठाउँमा बिचल्ली भएर खुला आकाशमुनि बस्ने अवस्था सृजना भयो। यसको निराकारणका लागि प्रत्येक देशको हज मिसन वा हज समितिले आफ्ना हजयात्रुहरूको आवासको लागि घर भाडामा लिएर घरधनीसँगको सम्झौतापत्र दाखिल नगरेसम्म हज भिसा जारी नगर्ने नीति साउदी सरकारले अपनाएपछि सन् २००८ को हज देखि नेपाल हज समितिले आवास व्यवस्थापन गर्न थालेको हो। मक्कामा सन् २०१० सम्म मस्जिद हरमको नजिक (१ कि.मि. भित्र) नेपाली हजयात्रुहरूको लागि आवास व्यवस्थापन गरिदिएकोले धेरै सहज हुन्थ्यो। पछिका दिनहरूमा हरमको १ कि.मि. भित्रका धेरै पूराना घरहरू भत्काई सुविधा सम्पन्न होटेलहरू र बजार क्षेत्र बनेपछि सो क्षेत्रमा नेपाली हजयात्रुहरूले महँगो घर भाडा तिरेर बस्न सक्ने अवस्था भएन। सस्तो घरको खोजीमा हरमबाट कम्तीमा २ कि.मि. देखि ५ कि.मि. क्षेत्रभित्र घर भाडामा लिनुपर्ने बाध्यता भयो। यसले गर्दा बसेको ठाउँबाट हरमसम्म आउन जानु निकै कठिनाइ भएको छ। टाढा आवास हुँदा कुनै कुनै साल हरमसम्म आवतजावत गर्न बसको व्यवस्था पनि गरियो, तर एक हजार भन्दा बढी यात्रुहरूलाई एकै पटक एकै समयमा ल्याउन लैजान पर्याप्त बसको व्यवस्था हुन सक्दैन। ४-५ ओटा बस व्यवस्था गरेपनि एक पटक २०० जति हजयात्रु मात्र आउन जानसक्ने हुन्छ। हजको भिडभाडले गर्दा मस्जिद हरम भन्दा १ कि.मी भित्र ट्याक्सी बाहेक सार्वजनिक बस र अन्य ठुला सवारी प्रवेश निषेध हुने भएकाले बस व्यवस्था हुँदा पनि पैदल हिंड्नै पर्ने र हरमबाट फर्कदा भिडभाडमा आफू चढ्ने बस चिनेर बस्न पनि सबै यात्रुहरूलाई समस्या हुने भएकोले बस व्यवस्था गरेपनि हजयात्रुहरूको समस्या समाधान हुने देखिएन। यस कारण जति सक्दो चाँडो हज समितिको प्रतिनिधि गएर केही महँगो परे पनि हरम भन्दा जति सक्दो नजिक आवासको व्यवस्था गर्नु नै उपयुक्त उपाय हुने देखिन्छ। मदिनामा भने एकै पटक सबै हजयात्रुहरू जम्मा हुनु नपर्ने भएकोले १०।१० दिनको सिफ्टमा हजयात्रुहरू आएर बस्ने हुँदा हरमबाट १ कि.मी भित्र सहजै आवास उपलब्ध हुने भएकोले मक्का जस्तो आवास व्यवस्थापनको समस्या हुँदैन।

### ३. खाना पानीको व्यवस्था

नेपाली हजयात्रुहरूमा केही बाहेक धेरै जसो मध्यम र निम्न मध्यम वर्गीय परिवारका व्यक्तिहरू हुने भएकाले खाना पानीमा धेरै रकम खर्च गर्न चाहँदैनन् । चिया नास्ता पनि समान्यतया होटल वा पसलमा नगर्ने, नेपालबाट नै सातु, चना, चिउरा भुजा आदि बोकेर जाने र त्यसैबाट गुजारा गर्ने गर्दछन् । विगत केही वर्ष देखि साउदी अरबको सरकारले हजयात्रुहरू बस्ने घर होटलमा खाना पकाएर खान रोक लगाएको छ । त्यस भन्दा पहिले सन् २०१० सम्मको हजमा हजयात्रुहरू बस्ने घर होटलको प्रत्येक फ्लोरमा भान्छा कोठाको व्यवस्था हुन्थ्यो जसमा ग्यास चुल्हो र सिलिन्डर घरधनीको तर्फबाट उपलब्ध गराइन्थ्यो । हजयात्रुहरू आलो पालो गरी खाना पकाएर खान्थे । धेरै जसो नेपाली हजयात्रुहरू चामल, दाल, मसला आदि घरबाट नै बोकेर जान्थे । खाने तेल, हरियो तरकारी, मासु, माछा आदि मात्र त्यहाँ किनेर प्रयोग गर्दथे । कतिपयले त खाने तेल, नुन, आलु प्याज समेत बोकेर घरबाट ल्याउँथे । खाना पकाउन प्रतिबन्ध भए पछि नेपाली हजयात्रुहरूलाई समस्या परेको छ । होटलमा किनेर सबै हजयात्रुहरू खान चाहँदैनन् । कतिपयले बिजुली हिटर किनेर आफू बस्ने सुत्ने कोठामा नै पकाएर लुकएर खाने गरेका छन । सन् २०१३ को हजमा म गएको समयमा मक्कामा नगरपालिका र मोअल्लिमका कर्मचारीहरूले छड्के जाँच गरेर कतिपय हजयात्रुहरूको हिटर र भाँडाकुँडा खोसेर पनि लगेका थिएँ । विगत २/३ वर्ष देखि हजयात्रुहरूको खाना पानी कुनै होटल वा क्याटरिङ सर्भिसबाट आपूर्ती गर्ने व्यवस्थाको सम्झौतापत्र नै पेस गरेपछि मात्र हज भिसा उपलब्ध गराउने नीति साउदी प्रशासन्ले लिएकोले बाध्य भएर पैसा खर्च गरी खाना आपूर्ती गर्नुपरेको छ । होटल वा क्याटरिङको खाना आफ्नो स्वादको नभएकोले नरुच्ने हुँदा पैसा तिरेर प्राप्त खानाबाट हजयात्रुहरू सन्तुष्ट हुँदैनन् । हजयात्रुहरू बस्ने होटल वा घरमा सप्लाई हुने पानी खान योग्य हुँदैन । नुहाउने धुने काममा मात्र प्रयोग हुन्छ । खानेपानी घरधनीको तर्फबाट साँझ बिहान ट्याङ्कर ल्याएर सिमित मात्रामा उपलब्ध गराउने गर्दछ । समयमा उपस्थित भएर थाप्न नसक्नेहरूले किनेर जर्किन वा बोतलको पानी खानुपर्छ वा मस्जिद हरमको परिसरमा जम जम पानी भरेर बोकेर ल्याउने र खाने गर्नुपर्दछ । जम जम पानी स्वच्छ र पवित्र पानी मानिन्छ ।

### ४. मोअल्लिम सम्बन्धी व्यवस्था

मोअल्लिम भनेको हजयात्रुहरूको एजेन्ट जस्तै हो । हजयात्रुहरू साउदी अरब पुगेपछि एयरपोर्टबाट मक्का सहरको आवास स्थलसम्म बसबाट पुऱ्याउने, मक्काबाट मदिना लैजाने, मदिनाबाट नेपाल फर्किने समयमा एयरपोर्टसम्म बसबाट पुऱ्याउने, हज प्रक्रिया पूरा गर्ने क्रममा मिना र अराफातसम्म बसबाट लाने ल्याउने र त्यहाँ बस्ने टेन्टको व्यवस्था गर्ने, हजयात्रुहरू मर्दा पर्दा अन्तिम संस्कारको व्यवस्था गर्ने, हजयात्रुहरूको समान्य रेखदेख गर्ने लगायतका काम मोअल्लिमले गर्दछ । सबै हजयात्रुहरूको मोअल्लिम हुन्छ, सबैले निश्चित रकम मोअल्लिम दस्तुरको रूपमा बुझाउनुपर्ने हुन्छ । यो एक किसिमको सेवा दस्तुर (service charge) हो । मोअल्लिमको नियुक्ति साउदी अरबको हज मन्त्रालयले गर्दछ । कुन देशका हजयात्रीहरूको मोअल्लिम को हुने भन्ने कुरा पनि उसैले तोकिदिन्छ । मोअल्लिमको आफ्नो छुट्टै कार्यालय र कर्मचारीहरूको समूह रहन्छ । एक मोअल्लिमको जिम्मामा निश्चित कोटाका हजयात्रुहरू हुन्छन् । भारत, इन्डोनेसिया, मलेसिया, पाकिस्तान, बङ्गलादेश जस्ता देशहरूबाट बढी संख्यामा हजयात्रुहरू जाने हुनाले एक देशको लागि एक भन्दा बढी मोअल्लिमहरू हुन्छन भने नेपाल जस्ता साना देशहरूको लागि विभिन्न देशका हजयात्रीहरू हेर्ने

एउटै मोअल्लिम हुन्छ । हजयात्रुहरूको राहदानी हजयात्रा अवधिभर मोअल्लिमको अफिसमा रहन्छ । सबै हजयात्रुहरूलाई मोअल्लिमले फोटो सहितको परिचयपत्र प्रदान गरिएको हुन्छ । सोही परिचयपत्रको आधारमा हजयात्रुहरू साउदी अरबभित्र तोकिएका ठाउँहरूमा आवतजावत गर्न सक्छन् । मोअल्लिमले प्रदान गर्ने सेवाहरू प्रायजसो राम्रो नै देखिएको छ । तर हज सम्पन्न हुने मिना र अराफातसम्म जाँदा र फर्कँदा धेरै भिडभाडले गर्दा पर्याप्त मात्रामा र समयमा बससेवा उपलब्ध गराउन नसक्ने हुनाले कतिपय हजयात्रुहरू आफै भाडा तिरेर सवारी व्यवस्था गरी जाने हुन्छन् भने कतिपय पैदल नै यत्रा गर्न बाध्य हुन्छन् । त्यस्तै भिडभाडमा हजयात्रुहरूले बाटो बिर्सी हराउँदा, बिरामी पर्दा मोअल्लिमले जिम्मेवारी अनुसार सेवा नदिँदा हजयात्रुहरूबाट असन्तुष्टि र गुनासो आइरहन्छ । त्यस्तै मोअल्लिमले मिनामा उपलब्ध गराउने टेन्ट (खेमा) जमरात (शैतानलाई ढुङ्गा हन्ने ठाउँ) भन्दा धेरै टाढा रहने गरिएकोले नेपाली हजयात्रुहरूलाई लामो हिँडाई हिँड्नुपर्दा समस्या पर्दछ । टाढाका टेन्टहरू सस्तो पर्ने भएकाले मोअल्लिमले आफ्नो फाइदाका लागि यस मामलामा वेवास्ता गरिएको देखिन्छ ।

**५.हजयात्रीहरूको औषधी उपचार सम्बन्धमा**

साउदी अरबको मक्का र मदिनामा त्यहाँको सरकारले हजयात्रा प्रयोजनको लागि अस्पतालहरू सञ्चालन गरिएको हुन्छ । त्यहाँका सरकारी अस्पतालहरूमा हजयात्रुहरूको औषधी उपचार निःशुल्क रूपमा गरिन्छ । यसका साथै प्रायः सबै देशका हज मिसन वा हज व्यवस्थापन टोलीले आफ्ना हज यात्रुहरूको सामान्य उपचारका लागि चिकित्सक र स्वास्थ्य कर्मीहरूको टिम नै लैजाने गर्दछन् । बढी हजयात्रुहरू भएका भारत, पाकिस्तान, इन्डोनेसिया, मलेसिया जस्ता देशहरूले हजयत्रा अवधिभर आफ्नो छुट्टै अस्पातल र डिस्पेन्सरी नै सञ्चालन गरेका हुन्छन् ।

नेपाली हजयात्रुहरूको समान्य स्वास्थ्य उपचारका लागि विगत केही वर्षहरू देखि (सन् २०१० पछि) केही औषधीहरू सहित चिकित्सक सहित स्वास्थ्यकर्मीहरूको सानो टिम हजयात्रुहरूका साथै जाने गरिएको छ । त्यसभन्दा पहिले समान्य बिरामी पर्ने हजयात्रुहरू भारतीय अस्पताल तथा उपचार केन्द्रहरूमा गएर चेक जाँच गराइ सामान्य औषधीहरू प्राप्त गर्ने र अरु औषधीहरू अफै किनेर प्रयोग गर्ने गर्दथे । विशेष उपचारका लागि त्यहाँको सरकारी अस्पातलहरूमा नै जाने गर्दथे । विगत केही वर्षहरूको अनुभव हेर्दा नेपाली हजयात्रुहरू स्वास्थ्य उपचार टिमको सेवाबाट सन्तुष्ट भएको देखिँदैनन् । पर्याप्त बजेटको व्यवस्था हुन नसकेर सिमित मात्रामा नेपालबाट औषधीहरू लिएर जाने, त्यहाँ मक्का मदिनामा केही औषधीहरू खरिद गरे पनि त्यहाँ औषधीको दाम महँगो पर्ने हुनाले आवश्यकता अनुसार औषधी किन्ने अवस्था हुँदैन । हजयात्रुहरू आफ्नो पैसाले औषधी खरिद गरी खानुपर्दा असन्तुष्टि जाहेर गर्दछन् । नेपालबाट गएको स्वास्थ्य टिममा ३/४ जना भन्दा बढी स्वास्थ्यकर्मी नभएकोले करिब १५०० जना हजयात्रुहरूलाई चांहिदो पर्याप्त सेवा दिन सकेका हुँदैनन । हावापानी र मौसम परिवर्तनले गर्दा नेपाली हजयात्रुहरू मक्का पुगेको १५ दिनसम्म रुघा खोकी ज्वरोबाट बढी प्रभावित हुने, ५० वर्ष नाघेका वृद्ध हजयात्रुहरूलाई बढी नै समस्या पर्ने हुँदा सिमित स्वास्थ्यकर्मीहरू मिहिनेत साथ काम गर्दा पनि पर्याप्त स्वास्थ्य सेवा पुऱ्याउन सकेका हुँदैनन् । गम्भीर बिरामी पर्दा त्यहाँका सरकारी अस्पातलहरूमा नै भर्ना भई उपचार गराउनु पर्दछ ।

### ६. हज प्रतिनिधिमण्डल सम्बन्धमा

हजयात्रा अवधिभरि हजयात्रुहरूको रेखदेख व्यवस्थापन र आवश्यक सहयोग गर्नका लागि हज समितिका अध्यक्षको नेतृत्वमा समितिका सदस्यहरू मध्येबाट एक हज प्रतिनिधिमण्डल हजयात्रुहरूको साथ जाने गर्दछ। यसमा हजयात्रुहरूको सङ्ख्याको आधारमा सदस्यहरू रहने व्यवस्था हज समिति कार्यविधिमा उल्लेख छ। हज प्रतिनिधिमण्डलका सदस्यहरूको हजयात्रामा लाग्ने खर्च नेपाल सरकारले हज समितिलाई उपलब्ध गराएको बजेटबाट व्यहोर्ने गरिन्छ। हज समितिका अध्यक्ष बाहेक प्रतिनिधिमण्डलका अन्य सदस्यहरूले आफूले गर्नुपर्ने कामहरू नगर्ने, हजयात्रुहरूलाई कुनै सहयोग नपुऱ्याउने, सरकारी खर्चमा अरू हजयात्रुहरू जस्तो हज गर्न आएको व्यापक गुनासाहरू हजयात्रुहरूबाट आउने गरेका छन्। भिडभाडमा हजयात्रुहरू बाटो बिराउँदा खोजेर ल्याउने, बिरामी पर्दा उपचार गराउने काममा मद्दत गर्ने तथा परिआउने काममा आवश्यक सहयोग गर्नुपर्ने मुख्य काममा प्रतिनिधिमण्डलका सदस्यहरूको उदासीनता देखिन्छ। अध्यक्षले सबै ठाउँमा एक्लै ध्यान पुऱ्याउन सम्भव हुँदैन। हुन त प्रतिनिधिमण्डलका सदस्यहरू पनि पहिलो पटक मक्का मदिना गएको हुनाले अरू हजयात्रु सरह त्यहाँका वस्तुस्तिथी र बाटोघाटो केही जानेका हुँदैनन्। त्यसैले चाहेर पनि सदस्यहरूले सबै काम गर्न सकेका हुँदैनन्। हज प्रतिनिधिमण्डललाई समितिबाट उपलब्ध हुने भैपरी खर्च १००० (एक हजार डलर) सबै अध्यक्षको जिम्मामा रहने भएकोले निजले एकलौटी खर्च गर्ने, अरू सदस्यहरूलाई प्राप्त नहुने भएकोले आफ्नो पाकेटको रकम खर्च गरी हजयात्रुहरूलाई सहयोग गर्ने काममा प्रतिनिधिमण्डलका सदस्यहरू उदासिन देखिन्छन्। मक्का मदिनामा आफ्नो सवारी साधन नभएको हुनाले पनि हज प्रतिनिधिमण्डललाई समुचित काम गर्न गाह्रो भएको हुन्छ।

## हजयात्रामा देखिएका मुख्य समस्या र समाधानका उपाय

### १. हज हाउस

काठमाडौँमा हजयात्रुहरूको प्रस्थान र आगमनको समयमा आश्रयस्थलको रूपमा हज हाउस हुनु एक अपरिहार्य आवश्यकता हो। काठमाडौँमा हज हाउस नभएकोले घण्टाघरका मस्जिदहरूमा रहेको मुसाफिरखाना (धर्मशाला) मा जेनतेन हजयात्रीहरूको प्रस्थान र आगमनको समयमा काम चलाइएको छ। सबै हजयात्रु र तिनका सहयोगी त्यहाँ नअटी विभिन्न होटलहरूमा बस्नु पर्ने बाध्यता छ। यसले गर्दा हजयात्रीहरूको अभिमुखीकरण तालिम, खानापानी, बसोबास, आवश्यक उपचार र खोप तथा मुद्रा सटही लगायतका आवश्यक कामहरू सहज हुन सकेको छैन। सरकारबाट उचित ठाउमा आवश्यक जग्गा उपलब्ध गराउन सकेमा विभिन्न स्वदेशी र विदेशी दाता तथा संघ संस्थाको आर्थिक सहयोगमा सहजै हज हाउस निर्माण हुन सक्नेछ, सरकारी बजेट खर्च गर्नुपर्ने छैन।

### २. मक्का मदिनामा सवारी साधनको व्यवस्था

नेपाली हज तिनिधिमण्डलसँग मक्का मदिनामा रहँदा सवारी साधन नहुनाले धेरै नै कठिनाइ बेहोर्नु परेको हुन्छ। त्यहाँका सरकारी निकायहरूमा तथा मोअल्लिमको कार्यालयमा पटक पटक आउने जाने गर्नुपर्ने, हजयात्रुहरूलाई उपचारका लागि अस्पताल लानु ल्याउनु पर्ने, हजयात्री हराउँदा वा बाटो बिराउँदा खोजेर ल्याउनुपर्ने लगायतका विभिन्न काम सवारी साधन नहुँदा ट्याक्सी प्रयोग गर्नुपर्ने हुन्छ जुन सहज हुँदैन।

यसकारण हजयात्रा अवधिभरको लागि चालक सहितको सवारी साधन भाडामा लिन आवश्यक बजेट व्यवस्था गर्नुपर्ने वा नेपाली राजदूतावास वा वाणिज्य दूतावासबाट एउटा सवारी साधन हजयात्रा अवधिभरको लागि उपलब्ध गराउनुपर्ने वा सरकारी खर्चमा हज समितिको एउटा सवारी साधन खरिद गरेर जेद्दा स्थित नेपाली वाणिज्य दूतावासमा राख्ने र हजयात्राको समयमा तथा हजसम्बन्धी अन्य कामहरूमा प्रयोग गर्ने व्यवस्था हुनु नितान्त आवश्यक छ।

### ३. काठमाडौँ – जेद्दा सिधा हवाइ उडानको आभाव

नेपालबाट खाडीका देशहरूमा उडान गर्ने एयरलाइन्सहरू काठमाडौँबाट आफ्नो देशसम्म र त्यहाँबाट जेद्दा वा मदिन सम्म सेवा दिने गरेका छन्। नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सले पनि काठमाडौँबाट रियाद र दमामसम्म मात्र सञ्चालित छन्। नेपाल एयरलाइन्सले पनि हालै साउदी अरबका विभिन्न सहरमा उडार गर्ने गरी समाचार प्रकाशन भएको छ। यद्यपि कुन कुन सहरमा उडान गर्ने निश्चित भने भएको छैन। हजयात्राको लागि गन्तव्य हवाइ अड्डा जेद्दा र मदिनासम्मको उडान कुनै एयरलाइन्सको नभएकाले ट्रान्जिटको झन्झट हुने र कहिले काहीँ १० घन्टा वा सो भन्दा बढी पनि ट्रान्जिट बस्नु पर्दा हजयात्रीहरूलाई निकै नै समस्या परिरहन्छ। हजयात्रुहरू मात्र बोकेको हज फ्लाइट काठमाडौँदेखि सिधा जेद्दा/मदिनासम्म उडानको व्यवस्था हुन सके हजयात्रीहरूलाई निकै सहज हुने देखिन्छ। नेपाल एयरलाइन्सले सरकारी स्तरमा साउदी अरब सरकारसँग स्वीकृति लिएर उक्त व्यवस्था गर्न सक्ने देखिएकाले त्यसतर्फ ध्यान दिनु जरूरी छ।

**सन्दर्भ सामग्री**

*राष्ट्रिय जनगणना, २०६८*

*नेपाल हज समिति कार्यविधि, २०७२*

# हजयात्रा व्यवस्थापनः अन्तर्राष्ट्रिय अभ्यास र नेपालको सन्दर्भ



**कृष्ण पौडेल**
*सदस्य सचिव, नेपाल हज समिति*

## क. पृष्ठभूमि

इस्लाम धर्मका पाँच आधारस्तम्भहरूमध्ये हज एक हो। हज शब्दको अर्थ 'धार्मिक यात्रा गर्ने सोच' भन्ने हुन्छ। हजयात्रालाई विश्वकै सबैभन्दा ठूलो धार्मिक भेलाको रूपमा लिइन्छ। इस्लाम धर्मावलम्बीहरूको छुट्टै पात्रो हिजरी संवत्को बाह्रौ महिना जिल्हिज्जाको ८ देखि १२ तारिख (June/July महिनामा पर्दछ) सम्म ५ दिन हज गरिन्छ तर नेपालबाट गरिने हजयात्राका क्रममा मदिना लगायतका धार्मिक स्थलहरूको समेत भ्रमण गरिने भएका कारण हजयात्राको अवधि करिब ४५ दिनसम्मको हुने गर्दछ।

हजयात्राका लागि हुने कोटा निर्धारण देशको इस्लाम धर्म मान्ने जनसङ्ख्याका आधारमा गर्ने गरिन्छ। साउदी अरब सरकारको नियम अनुसार सामान्यत कुनै पनि देशमा इस्लाम धर्म मान्ने जनसङ्ख्याको ०.१ प्रतिशत कोटा त्यस देशको लागि निर्धारण गर्ने गरिन्छ। त्यसका अतिरिक्त कूटनीतिक तथा आपसी सम्बन्धका आधारमा थप कोटाहरू समेत उपलब्ध गर्ने गरिएको पाइन्छ। हजलाई विश्वको सबैभन्दा ठूलो धार्मिक मेलाको रूपमा लिइन्छ। हजमा करिब ७० लाख यात्रुहरूको उपस्थिति हुने गर्दछ। हजयात्रालाई साउदी अरब सरकारको महत्त्वपूर्ण आर्थिक स्रोतको रूपमा समेत लिइन्छ। हजबाट साउदी अरब सरकारको कूल गार्हस्थ्य उत्पादनको अनुपातमा करिब ०.७ प्रतिशत योगदान रहेको छ।

हजयात्रा व्यवस्थापनका लागि साउदी अरब सरकार अन्तर्गत हज तथा उमरा मन्त्रालय र अन्तर्गत हज तथा उमरा विभागहरू रहेका छन्। साउदी अरब सरकारको हज तथा उमरा मन्त्रालय र हजयात्रुसँग सम्बन्धित देशका हजयात्रा व्यवस्थापन गर्ने मन्त्रालय बिच सम्झौता भई सोही अनुसार कोटा निर्धारण तथा समग्र हजयात्रा व्यवस्थापनका कार्यहरू हुने गर्दछन्।

तोकिएको कोटाअनुसार मात्र हजयात्रु छनोट, भिसा व्यवस्थापन एवम् समग्र यात्रा व्यवस्थापन गर्नुपर्ने भएका कारण सरकारले नै यसको व्यवस्थापन गर्ने अन्तर्राष्ट्रिय अभ्यास रहेको छ। कतिपय देशहरूमा सरकारले आफूलाई प्राप्त हज कोटा मध्ये केही प्रतिशत कोटामा हजयात्रा छनोट तथा यात्रा व्यवस्थापनको लागि निजी कम्पनीहरूलाई समेत जिम्मेवारी दिने गरिएको पाइन्छ। नेपालको सन्दर्भमा हजयात्रा सम्पूर्ण व्यवस्थापन नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत रहेको नेपाल हज समितले गर्ने गरिएको छ।

## ख. हजयात्रा व्यवस्थापनमा अन्तर्राष्ट्रिय अभ्यास

### १. भारत

भारतबाट औपचारिक रूपमा सन् १९२७ देखि हजयात्रा सुरु भएको पाइन्छ। सन् १९३२ मा पोर्ट हज समिति ऐन जारी गरी संस्थागत रूपमा हजयात्रा व्यवस्थापन सुरुवात भएको पाइन्छ। हाल केन्द्रीय हज समिति ऐन २००२ अनुसार केन्द्रीय हज समिति र विभिन्न राज्यहरूमा राज्य हज समितिहरू क्रियाशील रहेका छन्। केन्द्रीय हज समिति भारत सरकारको अल्पसङ्ख्यक मामिला मन्त्रालय अन्तर्गत गठन तथा सञ्चालन हुने व्यवस्था रहेको छ। साउदी अरब सरकारबाट प्राप्त हजकोटालाई मुस्लिम जनसङ्ख्याको आधारमा हजयात्रु छनोटका लागि केन्द्रीय हज समितिले राज्य समितिहरूलाई कोटा उपलब्ध गराउने गर्दछ।

केन्द्रीय हज समितिमा जम्मा २३ जना पदाधिकारीहरू हुने गर्दछन्। जसमा ९ जना निर्वाचित, १० जना मनोनित र ४ जना पदेन सदस्य हुने व्यवस्था छ। पदेन सदस्यहरूमा परराष्ट्र मन्त्रालय,अर्थ मन्त्रालय,गृह मन्त्रालय र नागरिक उड्डयन मन्त्रालयका सहसचिवस्तरका कर्मचारी रहने, केन्द्रीय हज समितिको पदावधि ३ वर्षको हुने र आवश्यकतानुसार १ वर्ष अवधि थप गर्न सकिने व्यवस्था समेत रहेको छ। सदस्यहरूमध्येबाटै १ जना अध्यक्ष र २ जना उपाध्यक्ष छनोट गरिन्छ र पदाधिकारीहरूको पदावधि समाप्त हुने कम्तीमा ४ महिना अगावै पदपूर्ति हुने व्यवस्था गरिएको छ। समितिको कार्यसञ्चालनका लागि भारत सरकारको उपसचिवस्तर कर्मचारीलाई ३ वर्षको लागि प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्ने र प्रमुख कार्यकारी अधिकृतले नै समितिको सचिवको रूपमा कार्य गर्ने व्यवस्था रहेको छ।

साउदी अरब सरकारबाट भारत सरकारलाई प्राप्त हज कोटामध्ये ७० प्रतिशत केन्द्रीय हज समिति र ३० प्रतिशत निजी ट्राभल्स कम्पनी हरूबाट केन्द्रीय हज समितिले तयार गरिएको निर्देशिका अनुसार हुने गरी हजयात्रु छनोट तथा व्यवस्थापन गर्दछन्। केन्द्रीय हज समिति मार्फत हुने छनोटका लागि आरक्षण कोटा र साधारण कोटा गरी विभाजन गरिन्छ। आरक्षण कोटामा ७० वर्ष भन्दा माथि उमेर समूहका र साधारण कोटामा अन्य व्यक्तिले आवेदन गर्न पाउनेछन्। एक पटक हजयात्रा गरिएको व्यक्तिले दोस्रो पटक पुनः हजयात्रा गर्न पाउने छैन। आरक्षण कोटामा तोकिएको सङ्ख्या भन्दा बढी आवेदन परेमा चिट्ठा मार्फत छनोट गरिन्छ भने साधारण कोटामा तोकिएको सङ्ख्या भन्दा बढी आवेदन परेमा प्रतिक्षा सूचीमा राखिन्छ। केन्द्रीय हज समिति मार्फत हुने कोटा अन्तर्गत ५०० कोटा सरकारको स्वःविकेकका आधारमा छनोट गर्ने गरिन्छ। जस अन्तर्गत २०० केन्द्रीय हज समितिबाट र ३०० कोटा भारत सरकारले छनोट गर्दछ। ३०० कोटा मध्ये राष्ट्रपतिले १००, प्रधानमन्त्रीले ७५, उपराष्ट्रपतिले ७५ र अल्पसंख्यक मामिला मन्त्रीले ५० कोटामा चिट्ठामा सहभागी भएका तर छनोट हुन नसकेका व्यक्तिहरूमध्येबाट हजयात्राका लागि छनोट गर्ने व्यवस्था रहेको छ।

हजयात्रुहरूको मक्का मदिनाको बसाइ अवधि ३० देखि ४० दिनको हुने गरिएको छ। मक्का मदिनामा हजयात्रुहरूको आवास, खाना, परिवहन लगायतको व्यवस्थापन साउदी अरबको जेद्दास्थित महावाणिज्य दूतावास भारतले गर्ने व्यवस्था रहेको छ।हजयात्राका लागि सन् २०१९ मा प्रति हजयात्रु भारतीय रुपैया रु.३२२०००/-(ने.रु. ५,१५,२००/) सम्म खर्च भएको र उक्त सम्पूर्ण रकम हजयात्रु स्वयंले बेहोर्नुपर्ने व्यवस्था रहेको छ।

## २. पाकिस्तान

पाकिस्तानबाट हुने हजयात्रा व्यवस्थापन कार्य Ministry of Religious Affairs and Interfaith Harmony Manages Hajj functions / अन्तर्गतका कार्यालय Offices of Pilgrims Affairs of Pakistan बाट हुने गर्दछ। देशका लागि प्राप्त कोटामध्ये ६० प्रतिशत सरकारले र ४० प्रतिशत निजी कम्पनीले व्यवस्थापन गर्ने व्यवस्था रहेको छ। हजयात्राका लागि आवश्यक सम्पूर्ण रकम हजयात्रुले नै बेहोर्नुपर्दछ। सरकारी कोटा मध्येबाट १.५ प्रतिशत कोटा विशेष आरक्षणका लागि छुट्याउने गरिन्छ। ७० वर्ष माथिका हजयात्रुहरूलाई समेत आरक्षण दिने प्रावधान रहेको छ। त्यस्तै गरी पछिल्लो ३ वर्षसम्म पनि छनोट हुन नसकेकाहरूका लागि समेत प्राथमिकता दिई छनोट गरिने व्यवस्था छ। मक्का मदिनामा आवास, खाना आदि व्यवस्थापनका लागि मन्त्रालयले व्यवस्थापन समिति गठन गर्ने गर्दछ। उक्त समितिले सम्पूर्ण व्यवस्थापकीय कार्य गर्दछ।

निजी कम्पनीलाई दिने कोटामध्ये प्रत्येक वर्ष २ प्रतिशत कोटा नयाँ कम्पनीहरूलाई प्राथमिकता दिई कोटा बाँडफाँड गर्नुपर्दछ। निजी कम्पनीहरूको नियमन मन्त्रालयले गर्ने गर्दछ। हजयात्रा व्यवस्थापनको सम्पूर्ण कार्यहरूको अनुगमन गर्न पाकिस्थान र साउदी अरबको मक्कामा Complaint Disposal Committee गठन तथा परिचालन हुने गर्दछ। हजयात्रुहरूको नियमित स्वास्थ्य चेक जाँचका लागि चिकित्सक टोली समेत पठाउने गरिन्छ। हजयात्राका लागि सन् २०१९ को अभिलेख अनुसार पाकिस्तानी रुपैयाँ ४,५६,४२६/- (ने.रू. ३,१४,९३५/-) सम्म खर्च लाग्ने गरिएको छ। हजयात्रुहरूको मृत्यु भएमा वा कुनै समस्या भएमा क्षतिपूर्ति दिन तथा आश्रित परिवारको सामाजिक सुरक्षाको लागि सन् २०१० देखि Hajj Compensation Funds व्यवस्थापन गर्न थालिएको छ।

## ३. माल्दिभ्स

हज व्यवस्थापनका लागि सरकारको स्वामित्वमा रहने गरी सन २०१३ देखि Maldives Hajj Corporation Ltd स्थापना गरिएको छ। सो भन्दा अगाडि हजलाई औपचारिक रूपमा व्यवस्थापन गर्ने गरिएको पाइँदैन। देशका लागि प्राप्त कोटालाई सरकारी तथा निजी क्षेत्रबाट व्यवस्थापन गरिन्छ। सरकारी कोटा ५० प्रतिशत र निजी क्षेत्रबाट व्यवस्थापन हुने कोटा ५० प्रतिशत रहने गरिएको छ।

Maldives Hajj Corporation Ltd. ले मूलत हज गर्न जान चाहनेहरूको लागि आवश्यक पर्ने रकम व्यवस्थापन गर्न Financing गर्ने र हजयात्रालाई व्यवस्थित गर्ने गर्दछ। हजयात्राका लागि करिब माल्दिभियन रूफिया ४१,९६५/ (ने.रु. ३, २८,८००/-) खर्च लाग्ने गर्दछ।

हजयात्राका लागि Lump Sum Package / Saving Package गरी दुई प्रकारका प्याकेजहरू रहेका छन्। Lump sum Package अन्तर्गत हजयात्राका लागि तोकिएको रकमको कम्तीमा ७५ प्रतिशत रकम जम्मा गर्नुपर्दछ। उक्त रकम जम्मा गरिसकेपछि आफूलाई अनुकूल हुने हजवर्षमा हज गर्न आवेदन गर्न सकिनेछ। त्यस्तै गरी Saving package अन्तर्गत कम्तीमा माल्दिभियन रूफिया ५०० जम्मा गरिसकेपछि हजयात्राका लागि रजिष्ट्रेशन हुनेछ र मासिक वा वार्षिक वा आवधिक रूपमा हजयात्राका लागि तोकिएको जम्मा रकमको ७५ प्रतिशत जम्मा नहुन्जेलसम्म किस्ताबन्दीमा बाँकी रकम जम्मा गर्नुपर्दछ। यसरी आवधिक रूपमा जम्मा

गरिएको रकमलाई Maldives Hajj Corporation Ltd. ले उत्पादनमूलक क्षेत्रमा लगानी गर्नेछ र प्राप्त प्रतिफललाई बचतकर्ताको बचत रकममा जम्मा गर्ने व्यवस्था रहेकोले कमजोर आर्थिक अवस्था भएका व्यक्तिहरू प्रति यो सुविधा लक्षित गरिएको देखिन्छ। साथै कर्मचारीहरूलाई मासिक तलव भत्ताबाट निश्चित रकम कट्टा हुने गरी Saving Package मा रकम जम्मा गर्ने र ७५ प्रतिशत रकम जम्मा भएपश्चात् हजयात्रा गर्न सकिने व्यवस्था समेत रहेको छ।

## ४. मलेसिया

मलेसियाबाट हुने हजयात्राको व्यवस्थापन कार्य मलेसियन सरकार अन्तर्गत Lembaga Tabung Haji Fund Board (यसलाई Tabung Haji भन्ने गरिन्छ) ले गर्ने गर्दछ। हज व्यवस्थापनका लागि Tabung Haji Act 1995 जारी गरी कार्यान्वयनमा रहेको छ। हजयात्रा व्यवस्थापन कार्यका लागि मलेसियन सरकारले कुनै मन्त्रालयको मन्त्रीलाई जिम्मेवारी तोक्न सक्ने र सम्बन्धित मन्त्रीले हज व्यवस्थापन कार्यका लागि Tabung Haji लाई परिचालन गर्ने व्यवस्था रहेको छ।

Tabung Haji Board मा मन्त्रीले मलेसियन मुस्लिम नागरिकहरूमध्येबाट अध्यक्ष नियुक्त गर्नेछन। उक्त बोर्डमा प्रधानमन्त्री कार्यालय तथा अर्थ मन्त्रालयको प्रतिनिधि सहित बढीमा ७ जना सदस्यसम्म मन्त्रीले नियुक्त गर्ने व्यवस्था रहेको छ। बोर्ड सदस्यहरूको पदावधि सामान्यतः ३ वर्षको हुन्छ र पुनः नियुक्ति समेत हुनसक्दछ। बोर्ड सदस्यहरूलाई मन्त्रीले जुनसुकै समयमा हटाउन समेत सक्ने व्यवस्था रहेको छ। बोर्ड सदस्यहरूले सामान्यत बैठक भत्ता, भ्रमण खर्च बाहेक अन्य कुनै पनि पारिश्रमिक सुविधा पाउँदैनन्।

Tabung Haji ले मुख्यतः हज व्यवस्थापनका साथै हजयात्रुहरूको आर्थिक सक्षमताका लागि निक्षेप सेवा र लगानी समेत गर्ने गर्दछ। यसमा करिब ९० लाख निक्षेपकर्ता र १२३ शाखा कार्यालयहरू रहेका छन्। यसको साउदी अरबको जेद्दामा समेत कार्यालय रहेको छ। हजयात्राको लागि Tabung Hajj Fund मा भएको आम्दानीबाट अनुदान समेत दिने गरिन्छ। २०१० को अभिलेख अनुसार हजयात्राका लागि मलेसियन रिङ्गेट रु ९९८०/- लागत यकिन भएकोमा मलेसियन रिङ्गेट रु ४१५०/- अनुदान दिएको देखिन्छ जुन कूल लागतको करिब ४० प्रतिशत हुनआउँछ तर पछिल्ला वर्षहरूमा Tabung Haji Fund मा निक्षेपकर्ता तथा हजयात्रु बढ्दै गएका कारण मुनाफा समेत वढ्दै गएकोले सन् २०१९ मा कूल लागत मलेसियन रिङ्गेट रु २२९००/- (ने.रु.६,५८,६०४/-) यकिन भएकोमा मलेसियन रिङ्गेट रु १२९२०/-(ने.रु.३,७१,५८०/-) अनुदान दिएको देखिन्छ जुन कूल लागतको ५६ प्रतिशत हुनआउँछ।

## ५. साउदी अरब

हज व्यवस्थापन साउदी अरब सरकारको एक महत्त्वपूर्ण कार्य हो। प्रत्येक वर्ष हजका समयमा विभिन्न देशहरूबाट करिब ७० लाख यात्रुहरू हज मेलामा सहभागी हुने गर्दछन्। हज साउदी अरब सरकारको आर्थिक स्रोत व्यवस्थापनको एक महत्त्वपूर्ण क्षेत्र हो। साउदी अरब सरकारको कूल गार्हस्थ्य उत्पादनको अनुपातमा करिब ७ प्रतिशत योगदान हजबाट प्राप्त हुने तथ्य रहेको छ। हजयात्रा व्यवस्थापनका लागि हज तथा उमरा मन्त्रालय र अन्तर्गत हज तथा उमरा विभाग तथा कार्यालयहरू रहेका छन्। हज तथा उमरा विभाग अन्तर्गत

The Union Agent Office रहेको छ जसले हजयात्रुहरूको लागि आवश्यक सेवा प्रदान गर्ने कम्पनीहरूको सूचीकृत गर्ने गर्दछ। त्यस्तो सूचीकृत कम्पनीहरूसँग विभिन्न देशले आफ्ना हजयात्रुहरूका लागि आवश्यक पर्ने सेवा प्राप्त गर्न सम्झौता गर्दछन् र सरकारी तवरबाट हुने हजयात्राको सन्दर्भमा जेद्दा स्थित आफ्नो महावाणिज्य दूतावास कार्यालय मार्फत् सम्झौता अनुसारको रकम The Union Agent Office लाई उपलब्ध गराईन्छ। उक्त कार्यालयले सेवाप्रदायकलाई सम्झौता अनुसारको रकम भुक्तानी गर्ने गर्दछ। साउदी अरब सरकारले हजयात्रुहरूलाई सरल र सहज तवरबाट धार्मिक कार्य गर्ने कार्यका लागि मौअल्लिम सेवा प्रदान गर्ने गर्दछ। साथै स्वास्थ्य उपचारका लागि अस्पताल सुविधा समेत निशुल्क गर्ने गरिएको छ।

**ग. नेपालको सन्दर्भ**

नेपालमा वि.स. २०२१ बाट आधिकारिक रूपमा हज समिति गठन गरी समितिका पदाधिकारीहरूको नेतृत्वमा भारतको बम्बईबाट पानी जहाज मार्फत हजयात्रा गर्ने गरिएको अभिलेखमा भेटिएको छ। वि.स.२०६६ मा केन्द्रीय हज समिति गठन गरी हजयात्रालाई व्यवस्थित र मर्यादित बनाउने कार्य सुरु भएको हो। त्यस भन्दा अगाडि हज समिति गठन तथा सञ्चालनका लागि छुट्टै कार्यविधि नभई केवल हजका समयमा मात्र पदाधिकारीहरू नियुक्ति गरी जिम्मेवारी दिइने गरिएको पाइन्छ। हाल नेपाल हज समितिको सञ्चालन तथा व्यवस्थापन नेपाल हज समिति बाट हुने गरिएको छ। नेपाल हज समितिको कार्यसञ्चालन तथा व्यवस्थापनका लागि छुट्टै ऐन छैन केवल नेपाल हज समिति कार्यविधि २०७२ अनुसार हुने गरिएको छ।

नेपाललाई प्राप्त हुने सबै हज कोटा सरकारीस्तरबाटै व्यवस्थापन गर्ने गरिन्छ। प्राप्त हज कोटा अनुसार हजयात्रुको आवेदन सङ्कलन,छनोट, यात्रा व्यवस्थापन लगायत सम्पूर्ण कार्यहरू नेपाल हज समितिबाट हुने गर्दछ। नेपालबाट वार्षिक १२०० देखि १५०० सम्म हजयात्रुहरूले हज गर्ने अवसर प्राप्त गर्ने गरेका छन्।

नेपाल हज समिति, नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गत रहेको छ। नेपाल हज समिति ३१ जनाको हुने व्यवस्था छ। समितिमा इस्लाम धर्म तथा हजयात्राका बारेमा विज्ञ व्यक्तिहरू एवम् मस्जिद तथा इस्लाम धर्म सम्बन्धी संघ सङ्गठनको प्रतिनिधिहरूमध्येबाट अध्यक्ष सहित २६ जना सदस्यहरू नियुक्त हुने व्यवस्था छ। समितिमा नेपाल सरकार परराष्ट्र मन्त्रालय,अर्थ मन्त्रालय,कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय बाट १/१ जना उपसचिवस्तर सदस्य र गृह मन्त्रालयको उपसचिव सदस्य सचिव रहने र समितिको पदावधि २ वर्षको हुने व्यवस्था रहेको छ। नेपाल हज समितिलाई सहजीकरण गर्नका लागि अध्यक्षको संयोजकत्वमा सदस्यहरूमध्येबाट ७ सदस्यीय नेपाल हज उपसमिति रहने व्यवस्था छ।त्यस्तै गरी नेपाल हज समितिलाई हज व्यवस्थापन सम्बन्धमा सल्लाह सुझाव दिन ११ सदस्यीय सल्लाहकार समिति रहने व्यवस्था समेत रहेको छ। नेपाल हज समितिको कार्यविधि २०७२ लाई समसामयिक तथा कार्यमूलक बनाउन यसको संशोधन गर्ने कार्य समेत भईरहेको छ।

नेपाल हज समितिले गरिएको निर्णय कार्यान्वयन गर्ने र नेपाल हज समितिको कोष परिचालन गर्ने मुख्य जिम्मेवारी सम्पादनका लागि नेपाल हज समितिको सचिवालय रहने व्यवस्था छ। सचिवालयको प्रशासनिक नेतृत्व नेपाल सरकार गृह मन्त्रालयको उपसचिवस्तर (रा.प.द्वि श्रेणी, नेपाल प्रशासन सेवा,सामान्य प्रशासन) ले

गर्ने व्यवस्था रहेको छ। सचिवालयमा शाखा अधिकृत-१, लेखापाल-१, नायब सुब्बा- १, कम्प्युटर अपरेटर-१, ह.स.चा-२ र कार्यालय सहयोगी-२ जना रहने व्यवस्था छ। हज व्यवस्थापन कार्यमा थप जनशक्ति आवश्यक परेमा गृह मन्त्रालयबाट उपलब्ध हुने गरिएको छ।

हजयात्राका लागि आवेदन सङ्कलन, विश्लेषण, छनोट सम्बन्धी सम्पूर्ण कार्यहरू पूर्णत विद्युतीय प्रणालीमा आबद्ध हुने एवम् इलष्लिभ माध्यमबाट आवेदन गर्न सकिने सुविधा सहित हज व्यवस्थापन सूचना प्रणाली (Hajj Management Information System-HMIS) विकास गरिएको छ । उक्त प्रणाली मार्फत हजयात्राको आवेदन दिएका तथा छनोट भएका व्यक्तिहरूलाई प्रवाह गर्नुपर्ने आवश्यक सूचनाहरू समेत मोबाइल SMS मार्फत प्रवाह हुने व्यवस्था मिलाइएको छ । जसबाट सम्बन्धित नागरिकहरूलाई हजयात्रा व्यवस्थापन प्रक्रियाको सूचना समयमै हुने अवस्था सिर्जना हुनेछ।

हजयात्रा व्यवस्थापन कार्यमा मूलतः नेपाल सरकार गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यलयहरू क्रियाशील रहन्छन्। परराष्ट्र मन्त्रालय अन्तर्गत साउदी अरबस्थित नेपाली दूतावासले साउदी अरबमा हुने हजयात्रा सम्बन्धि कार्यको अनुगमन गर्ने तथा जेद्दास्थित महावाणिज्य दूतावासले मक्का मदिनामा हुने हजयात्रा सम्बन्धी सम्पूर्ण व्यवस्थापकीय कार्यहरू गर्ने गर्दछ।

हजयात्रुहरूको सहजताका लागि ७५ हजयात्रु बराबर १ जना रहने गरी हज प्रतिनिधिमण्डल तथा ५ जना चिकित्सक टोली पठाउने गरिएको छ । साथै हजयात्रुहरूको लागि मक्का मदिनामा बाटोघाटो र स्थानीय वस्तुस्थिति, परिवेशका बारेमा जानकारी गराउने, हजत्राया सम्बन्धी इतिहास तथा धार्मिक कुराहरू जानकारी गराउने कार्यका लागि साथै नेपालको हकमा साउदी अरब उडान समय तालिका अनुसार अन्तर्राष्ट्रिय विमानस्थलसम्म पुऱ्याउने, यात्रा अवधिमा आवश्यक पर्ने सामग्रीहरू खरिद गर्न सहयोग गर्ने तथा विदेशी मुद्रा सटहीमा सहजीकरण लगायत हजयात्रुहरूको आवश्यकतानुसार सहजीकरण गर्ने कार्यका लागि स्वयंसेवकहरू समेत परिचालन गर्ने गरिएको छ।

७० वर्ष माथिका व्यक्तिहरूलाई प्राथमिकता दिई हजयात्राका लागि छनोट गर्ने गरिन्छ। सामान्यत एकपटक हजयात्रा गरिएको व्यक्ति पुनः दोस्रो पटक छनोट गर्ने व्यवस्था छैन।

हजयात्राका लागि आवश्यक शुल्क हजयात्रुहरू स्वयंले नै बेहोर्नुपर्दछ। हजयात्रुहरूले बेहोर्नुपर्ने शुल्क रकम नेपाल हज समितिको बैंक खातामा जम्मा गर्नुपर्दछ। उक्त कार्यका लागि सरकारबाट कुनै पनि सहायता उपलब्ध हुँदैन। केबल व्यवस्थापकीय कार्यका लागि मात्र सरकारले आवश्यक कार्यहरू गर्ने गर्दछ।

हजयात्रुहरूका लागि लाग्ने खर्च रकम यकिन गरिसकेपछि नेपाल हज समितिले आवश्यक शुल्क रकम हजयात्रुहरूबाट सङ्कलन गर्दछ। सन २०१९ को हजयात्राका लागि प्रति हजयात्रु रु. २,३०,०००। (दुई लाख तीस हजार मात्र) खर्च भएको थियो। यो रकम प्रचलित बजार मूल्य अनुसार यकिन गरिने भएकोले प्रत्येक वर्षका लागि फरक फरक हुनसक्दछ।

समितिका अध्यक्षको लागि घरभाडा र विविध खर्च र निश्चित सुविधा गृह मन्त्रालयबाट तोकेअनुसार मासिक रूपमा उपलब्ध गराइन्छ। साथै अन्य सदस्यहरूको लागि मासिक सुविधा हुने छैन। केवल बैठक सञ्चालनको समयमा नियमानुसार भत्ता तथा दैनिक भ्रमण भत्ता मात्र उपलब्ध गराइन्छ।

हजयात्रुहरूले आफ्नो लागि आवश्यक पर्ने मक्का मदिनासम्म जान आउन हवाइ टिकट, मक्का मदिनामा रहँदाको खाना, आवास तथा परिवहन लगायतका खर्चहरू स्वयंले बेहोर्नु पर्दछ। हजयात्राको लागि प्रशासकीय तथा अन्य व्यवस्थापकीय खर्चहरू नेपाल हज समितिको सचिवालयबाट बेहोर्ने गरिएको छ। हजयात्रा व्यवस्थापनका लागि दुई ओटा बैंक खाता रहेका छन्। नेपाल हज समितिको नाममा रहेको बैक खातामा हजयात्रुहरूबाट सङ्कलन हुने रकम जम्मा गरिन्छ। त्यस्तैगरी हजयात्राको व्यवस्थापकीय कार्यहरूको लागि आवश्यक रकम नेपाल हज समितिको सचिवालयको नाममा रहेको बैंक खातामा नेपाल सरकार गृह मन्त्रालयबाट प्राप्त हुने गर्दछ। प्रत्येक आर्थिक वर्षका लागि तोकिएको बजेट सीमाभित्र रही नेपाल सरकार गृह मन्त्रालयबाट वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत भए अनुसार नेपाल हज समितिको सचिवालयले हज व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यहरू सम्पादन गर्दछ। हजयात्रुहरूको हवाइ टिकट खरिद बाहेक हजयात्रुको लागि मक्का मदिनामा हुने खाना, आवास लगायत अन्य शीर्षकका रकमहरू साउदी अरबस्थित नेपाली महावाणिज्य दूतावास जेद्दाबाट नियमअनुसार खर्च गरिनेछ। हजयात्रुहरूबाट सङ्कलन भएको रकम कुनै कारणवस खर्च हुन बाँकी भएमा दामासाहीले हजयात्रुहरूलाई फिर्ता गरिनेछ।

**घ. तुलनात्मक अवस्था**

हज व्यवस्थापन सम्बन्धमा माथि उल्लिखित देशहरूबाट भएका अभ्यासलाई निम्नानुसार तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ।

| सि. नं. | देश | लागत (नेपाली रुपैया) सन २०१९ मा भएको हजयात्राको खर्चका आधारमा तयार गरिएको। | व्यवस्थापन गर्ने मन्त्रालय | जिम्मेवार निकाय/ संयन्त्र | खर्च लागत साझेदारी अवस्था | हजकोटा व्यवस्थापन | अन्य मुख्य विशेषता |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल | २,३०,०००/ | गृह मन्त्रालय (Ministry of Home Affairs) | नेपाल हज समिति | हजयात्रु स्वयं | १०० % सरकारबाट | हजयात्रा व्यवस्थापनका लागि हज सूचना व्यवस्थापन प्रणाली (Hajj Management Information System-HMIS) विकास गरिएको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | भारत | ५,१५,२००/ | अल्पसङ्ख्यक मामिलामन्त्रालय (Ministry of Minority Affairs) | केन्द्रीय हज समिति तथा राज्य समितिहरू | हजयात्रु स्वयले | सरकारी ७० र निजी ३० % | राष्ट्रपति, प्रधानमन्त्री, उपराष्ट्रपति तथा अल्पसङ्ख्यक मामिला मन्त्रीले स्वविवेक प्रयोग गरी निश्चित सङ्ख्यामा हजयात्रु छनोट गर्न पाउने । |
| ३ | माल्दिभ्स | ३,२८,८००/- | - | Maldives Hajj Corporation Ltd. | हजयात्रु स्वयंले | सरकारी ५० र निजी ५० % | Lump Sum Package र Saving package गरी २ तरिकाले हज शुल्क व्यवस्थापन गरिने । |
| ४ | पाकिस्तान | ३,१४,९३५ | धार्मिक मामिला तथा अन्तर धर्म सद्भाव मन्त्रालय (Ministry of Religious Affairs and Interfaith Harmony) | मन्त्रालय आफैले हज व्यवस्थापन कार्य गर्दछ । | हजयात्रु स्वयले | सरकारी ६० र निजी ४० % | पाकिस्तान र साउदी अरबको मक्कामा Complaint Disposal Committee गठन तथा परिचालन गरिने साथै Hajj Compensation Fund को समेत सञ्चालन |
| ५ | मलेसिया | ६,५८,६०४/ | मलेसिया सरकारले आफ्नो कुनै मन्त्रीलाई हज व्यवस्थापन सम्बन्धी कार्य जिम्मेवारी दिन सक्ने । | Tabung Haji Fund Board | अनुदान ६०% सम्म | Tabung haji Fund Board र अन्तर्गत १२३ शाखा कार्यालय हरूबाटै पूर्ण व्यवस्थापन हुने | हजयात्रुहरूको आर्थिक अवस्था सबलीकरणका लागि वित्त व्यवस्थापन समेत Tabung haji को कार्यक्षेत्र रहेको । |

माथि उल्लिखित देशहरूको हजयात्रा व्यवस्थापन पक्ष अन्तर्गत खर्चको सन्दर्भमा विश्लेषण गर्दा हजयात्रुहरूले प्रयोग गर्ने सुविधासँग आबद्ध हुने र यसका आधारमा लागत निर्धारण हुने भएता पनि आधारभूत सेवा सुविधा प्राप्तिका दृष्टिले अन्य देशहरूको भन्दा नेपालबाट हुने हजयात्राको लागत कम रहेको देखिन्छ ।

मलेसिया र माल्दिभ्समा सरकार अन्तर्गत स्वायत्त निकायको रूपमा विशिष्टीकृत संस्थाले हजयात्रा व्यवस्थापन गर्ने गरिएको साथै हज गर्न चाहनेहरूको आर्थिक अवस्था सुदृढीकरणका लागि निक्षेप, कर्जा तथा लगानी समेत गर्ने गरिएको देखिन्छ। मलेसियाको हकमा हजयात्रुहरूलाई हजयात्राका लागि कूल लागतको ५६ प्रतिशतसम्म अनुदान दिने गरिएको देखिन्छ भने अन्य मुलुकको हकमा संपूर्ण लागत व्यक्ति स्वयंले नै बेहोर्नुपर्ने अवस्था रहेको देखिन्छ । मलेसिया र माल्दिभ्स बाहेक अन्य मुलुकमा हज समिति मार्फत व्यवस्थापन भएको साथै पाकिस्तानको हकमा स्थायी समिति नभई मन्त्रालयले नै कार्यसम्पादन गर्ने गरिएको देखिन्छ। अन्य देशहरूले आफूलाई प्राप्त कोटामध्ये निश्चित प्रतिशत कोटाको व्यवस्थापन गर्न निजी कम्पनीहरूलाई जिम्मेवारी दिएको देखिन्छ भने नेपालको हकमा पूर्ण रूपमा सरकारी संयन्त्रबाटै हजयात्रा व्यवस्थापन हुने गरिएको देखिन्छ। हज समितिको संस्थागत सबलीकरणको दृष्टिले भारतको संयन्त्र सुदृढ रहेको देखिन्छ किनकी भारतको केन्द्रीय हज समितिमा संसद सदस्यहरू समेत पदाधिकारीमा रहने साथै विभिन्न ६ क्षेत्रबाट निर्वाचनको माध्यमबाट समेत हज समितिको पदाधिकारी चयन हुने व्यवस्था रहेको देखिन्छ। सबै देशहरूले हज व्यवस्थापनका लागि विशिष्टिकृत ऐन नै जारी गरी कार्यान्वयन गर्ने गरिएको भएता पनि नेपालको हकमा कार्यविधि मार्फत हज समितिको व्यवस्थापन तथा कार्यसञ्चालन हुने गरिएको देखिन्छ । हजयात्रा व्यवस्थापनका लागि विभिन्न देशहरूले मोबाइल एपहरू सञ्चालनमा ल्याएको भएता पनि समग्र यात्रा व्यवस्थापनको लागि प्रणाली विकास गरिएको देखिदैन तसर्थ नेपालमा कार्यान्वयन गर्न खोजिएको Hajj Management Information System-HMIS अन्य देशका लागि समेत उदाहरणीय बन्न सक्ने देखिन्छ।

### ङ. निष्कर्ष

हज इस्लाम धर्मावलम्बीहरूको लागि अनिवार्य विषय हो। इस्लाम धर्मअनुसार आर्थिक हिसाबले सक्षम व्यक्तिले जीवनमा एक पटक अनिवार्य हज गर्नु पर्ने हुन्छ यसै गरी इस्लाम धर्ममा हज सहित पाँच आधारहरू निर्दिष्ट गरिएको छ । यसर्थ प्रत्येक इस्लाम धर्मावलम्बीहरूको लागि हज महत्त्वपूर्ण धार्मिक यात्रा हो । यसै सन्दर्भमा हजयात्रालाई व्यवस्थित बनाउन तथा हज गर्न सक्ने गरी इस्लाम धर्मावलम्बीहरूको आर्थिक अवस्थालाई सुधार्न विभिन्न देशहरूले विभिन्न अभ्यास तथा प्रयासहरू गर्दै आएका छन्। धार्मिक मान्यताअनुसार आफ्नो कमाइबाटै हजयात्राको शुल्क व्यवस्थापन गर्नुपर्ने मान्यता भएकाले हजयात्रुहरूले नै खर्च व्यवस्थापन गर्ने गर्दछन्। मलेसिया लगायत कतिपय देशहरूले केही प्रतिशत रकम अनुदानका रूपमा समेत सहयोग गर्ने गरेका छन् भने माल्दिभ्स लगायतका देशहरूले हज गर्न चाहने व्यक्तिहरूबाट किस्ताबन्दीमा जम्मा भएको रकमलाई उत्पादनमूलक क्षेत्रमा लगानी गरी मुनाफा आर्जन गरी पुँजीवृद्धि गर्ने समेत गरेका छन् । विभिन्न देशहरूको अभ्यासलाई समेत दृष्टिगत गर्दा नेपाल हज समितिले समेत हजयात्रुहरूको कल्याणका लागि विभिन्न योजनाहरू तर्जुमा र कार्यान्वयन गर्नुपर्ने देखिन्छ। यस अन्तर्गत न्यून आर्थिक अवस्था भएका व्यक्तिहरूको हजयात्राका क्रममा मृत्यु भएमा वा अङ्गभङ्ग भएमा वा कुनै गम्भीर समस्या भएमा आर्थिक सहायता उपलब्ध गराउने, आश्रित परिवारको पालनपोषण तथा शिक्षादीक्षामा सहयोग गर्ने गरी हजयात्रु क्षतिपूर्ति कोष सञ्चालन गर्ने, न्यून आर्थिक अवस्था

भएका इस्लाम धर्मावलम्बीहरूको आर्थिक सबलीकरणका लागि सीपमूलक/जीविकोपार्जनका कार्यक्रमहरू सञ्चालन गर्ने लगायत कार्यहरू हुन सक्दछन् । हजयात्रा व्यवस्थापनका सबै प्रक्रियाहरूमा पारदर्शिता कायम गरी समिति उपर विश्वसनियता कायम गर्ने लगायतका कार्यहरू मार्फत हजयात्राको व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउनु आवश्यक छ । साथै हजयात्रा व्यवस्थापनका असल अन्तर्राष्ट्रिय अभ्यासहरू जुन नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक पक्ष तथा शासकीय प्रणाली अनुकूल छन् तिनीहरूलाई अवलम्बन गर्दै अन्तर्राष्ट्रिय परिवेश अनुकूलको हजयात्रा व्यवस्थापन गर्न सकेमा उपयुक्त हुनेछ ।

**सन्दर्भ सामाग्री**


*नेपाल हज समितिको कार्यविधि, २०७२, नेपाल हज समितिको सचिवालय, सिंहदरबार*

*हज एक जानकारी, २०७८, नेपाल हज समितिको सचिवालय*

*Hajj Management; Context of Nepal, Secretariat of Nepal Hajj Committee, Singhadarbar*

*Hajj Committee of India Act, 2002*

*Tabung Haji Act 1995, Government of Malaysia*

*Hajj Policy and Plan 2020,Ministry of Religious Affairs and Interfaith Harmony, Pakisthan*

*Hajj policy,Maldives hajj corporation, Ltd*

*Global Hajj Management and Islamic Finance, Professor Kabir Hassan, University of New Orleans, 2019*

# हजयात्रालाई व्यवस्थित बनाउने सन्दर्भमा नेपाल हज समिति; आगामी कार्यदिशा तथा हज पदाधिकारी र हजयात्रुहरूको भूमिका



**कृष्ण पौडेल**
*सदस्य सचिव, नेपाल हज समिति*

**पृष्ठभूमि**

नेपालबाट हुने हजयात्रालाई व्यवस्थित र मर्यादित बनाउन नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गत नेपाल हज समिति गठन तथा सञ्चालन रहेको छ । वि.सं. २०६६ देखि गठन तथा सञ्चालन भई औपचारिक रूपमा कार्यप्रारम्भ गरिएको तत्कालिन केन्द्रीय हज समिति वि.सं. २०७२ देखि नेपाल हज समिति कार्यविधि, २०७२ जारी भएसगै नेपाल हज समितिको नामबाट सञ्चालित छ। आजका दिनसम्म आफ्नो कार्यसम्पादनको एक दशक पार गरिसकेको नेपाल हज समितिले हजयात्रा व्यवस्थापनको सिलसिलामा थुप्रै आरोह र अवरोह पार गरिसकेको छ । यसबाट नेपाल हज समितिले आगामी दिनमा हजयात्रा व्यवस्थापनलाई अझ व्यवस्थित कसरी बनाउन सकिन्छ भन्ने बारेमा व्यवसायिक ज्ञान र अनुभव समेत प्राप्त गरिसकेको छ। सोही अनुभवलाई कार्यात्मक रूप दिने सिलसिलामा विभिन्न कार्यहरू कार्यान्वयन समेत गरिसकेको छ।

यसै सन्दर्भमा आगामी दिनमा नेपाल हज समितिको व्यवसायिकता अभिवृद्धिका लागि नेपाल हज समितिले गर्नुपर्ने कार्यहरू एवम् हज पदाधिकारी र हजयात्रुहरूले पालना गर्नुपर्ने भूमिकाको बारेमा चर्चा गरिन्छ।

**नेपाल हज समितिको आगामी कार्यदिशा**

नेपाल हज समितिले हजयात्रालाई मर्यादित र व्यवस्थित बनाउन नेपाल हज समितिको भूमिका तथा हजयात्रुहरूको भूमिकालाई गुणस्तरीय बनाउन आवश्यक छ।

**क. नेपाल हज समितिको भूमिका**

**१. हजयात्रा व्यवस्थापन कार्यलाई स्वचालित पद्धतिमा रूपान्तरण गर्ने**

हजयात्राका लागि आवेदन सङ्कलन, विश्लेषण, छनोट तथा यात्रा व्यवस्थापन लगायत हजयात्राका क्रममा हुने सम्पूर्ण व्यवस्थापकीय कार्यहरूलाई स्वचालित पद्धतिमा आवद्ध गर्नु नेपाल हज समितिको पहिलो र महत्त्वपूर्ण दायित्व रहेको छ । यसबाट हजयात्राको क्रममा यात्रुहरूको सहजता, जीवनमा एकपटक यात्रा गर्नुपर्ने धार्मिक मान्यता अनुसार नदोहोरिईकन सबै इस्लाम धर्मावलम्बीहरूले हजयात्रा गर्न पाउने गरी हजयात्रु छनोटको सुनिश्चितता, खर्च व्यवस्थापनमा हुने पारदर्शिता लगायतका पक्षहरूमा विश्वसनीयताको अवस्था सिर्जना हुन्छ। यस कार्यका लागि नेपाल हज समितिको सचिवालयले कार्य प्रारम्भ समेत गरिसकेको छ। यसका लागि अनलाइनबाटै हजयात्राको आवेदन तथा शुल्क बुझाउन सकिने सुविधा सहितको हज सूचना व्यवस्थापन प्रणाली (Hajj Management Information System-

HMIS) तयार गरी हज सम्बन्धी सम्पूर्ण कार्यहरूलाई पूर्णतः विद्युतीय प्रणालीमा आबद्ध गर्ने कार्य सुरुवात गरिसकेको छ। सन २०२२ देखि हुने हजयात्रा उक्त प्रणाली अनुसार नै सञ्चालन हुने अवस्था रहेको छ।

२. **नेपाल हज समिति तथा सचिवालयलाई कार्यमूलक बनाउने गरी कानून तर्जुमा**

नेपाल हज समिति तथा सचिवालयलाई सञ्चालन तथा व्यवस्थापन गर्ने हाल नेपाल हज समिति कार्यविधि २०७२ कार्यन्वयनमा रहेको छ। नेपाल हज समितिलाई कार्यमूलक बनाउने, हजयात्रा व्यवस्थापनसँग सम्बन्धित निकायहरूको संस्थागत भूमिकालाई स्पष्ट पार्ने, हजयात्रु छनोटका वस्तुनिष्ठ आधारहरू तर्जुमा गर्ने, हजयात्राका लागि लाग्ने शुल्क रकमलाई अनुमानयोग्य बनाउने, हजयात्रासँग सम्बन्धित खर्च तथा व्यवस्थापनलाई चुस्त र पारदर्शी बनाउने लगायतका कार्यहरूमा उक्त कार्यविधिमा व्यवस्था भएको एवम् भएका कतिपय विषयहरू समेत अस्पष्ट रहेका कारण कार्यसम्पादनमा असहज अवस्था सिर्जना हुने गरिएको देखिन्छ। तसर्थ यसलाई समसामयिक वनाउदै हजयात्रालाई अन्तर्राष्ट्रिय अभ्यास अनुकूल बनाउन जरुरी छ। यस कार्यका लागि नेपाल हज समितिले नेपाल हज कार्यविधि २०७२ को संशोधन तथा परिमार्जन गर्नका लागि नेपाल सरकार गर्ह मन्त्रालयमा अनुरोध गरिकेको छ।

३. **हजयात्रुहरूको दुर्घटना बिमा**

हजयात्रा अवधिभरि हजयात्रुहरूको सुरक्षित यात्रा व्यवस्थापन गर्नु नेपाल हज समितिको पहिलो जिम्मेवारी हो। मक्का मदिनामा हुने धार्मिक कार्यको सन्दर्भमा हुनसक्ने भिडभाडलाई साउदी अरब सरकारले व्यस्थित गर्दै गएको भएता पनि हजयात्रा विश्वको सबैभन्दा ठूलो धार्मिक मेला भएको र करिब ७० लाख यात्रुहरू उक्त अवसरमा उपस्थित हुने भएका कारण मक्का मदिनमा हुने धार्मिक कार्यहरूमा सबै यात्रुहरूको सुरक्षा चुनौतीपूर्ण हुन्छ। विगतमा नेपालबाट हजयात्रा गर्न जाने यात्रुहरू समेत भिडभाड र भागदौडका कारण केही यात्रुको मृत्यु भएको र केही घाइते समेत हुनु भएको अवस्थालाई मध्यनजर गरी सबै हजयात्रुहरूको हजयात्रा अवधिभर दुर्घटना बिमा गरिनु आवश्यक हुन्छ। नेपाल हज समितिले आगामी दिनमा हुने हजयात्राका क्रममा यात्रुहरूको दुर्घटना बिमा गराउने विषयमा योजना बनाइसकेको अवस्था छ।

४. **हजयात्रुहरूको अभिमुखिकरण**

हजयात्रालाई व्यवस्थित र मर्यादित बनाउने सन्दर्भमा नेपाल हज समितिका अतिरिक्त हजयात्रुहरू स्वयंले निर्वाह गर्ने भूमिका समेत महत्त्वपूर्ण हुन्छ। यसर्थ नेपालबाट यात्राका क्रममा हवाइ जवाहमा प्रवेश गरेपश्चात् पुनः स्वदेश फिर्ता नभएसम्मका विभिन्न चरणहरूमा सम्बन्धित निकाय, संस्थाका नियमहरू पालना गर्नुपर्ने, संरचना तथा साधनहरू उपयोग गर्दा अवलम्बन गर्नुपर्ने सावधानीहरको बारेमा प्रयोगात्मक अभ्यास सहितको अभिमुखीकरण आवश्यक रहेको छ।

५. **महावाणिज्य दूतावास जेद्दा, साउदी अरबको भूमिका**

हजयात्रा व्यवस्थापनको महत्त्वपूर्ण कार्यहरू साउदी अवरस्थित मक्का र मदिनामा हुने गर्दछन्। तसर्थ उक्त कार्यहरूको प्रभावकारी व्यवस्थापनका लागि महावाणिज्य दूतावासको भूमिकालाई अभिवृद्धि

गर्नु सान्दर्भिक हुन्छ। यस सन्दर्भमा मक्का मदिनामा हुने आवास तथा खाना व्यवस्थापन, स्वयंसेवक व्यवस्थापन,साउदी अरबस्थित सम्बद्ध निकायहरूसँगको समन्वय, अनुगमन तथा मूल्यांकन लगायतका कार्यहरूमा नेपाल हज समितिसँगको सहकार्यमा महावाणिज्य दूतावासको व्यवसायिक परिचालन गर्नु आवश्यक छ।

**हजपदाधिकारीहरूको भूमिका**

हज सम्बन्धी कार्यहरूलाई जवाफदेही, उत्तरदायी, पारदर्शी, मितव्ययी तथा विवेकशील रूपमा सम्पादन गर्न हज सम्बद्ध पदाधिकारीहरूका गतिविधिहरूलाई मर्यादित,व्यवस्थित र अनुशासित बनाउन आवश्यक छ। यस सन्दर्भमा देहायका भूमिका निर्वाह गर्नु सम्बद्ध पदाधिकारीहरूको कर्तव्य हुनेछ।

नेपाल हज समिति, उपसमिति तथा सल्लाहकार समितिका पदाधिकारीहरूले पालना तथा अवलम्बन गर्नुपर्ने आचारहरू देहायअनुसार हुनेछन्ः

क. नेपाल हज समितिका पदाधिकारीहरूको लागि तोकिएका जिम्मेवारीहरू चुस्त, दुरुस्त, पारदर्शी, मितव्ययी, विवेकशील र गुणस्तरीय रूपमा सम्पादन गर्न सदैव तत्पर रहनु पर्नेछ।

ख. हजयात्रामा समानुपातिक अवसर, उच्च नैतिकता, मितव्ययिता, व्यवसायिकता, सद्भावपूर्ण व्यवहार, समन्वय र सहकार्य, मुस्लिम समुदायको अधिकतम् लाभ जस्ता मूल्य मान्यतालाई धार्मिक मन प्रयोग गरी कार्यान्वयन गर्नु पर्नेछ।

ग. हज सम्बन्धी निर्णयहरू तथा अन्य व्यवस्थापकीय कार्यहरू गर्दा कुनै राजनीतिक आस्था/प्रतिशोध नगर्ने, मोलाहिजा/लोभलालच नगर्ने साथै सम्पूर्ण कार्यहरू पूर्ण पारदर्शी बनाउनु पर्नेछ।

घ. हज व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउने विषयमा सम्बन्धित व्यक्ति/ पदाधिकारी तथा सङ्घसंस्था एवम् हजयात्रीहरूबाट प्राप्त पृष्ठपोषणलाई आत्मसात् गरी निरन्तर सुधारका लागि पहल गर्नु पर्नेछ।

ङ. हज सम्बन्धी कुनै विषयहरू समितिमा छलफल तथा निर्णय भए अनुसार समितिले तोकेको व्यक्ति मार्फत सार्वजनिक गर्नु पर्नेछ। आफ्नो व्यक्तिगत धारणालाई संस्थागत धारणाको रूपमा व्यक्त गर्न पाइने छैन।

च. समितिको कामको सम्बन्धमा अन्य सरकारी तथा गैरसरकारी निकायका अध्यक्ष वा अध्यक्षले तोकेको सदस्यले मात्र प्रतिनिधित्व गर्नु पर्नेछ।

छ. समितिका कुनै पदाधिकारीबाट अनुचित कार्य भएको पाइएमा वा सङ्का लागेमा तथ्य प्रमाण सहित सदस्यहरूको हकमा अध्यक्ष वा गृह सचिव समक्ष र अध्यक्षको हकमा गृह मन्त्री वा गृह सचिव समक्ष मात्र गुनासो गर्नुपर्नेछ।

ज. पदाधिकारीहरूले नेपाल हज समिति कार्यविधिमा उल्लेख भएअनुसार मात्र आर्थिक सुविधा उपयोग गर्नुपर्नेछ। नेपाल हज समितिबाट प्राप्त आफूसँग भएको साधन स्रोतको सदुपयोग गर्नु पर्नेछ।

झ. हजयात्रा विशेष धार्मिक यात्रा भएकोले कुनै पक्षपात, भेदभाव नगरी पारदर्शी रूपमा इस्लाम धर्मावलम्बीहरूलाई समानुपातिक अवसर उपलब्ध हुने गरी हजयात्रु छनोट, अभिमुखीकरण तथा आवश्यक सहजीकरण गर्नुपर्नेछ।

ञ. हजयात्रीहरू सन्तुष्ट हुने गरी समग्र यात्रा व्यवस्थापन (मक्का मदिनामा आवास, खानपान, परिवहन सेवा समेत) कार्यका लागि सम्बद्ध निकाय तथा पदाधिकारीहरूसँग उच्चतम् समन्वय र सहजीकरण गर्नुपर्नेछ।

ट. समितिका नाममा रहने कोषलाई हजयात्रुहरूको अधिकतम लाभ हुने गरी मितव्ययी तथा पारदर्शी तवरबाट परिचालन गर्नु, गराउनु पर्नेछ।

ठ. हजयात्राका क्रममा खटिने हज प्रतिनिधिमण्डल, चिकित्सक टोली, स्वयंसेवकहरूले आफ्नो पदीय जिम्मेवारी तथा आचारसंहिता परिपालना गरे नगरिएको सम्बन्धमा विशेष ध्यान दिनुपर्नेछ।

ड. हज व्यवस्थापनको क्रममा आफूसँग भएको आर्थिक तथा प्रशासनिक दायित्व कार्यसम्पन्न भएपछि प्रचलित नियमानुसारको अवधिभित्र बरबुझारथ तथा फछ्र्यौट गर्नुपर्नेछ।

ढ. आफूलाई सुम्पिएको जिम्मेवारी निर्वाह गर्दा कुनै पनि प्रत्यक्ष र परोक्षरूपमा आउने प्रभाव, प्रलोभन, बदनियत, दबाब, मोलाहिजा, आग्रह, पूर्वाग्रह आदिबाट प्रभावित नभई पदीय दायित्व पूर्ण रूपमा निर्वाह गर्नुपर्नेछ।

**हज प्रतिनिधिमण्डलको भूमिका**

क. हजयात्रीहरूलाई मक्का मदिनासम्म पुऱ्याउन र पुनःस्वदेश फिर्ता हुने अवधिसम्म सहजीकरण, रेखदेख, आवास, खानपान, स्वास्थ्य लगायतका विषयमा विशेष ख्याल गर्नुपर्नेछ।

ख. हवाइ यात्राका क्रममा अध्यागमन तथा नागरिक उड्डयनको प्रचलित नियमानुसार यात्रु तथा सामग्री चेकजाँच, लगेज क्लियरेन्स लगायतका कार्यहरूमा यात्रुहरूलाई सहयोग गर्ने तथा आवश्यकतानुसार अध्यागमन एवम् उड्डयन पदाधिकारीहरूसँग समन्वय गर्नुपर्नेछ।

ग. यात्रा अवधिभर साउदी अरब सरकारले तोकेको नियम पूर्णरूपमा पालना गर्ने, होटल वा डेरामा रहँदा तोकिएको अनुशासन पूर्ण रूपमा पालना गर्ने साथै संरचनाहरूको उपयोग गर्ने सम्बन्धमा हजयात्रीहरूलाई सुसूचित गराउनु पर्नेछ।

घ. हजयात्रीहरूको रेखदेख गर्न तथा धार्मिक कुराहरूमा हजयात्रीहरूको पथ प्रदर्शन गर्नको लागि छनोट भएका स्वयंसेवकहरूलाई हजयात्रीको अपेक्षा अनुसार धार्मिक जिज्ञासा पूरा हुने गरी जानकारी उपलब्ध गराउने साथै धार्मिक क्षेत्र लगायतका कार्यमा पूर्ण सहयोग गर्न परिचालन गर्नुपर्नेछ।

ङ. हज प्रतिनिधिमण्डल, चिकित्सक टोली तथा स्वयंसेवकहरूको सम्पर्क स्थान र सम्पर्क नम्बर सबै हजयात्रुहरूलाई सुसूचित गराई कुनै समस्या भएमा तत्काल समाधान हुने वातावरण सिर्जना गर्नुपर्नेछ।

च. हजयात्रुहरूको लागि आवास, खाना, परिवहन लगायतका व्यवस्थापकीय कार्यहरू गर्दा कुनै मोलाहिजा नगर्ने, त्यस्ता कार्यहरू सम्पादन गर्दा कुनै लोभ लालच नगर्ने, व्यक्तिगत लाभको रूपमा उपयोग नगर्ने साथै सम्पूर्ण कार्यहरू पूर्ण पारदर्शी बनाउन सहयोग गर्नुपर्नेछ।

छ. हजयात्रुहरूबाट कुनै पनि अनैतिक, गैरकानूनी कार्य हुन नदिन सदैव चनाखो रहनुपर्नेछ। कुनै पनि अपरिचित व्यक्तिहरूले दिएको खानेकुरा नखाने तथा आफूले समेत नदिने साथै वस्तु/सामग्रीहरू नलिने तथा नदिने कार्यका लागि निरन्तर रूपमा हजयात्रीहरूलाई सचेत गराउनुपर्नेछ।

ज. हजयात्रा व्यवस्थापनका क्रममा कुनै समस्या भएमा तत्काल नेपाल हज समितिका अध्यक्ष तथा महावाणिज्य दूतावासका सम्पर्क अधिकृतसँग सम्पर्कमा रही आवश्यक सल्लाह र निर्देशन अनुसार गर्नुपर्नेछ।

झ. चिकित्सक टोलीलाई पूर्णरूपमा हजयात्रीहरूको स्वास्थ्य परीक्षणमा केन्द्रित गराउनुपर्नेछ। विशेष स्वास्थ्य समस्या भएमा साउदी अरबस्थित हज व्यवस्थापन सम्बद्ध आयोजक तथा महावाणिज्य दूतावासका सम्पर्क अधिकृतसँग तत्काल सम्पर्क गरी सल्लाह र निर्देशन अनुसार गर्नुपर्नेछ।

ञ. हजयात्राका क्रममा कुनै यात्रु (हजयात्री तथा प्रतिनिधिमण्डल) को मृत्यु भएमा महावाणिज्य दूतावासका सम्पर्क अधिकृतसँग सम्पर्क गरी प्राप्त निर्देशन तथा मृतकका परिवारसँग सम्पर्क गरी प्राप्त सल्लाह र सुझाव अनुसार गर्नुपर्नेछ।

ट. हज व्यवस्थापनको क्रममा आफूसँग भएको आर्थिक तथा प्रशासनिक दायित्व कार्यसम्पन्न भएपछि प्रचलित नियमानुसारको अवधिभित्र बरबुझारथ तथा फछ्र्यौट गर्नुपर्नेछ।

ठ. यात्रा अवधिभर धार्मिक मनले स्वयंसेवी भावना सहित सहयोग, समन्वय र सहजीकरण गर्नुपर्नेछ।

**चिकित्सक टोलीको भूमिका**

ड. हजयात्राका लागि छनोट भई साउदी अरब जानका लागि आउने सबै हजयात्रीहरूको सामान्य स्वास्थ्य परीक्षण गर्नुपर्नेछ। COVID–19 वा यस्तै महामारीको रूपमा देखा पर्ने वा परेका विविध प्रकोप विरूद्ध खोप लगाए नलगाएको यकिन गरी नलगाएको भए तत्काल हज समितिका पदाधिकारीहरूसँग समन्वय गरी खोप लगाउने व्यवस्था मिलाउन सहयोग गर्नुपर्नेछ।

ढ. मक्का मदिनामा हजयात्रुहरूलाई कुनै स्वास्थ्य समस्या भएमा आफूहरूलाई जानकारी गराउन सबै यात्रुहरूलाई निरन्तर सुसूचित गर्नुपर्नेछ।

ण. हजयात्रा अवधिभर यात्रुहरूको स्वास्थ्य अवस्थाको नियमित परीक्षण गर्नुपर्नेछ। विशेष परीक्षण तथा उपचार गर्नुपर्ने भएमा तत्काल हज प्रतिनिधिमण्डललाई जानकारी गराई उपचार कार्यमा सक्रिय रहनुपर्नेछ।

त. प्राथमिक स्वास्थ्य उपचारका लागि चाहिने औषधी तथा अन्य सामग्रीहरू तयारी अवस्थामा राख्नुपर्नेछ।

थ. हजयात्रुहरूले स्वस्थ खानेकुराहरू तथा शुद्ध खानपानी प्रयोग गर्ने, सरसफाइमा विशेष ध्यान दिन सुसूचित गर्ने साथै COVID-19 तथा यस्तै अन्य महामारीबाट सुरक्षित रहन गर्नुपर्ने सावधानीका बारेमा समेत सचेत गराउनुपर्नेछ ।

द. हज व्यवस्थापनको क्रममा आफूसँग भएको आर्थिक तथा प्रशासनिक दायित्व कार्यसम्पन्न भएपछि प्रचलित नियमानुसारको अवधिभित्र बरबुझारथ तथा फछ्र्यौट गर्नुपर्नेछ ।

ध. यात्रा अवधिभर धार्मिक मनले स्वयम्सेवी भावना सहित सहयोग, समन्वय र सहजीकरण गर्नुपर्नेछ ।

**स्वयंसेवकको भूमिका**

न. साउदी अरबमा परिचालन हुने स्वयंसेवकको हकमा हजयात्रुहरूको लागि मक्का मदिनामा बाटोघाटो र स्थानीय वस्तुस्थिति तथा परिवेशका बारेमा जानकारी गराउने, हजत्राया सम्बन्धी इतिहास तथा धार्मिक कुराहरूको पूर्ण जानकारी गराउनुपर्नेछ ।

प. नेपालमा परिचालन हुने स्वयंसेवकको हकमा साउदी अरब उडान समय तालिका अनुसार अन्तर्राष्ट्रिय विमानस्थलसम्म पुऱ्याउने, यात्रा अवधिमा आवश्यक पर्ने सामग्रीहरू खरिद गर्न सहयोग गर्ने तथा विदेशी मुद्रा सटहीमा सहजीकरण लगायत हजयात्रुहरूको आवश्यकतानुसार सहजीकरण गर्नुपर्नेछ ।

**हजयात्रुहरूको भूमिका**

हजयात्रुहरूले प्रदर्शन गर्ने व्यवहारले देशको इज्जत र प्रतिष्ठा समेत झल्कने भएका कारण हजयात्रुहरूको व्यवहार र आचरण अपेक्षाकृत हुनु जरुरी हुन्छ । जसका लागि नेपाल हज समितिबाट हजयात्रुहरूको लागि निम्नानुसार आचारसंहिता तर्जुमा गरी सबै यात्रुहरूलाई जानकारी हुने अवस्थाको सुनिश्चितता गर्ने र सो कार्यान्वयनको निरन्तर अनुगमन समेत हुनु आवश्यक छ ।

१. **अध्यागमन तथा नागरिक उड्डयन सम्बन्धी**

क. हजयात्रुहरूले आफ्नो राहदानी, भिषा, हवाइ टिकट तथा वायुसेवा कम्पनीले उपलब्ध गराएको बोर्डिङ पास सुरक्षित राख्नुपर्नेछ । जुनसुकै समयमा यस्ता कागजातहरू आधिकारिक व्यक्तिले मागेमा सहजै देखाउन सकिने गरी आफ्नो साथै रहने गरी राख्नुपर्नेछ ।

ख. यात्राको क्रममा प्रतिबन्धित चिजवस्तुहरू जस्तैः हतियार, कैची, ब्लेड जस्ता धारिला वस्तुहरू, सलाई/लाइटर, घिउ, तेल जस्ता प्रज्वलनशील पदार्थ, तरल पदार्थ लगायत चिजवस्तुहरू यात्रुहरूले साथमा लैजानु हुँदैन ।

ग. घिउ, तेल, अचार, माछा/मासु, फलफूल, तरकारी तथा अन्य तयारी खानेकुराहरू साथमा बोक्नु हुँदैन ।

घ. यात्रापश्चात् नेपाल फर्किंदा के के सामाग्री ल्याउन पाइने हो, सो सम्बन्धमा नेपालको भन्सार नियमका बारेमा हज प्रतिनिधिमण्डलसँग बुझेर मात्र सामाग्री खरिद गर्नुपर्छ । भन्सार नियम अनुसार ल्याउन नपाइने सामानहरू ल्याएमा प्रचलित कानूनअनुसार सामान जफत तथा कारबाही समेत हुन्छ ।

ङ. विमानस्थल भित्र निषेधित क्षेत्रमा प्रवेश निषेधित संकेत गरिएको हुन्छ । उक्त स्थानमा प्रवेश गर्नुहुँदैन

च. विमानस्थलभित्र हुने सुरक्षा जाँचको क्रममा विशेष संवेदनशील हुनुपर्नेछ । सुरक्षाकर्मीले दिएको निर्देशन पूर्ण रूपमा पालना गर्नुपर्नेछ ।

छ. विमानस्थल र हवाइ जहाजभित्र अंग्रेजी वा अन्य भाषामा समेत विभिन्न निर्देशनहरू दिइन्छन् तसर्थ सो सम्बन्धमा आफूसाथ रहने हज प्रतिनिधिमण्डले सहजीकरण गरे अनुसार कार्यान्वयन गर्नुपर्नेछ।

ज. विमानस्थलमा हुने शौचालयमा महिला र पुरुषको सङ्केत गरिएको हुन्छ । सो सङ्केत हेरेर मात्र शौचालय प्रयोग गर्नुपर्नेछ ।

झ. विमानस्थल तथा ट्रान्जिटमा रहँदा आफ्नो समूह छाड्न हुँदैन । हर समय आफ्नो साथी/समूहको साथमा तोकिएको स्थानमा मात्र बस्नुपर्नेछ ।

ञ. हवाइजहाज कम्पनीले टिकटमा उल्लेख भएअनुसारको तौलको सिमामा रही सामान लैजान र ल्याउन पाइनेछ । आफ्नो सामान तयारी गर्दा नै सोही अनुसारको तौल सीमाभित्र रहनु पर्दछ ।

ट. विमानभित्र प्रवेश गरिसकेपछि बोर्डिङ पासमा उल्लिखित सीट नम्बरमा गई बस्नुपर्दछ । अरु व्यक्तिको सिटमा बस्नुहुँदैन ।

ठ. उडान कर्मचारीले दिएको सुरक्षा निर्देशन पूर्ण पालना गर्नुपर्दछ ।

## २ धार्मिक कार्य तथा आवतजावत सम्बन्धी

क. साउदी अरब सरकारले तोकेको नियमहरू हज प्रतिनिधिमण्डलबाट जानकारी हुनेछ । उक्त नियमहरूको पूर्ण रूपमा पालना गर्नुपर्नेछ ।

ख. नेपाल हज समितिबाट जारी गरिएको यात्रु परिचय पत्र अनिवार्य रूपमा आफूसाथ लगाउनु/बोक्नुपर्दछ।

ग. हजयात्रा अवधिभर कुनै समस्या भएमा हज प्रतिनिधिमण्डलसँग तत्काल सम्पर्कमा रहनुपर्नेछ । कुनै स्वास्थ्य समस्या भएमा तत्काल चिकित्सक टोलीसँग सम्पर्क गर्नुपर्नेछ । बाटोघाटो तथा स्थानीय वस्तुस्थितिका बारेमा कुनै जिज्ञासा वा अलमल भएमा हज प्रतिनिधिमण्डल वा तोकिएका स्वयंसेवकहरूसँग सम्पर्क गर्नुपर्नेछ ।

घ. यात्रा अवधिभर राहदानी, भिसा, मोअल्लिम दस्तुर कागज लगायत आफूसाथ सुरक्षित रूपमा राख्नुपर्नेछ । कुनै आधिकारिक व्यक्तिबाट खोजी भएमा मात्र देखाई पुनः सुरक्षित तवरले राख्नुपर्नेछ ।

ङ. हजयात्राको क्रममा मौअल्लिमको व्यवस्था अनुसारका क्रियाकलापहरू सञ्चालन गर्नुपर्नेछ।

च. हजयात्रुहरू बिच मित्रवत व्यवहार गर्नुपर्नेछ । राष्ट्रियता तथा आपसी सद्भावमा आँच आउने गरी कुनै पनि अनैतिक, असामाजिक, गैरकानूनी कार्यहरू गर्नुहुँदैन ।

छ. सुरक्षाकर्मीहरूले दिएको निर्देशन पालना गर्नुपर्दछ । सुरक्षाकर्मी, स्वयमसेवक तथा अन्य व्यक्तिहरूसँग अनावश्यक तर्क वितर्क गर्नुहुँदैन । प्रतिबन्धित/निषेधित क्षेत्रमा प्रवेश गर्न वा आवतजावत गर्नु हुँदैन । शौचालय प्रयोग गर्दा महिला र पुरुषको सङ्केत राम्रोसँग हेरेर मात्र प्रयोग गर्नुपर्दछ । प्रतिबन्धित चिजवस्तुहरू जस्तै हतियार, लागूऔषध, मदिरा तथा सुर्तिजन्य पदार्थहरू साथमा बोक्न वा प्रयोग गर्नु हुँदैन । फोटो वा भिडियो खिच्नुभन्दा अगाडि उक्त स्थानमा फोटो खिच्न मिल्छ वा मिल्दैन भन्ने आधिकारिक जानकारी लिएर मात्र खिच्नुपर्दछ ।

ज. राजनीतिक विषयमा वहस गर्ने, राजनीतिक दस्तावेज तथा तस्विरहरू, अश्लील तस्विर, भिडियो लगायत साथमा राख्ने वा हेर्ने वा चर्चा गर्ने जस्ता कार्यहरू गर्नुहुँदैन ।

झ. आफूसाथ रहेका मालसामान तथा रकम सुरक्षित राख्नुपर्दछ ।

ञ. आफूले प्रयोग गरी फोहोरको रूपमा उत्पादन भएका चिजवस्तुहरू फोहोर फाल्नका लागि तोकिएका स्थानमा मात्र फाल्नुपर्दछ ।

ट. धार्मिक कार्य तथा आवतजावत गर्दा भिडभाड गर्नुहुँदैन । आफ्नो कार्य गरिसकेपछि खुल्ला स्थानमा प्रतिनिधिमण्डलले तोकेको स्थानमा जम्मा भई बस्नुपर्नेछ ।

ठ. जमजमको पानी कति परिमाणमा ल्याउन पाइने हो सो कुरा हज प्रतिनिधिमण्डलसँग बुझेर मात्र ल्याउनुपर्नेछ ।

ड. हजयात्रा सम्पन्न भएपश्चात् तत्काल स्वदेश फिर्ता हुनुपर्दछ ।

## ३ होटल तथा आवास सुविधा उपयोग सम्बन्धी

क. होटल तथा आवास क्षेत्रका बारेमा सञ्चालक तथा हज प्रतिनिधिमण्डल मार्फत थाहा पाएका नियमहरू पूर्ण पालना गर्नुपर्नेछ ।

ख. हज प्रतिनिधिमण्डले तोकेको आवास क्षेत्रमा बस्नुपर्दछ । आवास क्षेत्रमा रहँदा वा सो बाहिर रहँदा कुनै पनि गैरकानूनी कार्यहरू गर्नुहुँदैन । कुनै व्यक्तिले त्यस्तो कार्य गरिएको वा गर्न लागेको थाहा भएमा तत्काल हज प्रतिनिधिमण्डललाई जानकारी गराउनु पर्दछ ।

ग. हज प्रतिनिधिमण्डललाई जानकारी नगराई आवास क्षेत्र बाहिर जानु हुँदैन । कुनै पनि अनधिकृत व्यक्तिहरूसँग भेटघाट, कुराकानी गर्नुहुँदैन ।

घ. होटलले खाना खाजाका लागि तोकेको समयमा उपस्थित भई खाना खाजा खानुपर्दछ ।

ङ. आवास कक्षमा रहेका सरसामानहरू तोडफोड गर्नुहुँदैन । भौतिक संरचना प्रयोग गर्ने सम्बन्धमा असहज भएमा सञ्चालक वा प्रतिनिधि मण्डललाई सम्पर्क गरी जानकारी भएअनुसार उपयोग गर्नुपर्दछ ।

## ४. अन्य

हजयात्राका क्रममा हजप्रतिनिधिमण्डल, चिकित्सक, स्वयंसेवकको भूमिका सन्तोषजनक नभएमा, एवम् आवास,खाना लगायतका सेवाहरू अपेक्षाकृत नभएमा वा सो सम्वन्धी प्रारम्भिक गुनासो सम्बोधन नभएमा तत्काल नेपाल हज समितिका अध्यक्ष तथा जेद्दास्थित महावाणिज्य दूतावासका सम्पर्क अधिकृतलाई गराउनु पर्नेछ । साथै उक्त विषय हजयात्रा सम्पन्न भएपश्चात नेपाल हज समितिको सचिवालयबाट सञ्चालन गरिने सन्तुष्टि सर्वेक्षण (Satisfaction Survey)/पृष्ठपोषण सङ्कलन (Feedback Collection) का समयमा व्यक्त गर्न सकिनेछ । त्यस्तै गरी यस सम्बन्धमा तथ्यपरक प्रमाणसहित नेपाल हज समितिको सचिवालय एवम् नेपाल सरकार गृह मन्त्रालयमा समेत गुनासो राख्न सकिनेछ ।

## निष्कर्ष

नेपाल हज समितिका गतिविधिहरूमा व्यवसायिकता अभिवृद्धिमार्फत नेपालबाट हुने हजयात्रा व्यवस्थापन कार्यलाई चुस्त, गुणस्तरीय बनाउनु पर्दछ । यस कार्यका लागि नेपाल हज समितिका पदाधिकारीहरू, नेपाल हज समितिको सचिवालयका कर्मचारीहरू एवम् हजयात्रुहरूको आचरण र व्यवहार मर्यादित हुनु जरुरी हुन्छ । साथै हजयात्रा व्यवस्थापनको अन्तर्राष्ट्रिय अभ्यासहरू समेतका आधारमा आफ्ना प्रयासहरूलाई सिर्जनशील बनाउदै लैजाने तथा हजयात्रुहरूको सन्तुष्टिस्तर बढाउन सकेमा मात्र नेपाल हज समिति तथा सचिवालयको प्रयास सान्दर्भिक हुनेछ ।

## सन्दर्भ सामग्री


*नेपाल हज समिति कार्यविधि २०७२*

*हज सम्बद्ध पदाधिकारीहरूको आचारसंहिता, २०७८*

*नेपाल हज समितिको सचिवालयबाट प्रकाशित स्वतः प्रकाशनहरू, २०७८*

*हज बुलेटिन, २०७८*



# हजका फाइदाहरू

**मौलाना नजरूल हसन फलाही**
*सल्लाहकार, नेपाल हज समिति*

**पृष्ठभूमि**

इस्लामका पाँच आधारभूत स्तम्भहरू मध्ये हज पनि एक हो। सचेत एवम् बालिग मुसलमान जसमा अल्लाहको घर काबासम्म जान सक्ने क्षमता हुन्छ उसले जीवनमा एकपटक हज अनिवार्य गर्नुपर्छ।

हजको शाब्दिक अर्थ सङ्कल्प गर्नु हो भने पारिभाषिक अर्थ मक्का स्थित काबाको तवाफ (परिक्रमा), सफा मर्वाको बिचमा चक्कर, मिनाको बसाइ, बकुफे अरफात अर्थात् अरफातको मैदानमा दिन बिताउनु, मुज्दलेफाको बसाइ र बलीको सङ्कल्प गर्नु हो। यो ईशप्रेम प्रदर्शनका दृष्टिले अति महत्त्वपूर्ण उपासना हो। हज एउटा सबैभन्दा ठूलो तीर्थयात्रा हो जसमा अल्लाहको घर (काबा वा बैतुल्लाह) को दर्शन गर्नुका साथै त्यहाँ ऐच्छिक नमाज र पापमोचन, क्षमायाचना, शान्ति र समृद्धिका लागि प्रार्थना (दुवा) गरिन्छ। कुरआनमा अल्लाहले भनेका छन्, "भनिदेऊ 'अल्लाहले जे जति भनेका छन् नितान्त सत्य भनेका छन्। अतः तिमीहरू एकाग्र चित्त भएर इब्राहिमको तरिकाको अनुसरण गर र उनी बहुदेववादीहरू मध्येका थिएनन्। निःसन्देह पहिलो घर जुन मानव जातिका निम्ति निर्माण गरियो त्यो त्यही हो जुन मक्कामा छ; जुन सम्पूर्ण मानव जातिका लागि सर्वमङ्गलमय एवम् मार्गदर्शनको केन्द्र हो। यसमा स्पष्ट निसानीहरू छन् जस्तो कि इब्राहिमको भक्तिस्थल। जो यसमा प्रवेश गर्छ ऊ पूर्ण शान्तिमा हुन्छ। मानव जातिमाथि अल्लाहको यो अधिकार रहेको छ कि जो त्यहाँसम्म पुग्न समर्थ छ उसले त्यस घरको हज गरोस्। जसले अस्वीकार गर्छ उसले जानोस् कि अल्लाह संसारबासीहरूबाट निस्पृह छन्।" (कुरआन ३ः ९५-९७)

सचेत र बालिग मुसलमान जससित अल्लाहको घर काबासम्म जानका लागि आर्थिक क्षमता रहेको छ उसका लागि हज जीवनमा एकपटक अनिवार्य उपासना हो। जो क्षमता भएर पनि हज गर्न जाँदैन ऊ पापको भागिदार बन्दछ। जो व्यक्ति आर्थिक रूपले क्षमतावान छ तर शारीरिक कमजोरीका कारण हजको लामो यात्रा र उपासन गर्न अशक्त छ उसले आफ्नो छोरा वा अरू कसैलाई हजमा पठाएर आफ्नो अनिवार्य हज पूरा गर्न सक्छ। फज्ल बिन अब्बास (रजि.) का अनुसार खस्अम समुदायकी एक जना महिलाले अल्लाहका रसुल (स.)सँग प्रश्न गरिन्,"हे अल्लाहका रसुल (स.अ.) ! अल्लाह तालाले अनिवार्य गरेको हज मेरो बुवामाथि यस अवस्थामा अनिवार्य भएको छ कि वहाँ बुढेसकालका कारणले सवारी साधनमा बसिराख्न सक्नुहुन्न। के म वहाँको तर्फबाट हज गरूँ ?" वहाँ (स.अ.)ले भन्नुभयो, "अँ, गर।" (बुखारी, मुस्लिम, अहमद, तिर्मिजी, अबुदाउद, नसई, इब्नेमाजा)

त्यस्तै यदि कोही व्यक्ति सम्पन्न भएको कारण वा भाकल गरेको कारणले उसका लागि हज अनिवार्य बन्न गएको तर हज गर्न नपाई उसको मृत्यु भयो भने वारिस गर्नुपर्ने ऋण सरह उसको हकदार स्वयम्ले वा अन्य कसैबाट उक्त हज पूरा गराउनु पर्दछ। यदि मृतकको वारिसले मृतकको अनिवार्य हज स्वयम् पूरा गर्न चाहेको छ तर उसमाथि पनि हज अनिवार्य भइसकेको छ भने पहिले आफ्नो हज सम्पन्न गर्नुपर्छ। इब्ने अब्बास (रजि.) को भनाइ अनुसार जुहैना समुदायकी एक जना महिला अल्लाहका रसुल (स.अ.) समक्ष उपस्थित भइन् र सोधिन्, "मेरी आमाले हज गर्ने भाकल गर्नुभएको थियो तर हज नगरी उहाँको मृत्यु भयो। के म उहाँको तर्फबाट हज गर्न सक्छु ?" वहाँ (स.अ.)ले भन्नुभयो,"अँ, तिमी उनको तर्फबाट हज गर। अनि यो बताऊ कि यदि तिम्री आमाको जिम्मामा कुनै ऋण भएको भए के तिमी त्यसलाई चुक्ता गर्ने थियौ ? अल्लाहको ऋण चुक्ता गर किनकि अल्लाह ऋण चुक्ता गरिनुको बढी हकदार रहेका छन्।" (बुखारी)

आर्थिक रूपमा कमजोर व्यक्तिका लागि हज अनिवार्य छैन। उसले आमाबाबुको सेवा गरेर र पवित्र नियतका साथ अल्लाहसँग पुकारा तथा भक्ति गरे हजको पूण्य प्राप्त गर्न सक्छ।

**हजको महत्त्व**

आज भन्दा झन्डै चार हजार वर्ष अघि इराकमा एउटा पूजारीको घरमा जन्मिएका इब्राहिम (अलै.)को एक अल्लाहमा पूर्ण समर्पित जीवन र त्यो सत्यको बाटोमा हिँड्दा वहाँको त्याग, धैर्य र बलिदानको प्रतीकको रूपमा हजलाई लिने गरिन्छ। अल्लाहका अनेकौं कठिन परीक्षामा उत्तीर्ण हुन सफल भएका इब्राहिम(अलै.)ले आफ्नो छोरा इस्माइल (अलै.) सँग मिलेर एक अल्लाहको भक्तिकेन्द्रको लागि मरुभूमि मक्कामा एउटा सानो घर बनाएका थिए। अल्लाहले त्यसै घर(काबा)लाई 'मेरो घर' भने र सबैलाई आफ्नो उपासना त्यसै स्थल वा त्यतैतिर फर्किएर गर्न आदेश दिए। यस सन्दर्भमा कुरआनमा भनिएको छ, "र, याद गर जब इब्राहिमका पालनकर्ताले केही कुराहरूद्वारा उनको परीक्षा लिए र उनी त्यसमा उत्तीर्ण भए। उनका पालनकर्ताले भने, "म तिमीलाई मानव जातिको अगुवा बनाउनेवाला छु।" इब्राहिमले निवेदन गरे, "अनि मेरा सन्तति नि ?" उनले भने, "मेरो बाचा अत्याचारीहरूका लागि होइन; स्मरण गर जब हामीले यस घर (काबा) लाई मानिसहरूका लागि केन्द्र एवम् शान्तिस्थल बनायौं र भन्यौं, "मकामे इब्राहिम (इब्राहिम उभिने ठाऊँ) लाई नमाज पढ्ने स्थान बनाऊ। हामीले इब्राहिम एवम् इस्माइलसित हाम्रो घरलाई तवाफ (परिक्रमा), एअतिकाफ (एकान्तमा बस्ने), रूकुअ (झुक्ने) तथा सज्दा (ढोग्ने काम) गर्नेहरूका लागि पवित्र राख्ने बचन लियौं, स्मरण गर।" जब इब्राहिमले प्रार्थना गरे, "हे मेरा पालनकर्ता! यस (मक्का) लाई शान्ति क्षेत्र बनाइदेऊ र यसका निवासीहरू मध्ये अल्लाह माथि विश्वास राख्नेहरूलाई फल प्रदान गर।" (कुरआन २ः १२४-१२६)

अल्लाहले काबालाई भक्तिस्थल र शान्तिकेन्द्र घोषित गरे। यही घर नै ईश्वरको पहिलो उपासना गृह बन्यो। अल्लाहले भनेका छन्, "निःसन्देह पहिलो घर जुन मानव जातिका निम्ति निर्माण गरियो त्यो मक्कामा छ त्यो सम्पूर्ण मानव जातिका लागि सर्वमङ्गलमय एवम् मार्गदर्शनको केन्द्र हो।" (कुरआन ३ः ९६)

"मानिसहरूमा हजको घोषणा गरिदेऊ कि उनीहरू हिँडेर वा टाढाका ठाउँबाट आउनु पर्दा ऊँटहरूमा सवार भएर तिमीकहाँ आउन् किनकि उनीहरू आफ्ना लागि निर्धारित फाइदाहरूसम्म पुग्न सकुन् र बलिदानका निश्चित्

दिनहरूमा जनावरहरूलाई कुरबानी गर्दा अल्लाहको नाम लिउन् । अनि त्यसबाट तिमीहरू पनि खाओ र पराश्रित, भोका, गरिबलाई पनि खुवाओ । फेरि मानिसहरूले आफ्नो फोहोरमैला सफा गरुन् आफ्ना भाकलहरू पूरा गरुन् र प्राचीन घर (काबा) को तवाफ (परिक्रमा) गरुन् ।" (कुरआन २२ः २६-२९)

अल्लाहले आदेश दिए, "मेरो घरतिर आउँदा आफ्नो हृदय चोखो राख; कामवासनालाई रोक अनि रक्तपात, दुष्कर्म, दुर्वचनबाट बच । आफ्नो स्वामीको दरबारमा उपस्थित हुँदा जुन आदर तथा नम्रताका साथ उपस्थित हुनुपर्छ त्यसरी नै त्यहाँ उपस्थित हुँदा त्यस्तै आदर तथा नम्रताका साथ उपस्थित होऊ । तिमी आफ्नो हृदयमा सम्झना गर कि म उनै सम्राटको सेवामा गइरहेको छु । ती सम्राट धर्ती र आकाशका मालिक हुन् र जसमाथि सम्पूर्ण मानिसहरू निर्भर छन् । यस्तो नम्रतापूर्वक तिमी आयौ र स्वच्छ हृदयले उपासना गऱ्यौ भने म तिमीलाई आफ्नो प्रेमले मालामाल गर्नेछु ।"

इस्लाममा हजको महत्त्व दर्साउँदै अल्लाहका अन्तिम सन्देष्टा मुहम्मद (स.) ले हज गर्न उत्प्रेरित गर्दै उपदेश दिनुभएको छ । अबु हुरैरह (रजि.) को भनाइ अनुसार अल्लाहका रसुल (स.)ले भन्नुभयो, "जो व्यक्ति हज गर्छ र त्यस अवधिमा वासनाजन्य क्रियाकलापमा संलग्न रहँदैन र दुराचार गर्दैन ऊ पापहरूबाट मुक्त भएर त्यस्तो अवस्थामा फर्कन्छ जस्तो उसलाई उसकी आमाले जन्म दिएकी थिइन् ।" (बुखारी, मुस्लिम, अहमद, नसई, इब्ने माजा)

त्यसरी नै अर्को हदिस अनुसार नबी (स.)ले भन्नुभयो "हज तथा उमराह गर्नेहरू अल्लाहका अतिथि दलहरू हुन्, उनीहरूले गरेको दुवालाई अल्लाह स्वीकार गर्दछन् र उनीहरूले गरेको क्षमा याचनालाई माफ गर्दछन् ।" (इब्नेमाजा, नसई)

जो व्यक्ति समर्थ भएर पनि हज गर्दैन उसलाई अल्लाहले कुनै वास्ता गर्दैनन् । सामर्थ्य भएर पनि हज नगर्नु ठूलो पूण्यबाट विमुख हुनु हो । कुरआनमा अल्लाह तालाले भनेका छन्, "यसमा स्पष्ट निशानीहरू छन् जस्तो कि; इब्राहिमको भक्तिस्थल जो यसमा प्रवेश गर्छ ऊ पूर्ण शान्तिमा हुन्छ । मानव जातिमाथि अल्लाहको यो अधिकार रहेको छ जो त्यहाँसम्म पुग्न समर्थ छ उसले त्यस घरको हज गरोस् । जसले अस्वीकार गर्छ उसले थाहा पाओस् अल्लाह संसारबासीहरूबाट निस्पृह छन् ।" (कुरआन ३ः ९७)

त्यस्तै नबी (स.) ले पनि भन्नु भएको छ, "जो मानिससँग खाना र सवारी छ त्यसको सहयोगले ऊ अल्लाहको घर (काबा) सम्म पुग्न सक्छ तर हज गर्दैन भने ऊ यस अवस्थामा इस्लाम धर्मावलम्बी नहुनु बराबर हो ।" त्यस्तै अर्को हदिस अनुसार "जसलाई न कुनै ठूलो आवश्यकताले रोकेको छ, न कुनै शोषक राजाले, न कुनै रोक्न सक्ने रोगले तर पनि उसले हज गरेको छैन र यस्तो अवस्थामा उसको मृत्यु भयो भने ऊ इस्लाम धर्मावलम्बी नहुनु बराबर हो ।" (सइद बिन मन्सुर)

त्यसैले कुनै मुसलमान व्यक्ति विपन्न, रोगी, अपाङ्गता भएको छैन उसलाई कुनै शासक वा शत्रुले रोक्ने अवस्था छैन भने संसारको जुनसुकै कुनामा भए पनि उसले हज गर्न अनिवार्य छ । काम वा अन्य हजारौं बहाना बनाएर हजका लागि बुढ्यौली पर्खिनु वा हजलाई टार्नु पूण्यबाट विमुख हुनु हो । हजबाट प्राप्त हुने अल्लाहको अनुकम्पा र दयाबाट विमुख नहुन हज अनिवार्य योग्य हुने बितिक्कै एक पटक हज गर्नै पर्छ ।

१. **इस्लामी जगत्‌मा हलचल**

यस्ता मुस्लमान जसलाई हज अनिवार्य गरिएको छ अर्थात् जो काबासम्म आउने जाने सामर्थ्य राख्दछन् ती एक दुई जना मात्र त हुँदैनन् । हरेक बस्तीमा उनीहरूको राम्रो सङ्ख्या हुन्छ । हरेक सहरमा हजारौँ र हरेक मुलुकमा लाखौँ हुन्छन् । तिनीहरूमध्ये हरेक वर्ष केही मानिसहरू हजको इरादा गरी निक्लिन्छन् । संसारका कुना कुनाका मुसलमान हजको अवसर आउँदा इस्लामी व्यक्ति रोमाञ्चित् हुन्छ । करिब रमजानको महिनादेखि जिकादासम्म संसारका सम्पूर्ण भागहरूबाट अनेकौँ मानिसहरू हजको तयारी गरी निक्लन्छन् र उता जिलहिज्जाको अन्त्यदेखि सफर, रबिउल अब्बल, अझ रबी उस्समानीसम्म हाजीहरू फर्किने सिलसिला चलिरहन्छ । यो ६-७ महिनाको समयसम्म मानौँ निरन्तर संसारका सम्पूर्ण मुसलमान बस्तीहरूमा एक किसिमको धार्मिक क्रियाकलाप रहन्छ । जो मानिस हजमा जान्छन् र हजबाट फिर्ता आउँछन्, उनीहरू धर्मको मर्म बुझी त्यसमै रमाइरहेका हुन्छन् ।

जो हज जाँदैनन् उनीहरूलाई पनि हाजीहरूलाई विदा गर्न र एक एक बस्तीबाट उनीहरूलाई हिँड्दा तथा पुनः फर्किँदा उनीहरूको स्वागत गर्न, उनीहरूबाट हजको अवस्था सुनेका कारणले थोरै वा धेरै यस वृत्तान्तको केही न केही अंश मिल्दछ ।

२. **ईशपरायण तथा ईशभयमा बढोत्तरी**

जब एक हाजी हजको नियत गर्दछ र उसको नियतसँगै उसमा अल्लाहको डर, ईशपरायण र ईशभय एवम् इस्तिगफार र पवित्र नैतिकताका असरहरू देखिन प्रारम्भ हुन्छन । ऊ आफ्ना प्रियजनहरू, मित्रहरू, सम्बन्धीहरू र हरेक प्रकारका सम्बन्ध राख्नेहरूबाट यसरी छुट्टिन्छ र आफ्नो व्यवहार राम्रो गर्न सुरु गर्दछ । मानौँ अब ऊ पहिला जस्तो मान्छे होइन । अझ अल्लाहतर्फ ध्यान केन्द्रित भएपछि उसको हृदय पवित्र भइरहेको हुन्छ । त्यस हाजीको यस्तो अवस्थााले धेरै मानिसहरूमा असर पर्छ । यदि हरेक वर्ष संसारका अलग अलग भागमा एक लाख मान्छे नै औसत रूपमा यस तर्फ हजका लागि तयार हुँदा हुन् त उनीहरूबाट असरहरू लाखौँ मान्छेहरूसम्म पुग्छ । फेरि हाजीहरूको समूह जहाँ जहाँबाट गुज्रिन्छ त्यहाँ उनीहरूलाई देखेर उनीहरूसँग भेटेर, उनीहरूको "लब्बैक लब्बैक" का आवाजहरू सुनेर सुन्नेहरूको हृदयमा ताप उत्पन्न हुन्छ उनीहरूको ध्यान अल्लाह र अल्लाहको घरतर्फ फर्किन्छ र धेरै मृत आत्मामा हजको रहरबाट हलचल जन्मिन्छ । फेरि जब यी मानिसहरू आफ्नो केन्द्रबाट फर्किए आ-आफ्नो बस्तीहरूतिर संसारका विभिन्न भागहरूमा हजको प्रभाव लिदैँ फर्किन्छन् र मानिस उनीहरूसँग कुराकानी गर्दा उनीहरूको अवस्था र गतिविधि मुखबाट अल्लाहको घरको प्रार्थना सुन्छन् भने अनगिन्ती व्यक्तिहरूमा धार्मिक भावना ताजा हुन्छ होला ।

३. **इस्लामी संसार जागृत हुने मौसम**

जसरी रमजानको महिना सम्पूर्ण इस्लामी संसारमा ईशभय जन्माउने मौसम हो, त्यसरी नै हजको समय सम्पूर्ण संसारमा इस्लाको जिन्दगी र भावना जागृत गर्ने समय हो । यसरी सरीअत बनाउने मालिक एवम् पालनहारबाट यस्तो अनुकरणीय व्यवस्था स्थापना गरियो कि यदि अल्लाहले चाहे भने कियामतसम्म

इस्लामको यो अन्तर्राष्ट्रिय तहरिक मेटिन सक्दैन । संसारको अवस्था जति नै बिग्रियोस् र यसरी स्थापित गरिएको छ, जसरी मान्छेको शरीरमा मुटु हुन्छ । जबसम्म मुटु चलिरहन्छ मान्छे मर्दैन चाहे रोगहरूको कारणबाट हलचल गर्न पनि नसक्ने बनोस् । ठिक त्यसरी नै संसारको यो मुटु पनि हो जसले संसारभरका मानिसहरू इमानकलाई जीवित राख्दछ । जबसम्म मुटुको यो ढुकढुकी चलिहरन्छ र जब सम्म रगत सोस्ने एवम् सञ्चार हुने प्रक्रिया चलिरहन्छ । त्यस बेलासम्म यो बिलकूल असम्भव छ कि यो शरीरको जिन्दगी समाप्त होओस्, रोगहरूबाट यो जति नै कमजोर भएको किन नहोस् ।

### ४. समुदायको एकताको विशिष्ट प्रदर्शन

संसारभरका मान्छे एक आमा बुबाका सन्तान, एक ईश्वरका भक्त हुन । सबै एक समान हुन् । त्यसको उत्कृष्ट उदाहारण हज हो । यता पूर्वबाट, उता पश्चिमबाट, यता उत्तरबाट, उत्ता दक्षिणबाट अनगिन्ति समुदाय र मुलुकका मानिसहरू हजारौँ भागहरूबाट एकै केन्द्रतर्फ आइरहेका हुन्छन । रूपसँग अनुहारहरू अलग अलग छन्, वर्ण अलग, भाषाहरू अलग, वस्त्र अलग तर केन्द्रका नजिक एउटा विशेष सीमासम्म पुग्दा नै सबै आआफ्ना समुदायका पोसाक उतारिदिन्छन् र सबैका सबै एकै किसिमको साधारण पोसाक लगाउँछन् । एहरामको यो पोषक लगाएपछि प्रत्यक्ष रूपमा थाहा हुन्छ कि संसार पृथ्वी र आकाशको बादशाहको यो दास जुन संसारका हजारौँ समुदायहरूबाट आउँदैछ, एकै बादशाहको उपासक र दास हो, एकै उपासना र स्तुतिको चिन्ह उनीहरू सबैमाथि लागेको छ, एकै वफादारीको नातामा यी सबै बाँधिएका छन् र एकै राजधानीतर्फ आफ्नो बादशाहका सामु प्रस्तुत हुनका लागि गइरहेका छन् । यी पोसाक लगाएका सबै मिकातबाट अगाडि बढ्दा त उनीहरू सबैको मुखबाट त्यही एकै नारा गुन्जिरहेको हुन्छ ।

“लब्बैक अल्लाहुम्म लब्बैक लब्बैक लाशरीक लक लब्बैक इन्नल हम्द वन्निअमत लक कल् मुल्क ला शारीक लक”

لَبَّيْكَ اللَّهُمَّ لَبَّيْكَ ، لَبَّيْكَ لا شَرِيكَ لَكَ لَبَّيْكَ ، إِنَّ الْحَمْدَ وَالنِّعْمَةَ لَكَ وَالْمُلْكَ لا شَرِيكَ لَك

बोल्ने भाषाहरू सबैका विभिन्न छन् तर नारा सबैको एकै छ । फेरि जब जब केन्द्र नजिक आउँदै जान्छ, सीमा छुट्टिएर साघुँरो हुदैँ जान्छ । विभिन्न मुलुकहरूका समूह मिल्दै जान्छ र सबैका सबै मिलेर नमाजहरू एकै ढङ्गमा पढ्दछन् । सबैको एकै युनिफर्म, सबैको एकै आस्था, सबैको एकै क्रियाकलाप, सबैको एकै भाषा, सबैको एक “अल्लाहु अकबर” को नै सङ्केतमा उठ्दछन् र सुत्छन् । यसरी भाषा र वंशहरू एवम् मुलुकहरूको विभिन्ता समाप्त हुन्छ । यी समूह एकै स्वर गुन्जाउँदै “लब्बैक-लब्बैक” को नारा लगाउँदै हिड्छन्, हरेक उकाली र ओरालीमा यही नारा लाग्दछ । यस्तो अवस्थामा एउटा असामान्य वातावरण सिर्जना हुन्छ । फेरि काबा पुगेर संसारभरबाट आएका मानिसहरूले एकै वस्त्रमा एकै केन्द्रको चारैतर्फबाट परिक्रमा गर्नु, पुनः सबैले एकैसाथ सफा एवम् मरवा बिच दौडिनु, पुनः सबैले मिनामा बास बस्नु सबै अरफाततिर दौडिनु र त्यहाँ एक इमामबाट अभिभाषण (खुत्बा) सुन्नु तथा सबै मुजदल्फामा रात बस्नु, त्यस्तै सबै एकैसाथ मिनातर्फ फर्किनु, पुनः सबैले कुरबानीहरू गर्नु, साथै सबै एकै केन्द्रको वरीपरि नमाज पढ्नु, यो आफूभित्र त्यस्तो हैसियत राख्दछ जसको उदाहारण संसारमा भेटिन मुस्किल पर्छ ।

## ५. एक उद्देश्य एक केन्द्रीय सम्मेलन

संसारको विभिन्न जातजाति, गोत्र र समुदायहरूबाट निक्लिदै मानिसहरू एकै केन्द्रमा हुनु, अझ त्यो पनि यस्तो एकै मन र ऐक्यबद्धतासँग, यस्तो शुभविचारसँग, यस्तो पवित्र भावना र पवित्र उद्देश्यसँग अति पवित्र कार्यहरूका लागि वास्तवमा यो यति महान् पुण्य हो जुन आदमका सन्तानलाई इस्लाम बाहेक कसैले दिएन। सबै वंशका सर्वसाधारण मानिसहरू स्वच्छ मनले भेट्नु, पुण्य, नैतिकता र पवित्र भावनासँग भेटघाट गर्नु, प्रेम र निस्वार्थ साथ मिल्नु, हृदयी एवम् आत्मिकताका साथ मिल्नु र भावना, व्यवहार र उद्देश्यहरूको ऐक्यबद्धताका साथ मिल्नु र केवल एकै पटक मिल्ने होइन बरु हरेक वर्ष एकै केन्द्रमा यसरी नै एकत्रित हुदैं रहनु, यो महान कार्य इस्लामको सुन्दरता हो। संसारमा शान्ति स्थापना गर्नु, समुदायहरू बीचको दुस्मनी मेटाउन र लडाइँ झगडा होइन प्रेम बिजारोपण गर्नु, समुदायहरू बीचको दुस्मनी वातावरण जन्माउनका लागि त्यो उत्कृष्ट अन्तर्वस्तु अल्लाहको वरदान हो।

## ६. शान्ति स्थापना गर्ने सबै भन्दा ठूलो आन्दोलन

इस्लामले अनिवार्य गरेको छ कि वर्षको चार महिना जो हज तथा उमराको लागि निर्धारण गरिएका छन्, यसमा कोशिस गरियोस् कि काबातर्फ आउने सबै मार्गहरूमा शान्ति स्थापना होओस। यो संसारमा शान्ति कायम गर्ने सबैभन्दा ठूलो क्रान्ति हो जुन अनन्तसम्म रहनेछ। यदि संसारको राजनैतिक बागडोर इस्लामको हातमा भयो भने कम से कम वर्षको एक तिहाई अंश सधैँ सधैँका लागि युद्ध र बमबारीबाट मुक्त रहन सक्छ।

## ७. संसारको एकै शान्ति केन्द्र

अल्लाहले संसारमा एउटा यस्तो हरम दिएको छ जो कियामतसम्मका लागि शान्तिको सहर हो। जसमा मान्छेको त के जनावरको पनि सिकार गर्न सकिँदैन जसमा घाँससम्म काट्ने अनुमति छैन। जसमा जमिनको काडाँसम्म भाँच्न सकिन्न। जसमा निर्देशन गरिएको छ कि कसैको कुनै वस्तु झरेको हुन्छ भने त्यसलाई हातले पनि नछोऊ।

जसले संसारलाई एउटा यस्तो सहर प्रदान गरेको छ जहाँ हतियार चलाउन मनाही गरिएको छ। जसमा खाद्यान्न तथा अन्य आधारभूत आवश्यकताका वस्तुहरूलाई रोकेर महँगो बनाउनु "इल्हाद" (अल्लाहलाई अस्वीकार) को सीमासम्ममा पुग्दछ।

## ८. वास्तविक समानताको केन्द्र

अल्लाहले संसारलाई एउटा यस्तो केन्द्र दिएका छन् जसको प्रशंसा यसरी गरिएको छ।

إِنَّ الَّذِينَ كَفَرُوا وَيَصُدُّونَ عَن سَبِيلِ اللَّهِ وَالْمَسْجِدِ الْحَرَامِ الَّذِي جَعَلْنَاهُ لِلنَّاسِ سَوَاءً
الْعَاكِفُ فِيهِ وَالْبَادِ ۚ وَمَن يُرِدْ فِيهِ بِإِلْحَادٍ بِظُلْمٍ نُّذِقْهُ مِنْ عَذَابٍ أَلِيمٍ(الحج 25)

“निसन्देह जसले कुफ्र गरेर (मानिसहरूलाई) अल्लाहको मार्ग तथा त्यस प्रतिष्ठित मस्जिदबाट रोक्ने गर्छन जसलाई हामीले सम्पूर्ण मानवजातीको लागि समान बनाएका छौ चाहे उनीहरू त्यहाँका बासिन्दा हुन वा प्रवासीहरू, त्यसमा जसले सत्यबाट हटे/अत्याचारको नीति अपनाउँछ उसलाई हामी दुखद यातनाको स्वाद चखाउनेछौ ।”

चाहे कुनै मान्छे अमेरिकामा रहने वाला होस् वा अफ्रिका, चीनको होस् वा नेपालको यदि ऊ मुसलमान हो भने मक्काको जमिनमा उसलाई त्यही अधिकार प्राप्त हुन्छ जुन स्वयं मक्कावासीहरूका अधिकार हुन् । सम्पूर्ण हरम क्षेत्रको हैसियत मानौं एक मस्जिदको जस्तै रहेको छ, जो मान्छे मस्जिदमा गएर कुनै ठाउँ आफूलाई सुरक्षित गर्छ त्यो ठाउँ उसैको हो, कोही उसलाई त्यहाँबाट ऊसँग भाँडा माग्न सक्दैन, कसैलाई यो भन्ने अधिकार छैन कि यो स्थान मेरो सम्पति हो । बिलकूल यही अवस्था सम्पूर्ण मक्काको हरमको रहेको छ ।

नबी. सल्लालाहु अलैहि वसल्लम बताउनु हुन्छः مكة مناخ لمن سبق “जो मान्छे यो सहरमा कुनै स्थानमा आएर पहिले बसेको हो त्यो ठाउँ उसैको हो ।”

यो हो त्यो हज जसको बारेमा बताइएको थियो कि यसलाई गरेर हेर, यस्ता तिम्रो लागि धेरै फाइदाहरू छन् । मेरो कलममा यति चमत्कार छैन कि यसका सबै फाइदाहरू भन्न सकूँ तर पनि यसका फाइदाहरूको यो सानो खाका जुन मैले तपाँइहरू समक्ष प्रस्तुत गरैं, तपाइँहरू बुझ्न सक्नुहुन्छ कि यो अल्लाहको ठूलो उपहार र वरदान हो ।

**सन्दर्भ सामग्रीहरू**


*कुरआन*

*बूखारी*

*मुस्लिम*

*तिर्मिजी*

*अबुदाउद*

*नसई*

*फिक्हुस्सुन्ना*

# नेपालमा मुसलमानहरूको अवस्था



**ई.नूर मुहम्मद खाँ**
*सह-सचिव*
*ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय*

नेपालमा मुसलमानहरूको आगमन १५ औं शताब्दीमा मल्लकाल देखिनै भएको इतिहास छ । त्यतिबेला देखिनै मुसलमानहरू रोजगार, राजाहरूको सेनाको लागि हातहतियार बनाउने र न्यायिक इजलासमा काम गर्ने कर्मचारीहरूको रूपमा नेपाल आएका थिए । यस प्रकार नेपालमा ६-७ सय वर्ष अगाडिदेखि नै मुसलमानहरूको बसोबास हुँदै आएको देखिन्छ । हाल नेपालमा मुसलमानहरू हिन्दु र बौधिष्ट पछिको तेस्रो ठूलो धर्मावलम्बी हन् । मुस्लिम समुदायको विद्यमान अवस्थाको यथार्थ चित्रण तपसिल बमोजिम रहेको छ ।

राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को तथ्याङ्क अनुसार नेपालको कूल जनसङ्ख्या-२,६४,९४,५०४ हो । जस मध्ये मुस्लिमहरूको जनसङ्ख्या- ११,६४,२५५ (अर्थात् ४.४% हो) । जस मध्ये हिमाली क्षेत्रमा- ४६४ जना, पहाडी क्षेत्रमा- ५६,३३९ जना र तराई क्षेत्रमा- ११,०७,४५२ जना बसोबास गर्छन् ।

लैङ्गिक हिसाबमा महिला- ५,७९,५०१ र पुरुष- ५,८४,७५४ जना रहेका छन् । साथै जिल्लागत रूपमा सबै भन्दा बढी रौतहटमा- १,३५,२८३ र सबै भन्दा घटी ताप्लेजुङमा - २ जना मात्र छन् । जनसङ्ख्याको हिसाबले हिन्दु र बौद्ध पछिको तेस्रो ठूलो धर्मावलम्बीको रूपमा इस्लाम रहेको छ ।

**नेपालमा मुस्लिमहरूको यथार्थ अवस्था**

| क्र. स. | सेवाको किसिम | जम्मा पद सङ्ख्या | जनसङ्ख्याको अनुपातमा हुनु पर्ने सङ्ख्या | भएको सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेपाल प्रहरी | ६८,००० | ३००० | २०० | भएको, सोधपुछको आधारमा |
| २ | सशस्त्र प्रहरी | ४०,००० | १५०० | ३० | भएको, सोधपुछको आधारमा |
| ३ | नेपाली सेना | ९६,००० | ४३०० | ० | भएको थाहा छैन |
| ४ | अनुसन्धान प्रहरी | ५,००० | २२० | केही | धेरै न्यून |
| ५ | सांसद | | | | |

| क्र. स. | सेवाको किसिम | जम्मा पद सङ्ख्या | जनसङ्ख्याको अनुपातमा हुनु पर्ने सङ्ख्या | भएको सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| ६ | प्रतिनिधि सभा | १६५+११०=२७५ | १२ | ९ | |
| ७ | राष्ट्रिय सभा | (८८७)+३= ५९ | ३ | ० | |
| ८ | मन्त्रालय -२२ वटा | | | ० | |
| ९ | प्रधानमन्त्री | १ | | ० | |
| १० | उप प्रधानमन्त्री | ० | | ० | |
| ११ | मन्त्री | २१ | १ | ० | |
| १२ | राज्यमन्त्री | ३ | | ० | |
| १३ | जम्मा | २५ | १ | ० | |
| १४ | निजामती कर्मचारी १२७४९१ | ८९०३९ | ३५५० | २५० | भएको, सोधपुछको आधारमा |
| १५ | सचिव | ६८ | ३ | ० | भएको, सोधपुछको आधारमा |
| १६ | सह-सचिव | ६१३ | २६ | २ | भएको, सोधपुछको आधारमा |
| १७ | प्रदेश सरकार | ४५००० | २०५५ | ५० | भएको, सोधपुछको आधारमा |
| १८ | स्थानीय सरकार | ३८००० | १७१० | ५० | भएको, सोधपुछको आधारमा |
| १९ | न्यायालय | | | | |
| २० | सर्वोच्च अदालत | १८१९ | १ | ० | १९ जना |
| २१ | उच्च अदालत | १८ | ८ | ३ | १५० जना |
| २२ | विशेष अदालत | ३ | १ | १ | ३ |
| २३ | जिल्ला अदालत | ७७ | १० | ० | २०२ जना |
| २४ | प्रशासकीय अदालत | १ | | ० | २ |
| २५ | श्रम अदालत | १ | | ० | १ |
| २६ | राजश्व न्यायधीकरण | ४ | १ | ० | ८ जना |

| क्र. स. | सेवाको किसिम | जम्मा पद सङ्ख्या | जनसङ्ख्याको अनुपातमा हुनु पर्ने सङ्ख्या | भएको सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| २७ | ऋण असुली पुनरावेदन | १ | | ० | ३ |
| २८ | ऋण असुली न्यायधिकरण | १ | | ० | ३ |
| २९ | जम्मा | | २० | ४ | ३९१ |
| ३० | संवैधानिक निकाय | १२ वटा ८५ जना (६१ जना) | ४ जना | ४ जना (मुस्लिम आयोगमा मात्र) | मुस्लिम आयोग बाहेक अन्य कुनैमा नभएको |
| ३१ | प्रमुख जिल्ला अधिकारी | ७७ | ३ | १ | |
| ३२ | मुख्य राजनीतिक पार्टीहरूको केन्द्रीय समितिमा | | | | |
| क | नेपाली कांग्रेस | ६७ | ३ | १ | |
| ख | ने.क.पा.(तत्कालिन) | १६० | ७ | ४ | |
| ३३ | नेपालका जातिगत मानव विकास सूचकांक (HDI) | HDI | Life Expectancy (वर्ष) | Litracy Rete प्रतिशत | Percapta Income US$ |
| क | नेपाल | ०.४८५ | ६६.६ | ६५.९ | 1004 |
| ख | सम्पूर्ण ब्राह्मण क्षेत्री | ०.५३८ | ७३.९९ | ७६.३२ | १११५ |
| ग | सम्पूर्ण दलित | ०.४३१ | ६७.१९ | ५२.२७ | ७५५ |
| घ | जनजाति | ०.४८२ | ६९.४४ | ६६.९३ (नेवार ८०%) | ८४४ |
| ङ | मुसलमान | ०.४२२ | ७०.४७ | ४३.५६ | ६९५ |

- साक्षरता ४३.५६% मात्र रहेको
- धेरै जसो जनसङ्ख्या गरिबीको रेखामुनि रहेको
- मदर्सा शिक्षाको मान्यता नभएको

- मदर्सा शिक्षाको मान्यता र समकक्षताको व्यवस्था नभएकाले विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्न बाहिर जान गाह्रो भएको
- मुस्लिम समुदायको धार्मिक तथा सांस्कृतिक महत्त्व राख्ने मस्जिद, मदर्सा, ईदगाह, मजार, कर्बला, कब्रिस्तानहरूको अभिलेख, जग्गाको भोगाधिकार र स्वामित्व स्थापित नहुनु ।

**मधेसी भन्दा मुस्लिमहरूको छुट्टै पहिचान किन चाहियो ?**

- अरुभन्दा छुट्टै संस्कृति,: निकाह, तलाक तथा अन्त्येष्ठिमा कब्रिस्तानमा गाड्ने चलन
- मदर्सा शिक्षा जरूरी,: इस्लामिक तरिकाले जीवन जिउन के गर्ने भन्ने कुराको जानकारी लिन, बुझ्न र सिक्न मदर्सा शिक्षा जरूरी छ ।
- हिमाल, पहाड र तराई सबै क्षेत्रमा बसोबास भएकोले मधेशी भित्र राख्दा सबै नअटाउने भएकोले
- बहु पहिचान भएका धर्मावलम्बी भएकोलेः कसैका लागि चुरेटी, कसैका लागि अछुत, कसैका लागि मधेसी मात्र हुन् मुसलमान । त्यसैले सबै अटाउने छुट्टै पहिचान आवश्यकता बोध भएको ।

यी सबै सूचकाङ्कहरूले नेपालमा मुसलमानहरू निकै पछाडि रहेको कुराको उद्घोष गर्दछन् । मेरो विचारमा यसका प्रमुख २ कारणहरू तपसिल बमोजिम रहेका छन् ।

१. **सरकारले मुस्लिम समुदायको विकासको यथोचित ध्यान पुऱ्याउन नसक्नु**ः यसमा सुधारको लागि सरकारलाई मुस्लिम समुदायको विकासको लागि शैक्षिक, राजनीतिक, प्रशासनिक, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रको हरेक तह (स्थानीय देखि राष्ट्रिय तह सम्म) समावेशीकरणको (Inclusiveness) सिद्धान्त तथा केही समयको लागि कोटा (Reservation) दिएर मुस्लिम समुदायको विकास गराउनु पर्दछ ।

२. **मुसलमानहरूको आफ्नै कमी कमजोरी तथा समस्याहरू छन् । केही तपसिल बमोजिम छन्ः**

(क) **गरिबीः**

१. **धनको गरीबीः–** १६ वर्षलाई १८ वर्ष उमेर बनाई नागरिक्ता बनाउने र विदेश कमाउन पठाउने trend नेपालमा छ ।

२. **मनको गरीबीः-** यो पहाडीको देश हो, जति पढे पनि जागिर पाइँदैन त्यसैले पढेर के नै हुन्छ र । पैसा नै कमाउन त विदेश गए भइहाल्यो किन बेकारको खर्च गरेर पढ्नु भन्ने सोच आम मुसलमानहरूमा पाइन्छ।

३. **मदर्सामा इस्लामिक पढाइ मात्र हुनु**ः मदर्सामा धार्मिक (दिनी) पढाइको साथै अन्य पढाइ हुनु पर्दछ । होइन भने दिनी पढाइ पढ्दै बच्चाहरू ठुला भइ सक्छन् र सरकारी स्कूल जान लाज मान्छन् ।

(ख) **मुस्लिम समुदायको आपसी विभाजनः**

१. **धार्मिक विभाजनः** यस्मा फिर्का परस्तीलाई बढावा दिई गैर-मुसलिम भन्दा पनि मुस्लिमलाई बढी घृणाको दृष्टिले हेरिन्छ ।

२. **राजनीतिक फूटः** व्यक्ति पिच्छे राजनीतिक विचार धारा अलग अलग भए तापनि मुस्लिम समुदायको विकासमा एकमत हुनु अनिवार्य हुन्छ तर त्यसो नभएर राजनीतिक पार्टी अनुशारको बिचारधारा हुन्छ ।

(ग) **शिक्षामा ध्यान नदिनुः** पढ र लेखबाट सुरू भएको इस्लाम धर्ममा धार्मिक शिक्षा बाहेक आधुनिक शिक्षा वा वैज्ञानिक शिक्षा लिनु हुँदैन भन्ने भ्रम छ । अरूसँग प्रतिस्पर्धा गर्न आधुनिक शिक्षा लिनु अति जरूरी हुन्छ ।

(घ) **एकता नभएकोले सामूहिक पहल गर्न नसक्नुः** यादवहरू जनसङ्ख्यामा मुसलमानभन्दा कम भएपनि उनीहरूको एउटा साझा फोरम “गोपाल सेवा समिति” छ । यसले सर्व सहमतिबाट कुनै कुराको निर्णय गर्छ त्यो पूरै यादव समुदाय मान्न बाध्य हुन्छन् । यो समितिले हाम्रो समुदायबाट फलानोलाई मन्त्री बनाउने निर्णय गर्छ र लबिङ्ग पनि गर्छ, सम्बन्धित ठाउँमा दबाव पनि सिर्जना गर्छ । यस्ता फोरम मुस्लिममा पनि चाहिन्छ ।

यस प्रकार मुस्लिम समुदायको विकास र समृद्धिको लागि समयमा नै माथि औंल्याइएका कुराहरूमा आवश्यक सुधारको कदम चाल्नु अति आवश्यक भइसकेको छ ।

**निष्कर्ष तथा सिफारिसः**

**निष्कर्षः**- मुस्लिम समुदाय शिक्षाका साथै विभिन्न सरकारी सेवा तथा राजनीति र राजनीतिक नियुक्तिहरूमा पछाडि परेको समुदाय हो । मुस्लिमहरूलाई यही स्थितिमा समानुपातिक हिसाबले प्राप्त हुने राजनीतिक पदहरू प्राप्त भएमा लिन समेत सामर्थ्य छन् जस्तो लाग्दैन । त्यसैले यसको क्षतिपूर्ति हुनु समयको माग हो । तसर्थ यसको लागि राज्यले मुस्लिम समुदायको लागि गरिदिनु पर्ने तपसिल बमोजिमका सिफारिसहरू गर्दै सो पूरा हुने आशा मुस्लिम समुदायले गरेको छ ।

**सिफारिसहरूः**

१. शिक्षाको लागि प्राथमिक तह देखि नै मुस्लिम समुदायको विद्यार्थीहरूको सहभागिताका लागि पहल गर्दै छात्रवृत्तिको व्यवस्था गर्ने ।

२. उच्च शिक्षाका विभिन्न विधामा मुस्लिम समुदायको लागि केही समयको लागि Reservation को व्यवस्था गर्ने ।

३. रोजगार मूलक विभिन्न किसिमका छोटो तालिमको व्यवस्था गर्ने जस्तो Electrician, Plumbing, सिकर्मी, डकर्मी, इत्यादि ।

४. राष्ट्रिय पार्टीहरूमा समानुपातिक हिसाबले मुस्लिम प्रतिनिधित्व गराउनु पर्ने ।

५. विभिन्न राष्ट्रिय आयोग, Embassy हरू तथा अन्य राजनीतिक नियुक्तिहरूमा समानुपातिक हिसाबले मुस्लिमहरूको प्रतिनिधित्व गराउनु पर्ने ।

६. प्रतिनिधि सभा, राष्ट्रिय सभा तथा मन्त्री परिषदमा जनसङ्ख्याको अनुपातमा मुस्लिम प्रतिनिधित्व गराउनु पर्ने ।

७. सुरक्षा निकायहरूमा जस्तै नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र अनुसन्धान विभागहरूमा समानुपातिक प्रतिनिधित्व गराउनु पर्ने ।

८. निजामती सेवामा समेत आरक्षण र सकारात्मक विभेदको नीति अवलम्बन गर्नु पर्ने ।

९. सर्वोच्च अदालत तथा उच्च अदालतमा गरिने नियुक्तिमा समेत समानुपातिक प्रतिनिधित्व गराइनु पर्ने ।

१०. यी सबैका लागि चाहिने नीतिगत तथा कार्यगत व्यवस्थाको लागि इमान्दार पहल राज्यवाट अवश्य नै हुन्छ भन्ने अपेक्षा सिङ्गो मुस्लिम समुदायको छ। यसमा राज्य खरो उत्रिने छ, भन्ने अपेक्षा समेत यस समुदायको रहेको छ।

**सन्दर्भ सामग्री**

*राष्ट्रिय जनगणना, २०६८*

*नेपाल सरकारका विभिन्न निकायहरूबाट प्रकाशित प्रतिवेदनहरू*

# हज व्यवस्थापन सूचना प्रणालीको सङ्क्षिप्त जानकारी



**पुरूषोत्तम पौडेल**
*कम्प्युटर अपरेटर, नेपाल हज समितिको सचिवालय*

**परिचय**

व्यवस्थापनलाई आवश्यक पर्ने निर्णय प्रक्रियालाई सरल, सहज, छिटो, छरितो, समसामयिक बनाउन सूचनाको सङ्कलन गरी त्यसको प्राथमिकीकरण, वर्गीकरण, विश्लेषण, प्रशोधन गरी एकीकृत तथा परिष्कृत रूपमा एकै थलोबाट सूचना प्रदान गर्ने प्रणाली नै व्यवस्थापन सूचना प्रणाली (Management Information Systen) हो यसले कुनै पनि सङ्गठनको लक्ष्य तथा उद्देश्य प्राप्त गर्न; व्यवस्थापकलाई निर्णय प्रक्रियामा सहयोग गर्न कम समय र लागतमा आवश्यक, विश्वसनीय, भरपर्दो र गुणस्तरीय सूचना उपलब्ध गराउँछ ।

विद्वान न्चषाष्ल का अनुसार "व्यवस्थापन सूचना प्रणाली एउटा प्रणाली हो, जसबाट बृहत् तथ्याङ्क सङ्कलन गर्ने र व्यवस्थापनलाई उपयोगी हुने गरी यसलाई सङ्गठित र सङ्क्षेपीकरण गरी ती व्यवस्थापनलाई आफ्ना कामका लागि आवश्यक पर्ने सूचना प्रदान गर्दछ ।" त्यस्तै Sabharbas का अनुसार "A Management Information System is a system designed to provide information to Managers, hence it is a Mechanism for Managing the communication process in an organization."

सार्वजनिक सेवा प्रवाहमा व्यवस्थापन सूचना प्रणालीको प्रयोग गरी विश्वसनीय, व्यवस्थित एवम् गुणस्तरीय सेवा दिन नेपाल सरकारबाट विभिन्न योजनाहरू लागू गरिएको पाइन्छ । तत् अनुरूप नेपालमा सरकारी निकायहरूमा सूचना प्रविधिको प्रयोगबाट कार्यालयको व्यवस्थापन प्रणाली सुधार गर्ने प्रयासहरू भइरहेका छन् ।

गृह मन्त्रालय अन्तर्गत रहेको नेपाल हज समितिले साउदी अरबमा हज गर्न जाने मुस्लीम धर्मावलम्बीहरूको लागि हजयात्रा व्यवस्थापन गर्ने कार्य गर्दछ । हजयात्रा व्यवस्थापनमा व्यवस्थापन सूचना प्रणालीको प्रयोग गरी अन्तर्राष्ट्रिय स्तरको, सूचना मैत्री, सहज, भरपर्दो र विश्वसनीय बनाउन नेपाल हज समितिले हज व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने निर्णय वि.सं. २०७७ मा गरेको थियो । सोही अनुरूप नेपालबाट हुने हजयात्राका लागि आवेदन सङ्कलन, विश्लेषण, छनोट सम्बन्धी सम्पूर्ण कार्यहरू विद्युतीय प्रणालीबाट गर्न हज व्यवस्थापन सूचना प्रणाली (Hajj Management Information System–HMIS) को विकास गरी प्रयोगमा ल्याइएको छ ।

**नेपालबाट हजयात्राको अभ्यास**

इस्लाम धर्मका पाँच आधारस्तम्भहरू मध्ये हज एक हो । पाँच आधारस्तम्भहरू इमान (आस्था), नमाज (प्रार्थना), रोजा (व्रत), जकात (दान) र हज (तीर्थ) हुन् । हज शब्दको अर्थ "धार्मिक यात्रा गर्ने सोच" भन्ने हुन्छ । इस्वी संवत्, विक्रम संवत् र नेपाल संवत् जस्तै इस्लाम धर्मावलम्बीहरूको छुट्टै पात्रो हिजरी संवत्को १२ औँ महिना जिल्हिज्जा महिनामा विश्वभरबाट इस्लाम धर्मावलम्बीहरू हजका लागि साउदी अरबको मक्का र मदिना जाने गर्दछन् । मक्कामा इस्लाम धर्मका अन्तिम सन्देष्टा हजरत मोहम्मद सल्लल्लाहु अलैहिवस्सल्लमको जन्म स्थान र मदिना कब्रस्तान (समाधिस्थल) हो ।

नेपालमा वि.स. २०२१ बाट आधिकारिक रूपमा हज समिति गठन गरी समितिका पदाधिकारीहरूको नेतृत्वमा भारतको बम्बईबाट पानीजहाजमार्फत हजयात्रा गर्ने गरिएको पाइन्छ । नेपाल सरकारबाट औपचारिक रूपमा भने वि.स.२०६६ मा हजयात्रालाई व्यवस्थित र मर्यादित बनाउन केन्द्रीय हज समिति कार्यविधि,२०६६ तर्जुमा गरी हज समिति गठन तथा सञ्चालनका लागि केवल हजका समयमा मात्र पदाधिकारीहरू नियुक्ति गरी जिम्मेवारी दिइने गरिएको पाइन्छ । हाल नेपाल हज समितिको सञ्चालन तथा व्यवस्थापन नेपाल हज समिति कार्यविधि २०७२ अनुसार हुने गरेको छ ।

नेपालबाट हुने हजयात्रा सम्बन्धमा हजयात्रुको आवेदन सङ्कलन, छनोट, यात्रा व्यवस्थापन लगायत सम्पूर्ण कार्यहरू नेपाल हज समितिबाट हुने गर्दछ । हजयात्राका लागि हुने कोटा निर्धारण देशको इस्लाम धर्म मान्ने जनसङ्ख्याका आधारमा गर्ने गरिन्छ । साउदी अरब सरकारको नियम अनुसार सामान्यत कुनैपनि देशमा इस्लाम धर्म मान्ने जनसङ्ख्याको ०.१ प्रतिशत कोटा त्यस देशका लागि निर्धारण गर्ने गरिन्छ । कोटा प्राप्ति तथा परिचालन सम्बन्धमा साउदी अरब सरकारको हज तथा उमरा मन्त्रालय र नेपाल सरकार गृह मन्त्रालयबिच वार्षिक रूपमा लिखित सम्झौता हुने गर्दछ । सन् २०१९ मा १५०० हजयात्रुहरूले हज गर्ने अवसर प्राप्त गरेको देखिन्छ ।

नेपालमा हजयात्राको इतिहास वि.सं.२०२१ देखि भएतापनि बिचको अवधिमा भने व्यवस्थित र सङ्गठित रूपमा नेपालबाट हजयात्रा व्यवस्थापन भएको पाइँदैन । वि.सं.२०४८ बाट हज हुने समयमा हजयात्रा व्यवस्थापन लगायतका कार्यका लागि तदर्थ समिति गठन गरी हजयात्रा व्यवस्थापन गर्ने गरिएको हुनाले हज व्यवस्थापनमा व्यवस्थित अभिलेख तथा कुनै किसिमको सूचना प्रणालीको विकास हुन सकेको थिएन । वि.सं.२०६६ मा केन्द्रीय हज समितिको स्थापना पश्चात् भने एक स्थायी समितिको रूपमा यसले कार्य प्रारम्भ गऱ्यो । हज आवेदकहरूको अभिलेख कागजी रूपमा राख्ने प्रक्रियाको थालनी पनि गरियो ।

**नेपालमा हज व्यवस्थापन सूचना प्रणालीको (HMIS) को विकास**

नेपालमा व्यवस्थित रूपमा अभिलेखहरूलाई विद्युतीय प्रणालीमा राख्न थालिएको धेरै वर्ष भएको छैन । विद्युतीय सरकार कार्यान्वयनका लागि सूचना प्रविधि नीति, २०५७ बमोजिम राष्ट्रिय सूचना प्रविधि केन्द्र (National Information Technology Center) र Government Integrated Data Center-GIDC जस्ता सूचना केन्द्रको स्थापना भएको पाइन्छ । दसौं योजना २०५९-६४ मा उल्लेख भए अनुसार सूचना

प्रविधिको पहुँच सर्वसाधारणमा पुऱ्याई यसका माध्यमबाट सुशासन एवम् सामाजिक, आर्थिक सेवाहरू सुलभ गराउने, रोजगारी अभिवृद्धि गर्न, ज्ञानमा आधारित उद्योग व्यवसायको प्रवर्धन गराउने उद्देश्य अनुरूप योजना अवधिमा विभिन्न नीति र कार्यक्रम मार्फत केही उपलब्धीहरू हासिल भएका छन् ।

व्यवस्थापन सूचना प्रणाली विकासको मुख्य उद्देश्य भनेको नै व्यवस्थापनलाई आवश्यक पर्ने निर्णय प्रक्रियालाई सरल, सहज, छिटो, छरितो, समसामयिक बनाउन सूचनाको सङ्कलन गरी त्यसको प्राथमिकीकरण, वर्गीकरण, विश्लेषण, प्रशोधन गरी एकीकृत तथा परिष्कृत रूपमा एकै थलोबाट सूचना प्रदान गर्ने हो।सोही अनुरूप परम्परागत कागजी शैलीलाई विद्युतीय प्रणालीमार्फत एकीकृत गरी हजयात्रालाई सुव्यवस्थित गर्न HMIS को विकासको अवधारणा आएको हो । नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत रहने गरी गठन भएको नेपाल हज समितिबाट हज व्यवस्थापन सूचना प्रणालीको आवश्यकता महसुस गरी आ.ब.२०७७/७८ मा HMIS को विकास भएको छ ।

व्यवस्थापन सूचना प्रणालीको प्रक्रियामा सर्वप्रथम प्राप्त तथ्याङ्कलाई सूचनामा रुपान्तरण गर्ने, सूचनालाई व्यवस्थित रूपमा राख्ने, सूचनामा सबै व्यवस्थापकको सहज पहुँच कायम गरी कम समय, तथा लागतमा गुणस्तरीय सूचना प्राप्तिमा सुनिश्चितता कायम गर्नु हुन्छ । त्यस्तै HMIS बाट पनि हजयात्राका लागि लागि आवेदन सङ्कलन, विश्लेषण, छनोट तथा छनोटको सूचना मोबाइल मार्फत आवेदकहरूलाई जानकारी दिने गरी विकास गरिएको छ ।

**हज व्यवस्थापन सूचना प्रणाली** (HMIS) **को आवश्यकता तथा महत्त्व**

- हजयात्रुहरूलाई आफ्नो आवेदनको अवस्थाको बारेमा जानकारी गराउँछ ।
- हज समितिलाई समयमै विश्वसनीय र भरपर्दो सूचना उपलब्ध गराउँछ ।
- हज यात्रु छनोटको लागि निर्णय प्रक्रियामा सहयोग गर्छ ।
- हज समिति र आवेदकहरूलाई एकीकृत तथा परिष्कृत रूपमा एकै ठाउँबाट आवश्यक सूचना उपलब्ध गराउँछ ।
- नेपाल सरकारको हज व्यवस्थापन सम्बन्धमा नीति निर्माण तथा योजना तर्जुमाको आधारको रूपमा रहन्छ ।
- हजयात्राको व्यवस्थापकीय कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, तथा प्रतिवेदन चरणमा आवश्यक सूचना उपलब्ध गराउँछ ।
- हजयात्रा व्यवस्थापनलाई छिटो, छरितो, चुस्त, दुरुस्त र प्रभावकारी बनाउँछ ।
- हज समितिको लक्ष्य, उद्देश्य र आगामी मार्ग तय गर्छ ।
- नेपालको हज व्यवस्थापन प्रक्रियालाई प्रतिस्पर्धी, सूचना प्रविधियुक्त र प्रभावकारी बनाउँछ ।
- हजयात्रा व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्छ ।
- समग्र हज व्यवस्थापनको अभिलेख व्यवस्थापनलाई वैज्ञानिक र प्रभावकारी बनाउँछ ।

- हज व्यवस्थापनको सन्दर्भमा नेपाल हज समितिको आवश्यकता र समस्या पहिचान गर्छ।
- हज सम्बद्ध सूचना आवश्यक पर्ने जोकोहीलाई सूचनाको स्रोतको रूपमा सहयोग गर्छ।
- सूचनाको हकलाई सुनिश्चित गर्छ।
- हजयात्रा व्यवस्थापनमा गुणस्तरियता, मितव्ययिता, र प्रभावकारिता ल्याउँछ।
- नेपाल हज समितिको साख अभिवृद्धि गरी मुस्लिम धर्मावलम्बीहरू तथा अन्य सरोकार निकायहरूको विश्वास अभिवृद्धि गर्छ।

**हज व्यवस्थापन सूचना प्रणाली (HMIS) का प्रयोगकर्ताहरू**

हज व्यवस्थान सूचना प्रणाली (HMIS) को प्रयोगमा समय सीमा निर्धारण गरिएको हुन्छ। जिल्ला प्रशासन कार्यालयका प्रयोगकर्ता, इलाका प्रशासन कार्यालयका प्रयोगकर्तालाई हजयात्राको सूचना प्रकाशित भए पश्चात् हजयात्रीको उडान हुने समयसम्म र Self-Registration गर्ने सर्वसाधारणको लागि भने हज आवेदनको दरखास्त आह्वान भएको दिनबाट सूचनामा उल्लेख भएको आवेदन गर्ने अन्तिम दिन हुन्छ। त्यस्तै नेपाल हज समितिका पदाधिकारीहरू तथा कर्मचारीहरूले भने वर्षैभरि नै प्रयोग गर्नु पर्ने हुन्छ। यस HMIS प्रणालीका प्रयोगकर्ताहरू प्रयोग गर्ने प्रकृतिका आधारमा सर्वसाधारण र कर्मचारीहरू दुई प्रकारका छन् भने समय सीमाका आधारमा भने तीन प्रकारमा छुट्ट्याउन सकिन्छ। जसमा १. हज आवेदनको सूचनामा तोकिएको अबधिसम्म मात्र प्रयोग गर्ने सर्वसाधारण प्रयोग कर्ता २. हज आवेदनको सूचना प्रकाशित भए पश्चात् आवेदकहरूको हजयात्रा हुँदासम्म नेपाल हज समितिलको आवश्यकता अनुसार प्रयोग गर्ने जिल्ला तथा इलाका प्रशासन कार्यालयका कर्मचारीहरू ३. नेपाल हज समितिका पदाधिकारीहरू तथा कर्मचारीहरू।

HMIS को प्रयोग कर्ताको प्रकारहरूमा प्रयोगको अधिकारको आधारमा चार प्रकारमा विभाजन गरिएको छ। जसमा १. Super Admin: जसले HMIS मा भएको सबै अधिकारको नियन्त्रण गर्ने र अन्य प्रयोगकर्ताहरूलाई आवश्यकता अनुसार प्रयोगको अनुमती दिने, २. Admin User: Super Admin भन्दा तल बसी जिल्ला, इलाका तथा Self–registration बाट आएका आवेदनहरूको विश्लेषण गर्ने, सम्पादन गर्ने, छनोट गर्ने, आम्दानी तथा खर्चको विवरणमा कार्य गर्ने जस्ता कार्यात्मक अधिकारको व्यवस्था गरिएको हुन्छ, ३. District Admin User: यस्तो प्रकारका प्रयोगकर्ताहरू जिल्ला तथा इलाका प्रशासनका कर्मचारीहरू रहनेछन्। यी प्रयोगकर्ताहरूले हजयात्राको आवेदन सङ्कलन गरी नेपाल हज समितिमा सिफारिस गर्ने कार्य गर्दछन्। District Admin User लाई आवेदकको आवेदन रद्द गर्ने तथा हटाउने अधिकार भने हुँदैन। तर कुनै कागजात नपुगेमा वा रीतपूर्वक नआएको आवेदन भने अस्वीकृत गर्ने वा सिफारिस नगर्ने अधिकार हुन्छ र अन्तिममा ४.Public User: यस्ता user हरू भनेको हज आवेदनको सूचना प्रकाशित भए पश्चात् सक्रिय हुने स्वयं दर्ता (Self-Registration) गर्ने सर्वसाधारणहरू हुन्।

**हज व्यवस्थापन सूचना प्रणाली (HMIS) मा भएका मुख्य मुख्य व्यवस्थाहरू**

नेपालबाट हुने हजयात्रा समयसापेक्ष, भरपर्दो, सहज, सरल, छिटो र छरितो रूपमा व्यवस्थापन गर्न महत्त्वपूर्ण भूमिका रहने अपेक्षाका साथ निर्माण भई सञ्चालनमा ल्याइएको HMIS बाट पूर्ण रूपमा हजयात्राको कार्य

गर्ने सुअवसर भने प्राप्त भइसकेको छैन । विश्वव्यापी रूपमा फैलिएको Covid-19 को असरले सन् २०२० र २०२१ मा हज हुन नसकेको र यसै बिचमा HMIS निर्माण भएको हुँदा यसको प्रयोगमा आउन सक्ने विभिन्न प्राविधिक कठिनाइसँग जुध्न भने बाँकी नै छ । तथापि HMIS निर्माणको उद्देश्य र यसमा भएका व्यवस्थाहरूले आगामी हजयात्रा व्यवस्थापनमा सफलतापूर्वक कार्य गरी आफ्नो कार्यकुशलता यस HMIS प्रणालीले प्रस्ट्याउने कुरामा भने दुई मत छैन । यस हज व्यवस्थापन सूचना प्रणालीमा मुख्य-मुख्य कार्यहरू निम्नानुसार रहेका छन्ः

(क) **सङ्क्षिप्त जानकारीका लागि ड्यासबोर्डः** हजयात्रुहरूको अभिलेखलाई सङ्क्षिप्त रूपमा देखाउन यसको प्रयोग भएको छ । हजयात्रा सम्पन्न गर्ने र विभिन्न कारणले हज जान नसक्ने आवेदकहरूको वार्षिक सङ्ख्यात्मक विवरण यसमा देखाइन्छ ।

(ख) **पूराना आवेदकहरूको विवरणः** HMIS को विकास पूर्व हजयात्राका लागि आवेदन दिएका आवेदकहरूको विवरण प्रिविष्टि गर्ने कार्य यसमा गरिन्छ । साथै आवेदकहरूको खर्चको विवरण र विविध कारणले हज जान नसकेका आवेदकहरूको विवरण पनि यसैमा समावेश गरिएको छ ।

(ग) **हजयात्री विवरण प्रविष्टिः** हज गर्न जाने आवेदकको आवेदन लिने, दर्ता कायमको सूचना मोबाइलमा दिने, विभिन्न चरणमा आवेदकलाई छनोट गरी छनोट भएका आवेदकहरूको उडान विवरण सम्मका कार्यहरू यसै अन्तर्गत पर्दछन् । यस मेनुमा आवेदकले नेपाल हज समितिले तोके बमोजिमको हजयात्रा शुल्क बुझाएको विवरण समेत राख्ने व्यवस्था गरिएको छ ।

(घ) **खर्च विवरण प्रविष्टिः** हज यात्राका लागि आवेदहरूबाट तोकिएको शुल्क प्राप्त गरिसकेपछि नेपाल हज समितिको सचिवालयबाट प्राप्त रकमहरूको खर्च शीर्षक अनुसार खर्च गर्ने अख्तियारी प्राप्त हुन्छ । सोही बमोजिम हजयात्राका लागि हवाई टिकट, साउदी अरबमा हुने Logistic खर्च तथा अन्य खर्चको विवरण यात्रुहरूको जम्मा शुल्कबाट कट्टा हुने गरी यसमा प्रविष्ट हुने व्यवस्था मिलाइएको छ ।

(ङ) **प्रतिवेदनहरूः** HMIS को मुख्य उद्देश्य बमोजिम नै व्यवस्थापकलाई चाहिने विविध प्रतिवेदनहरूको निर्माण गर्ने कार्य यस मेनुमा मिलाइएको छ । प्रतिवेदनहरूमा आर्थिक वर्ष अनुसार, लिङ्ग अनुसार, हजयात्रा सम्पन्न गर्ने वा नगर्नेको विवरण, प्रदेश अनुसार, जिल्ला अनुसारको सारांश प्रतिवेदन तयार गर्न सकिने व्यवस्था रहेको छ ।

माथि उल्लेख भएका कार्यहरू HMIS बाट हुने गरेको छ । ती कार्यहरूमा व्यवस्थापन गरिएका मुख्य मुख्य सुविधाहरूलाई निम्नानुसार बुँदागत रूपमा राख्न सकिन्छ

- हजयात्रुहरूको आवेदनलाई विद्युतीय माध्यमबाट Offline तथा Online दर्ता गर्ने ।
- हजयात्रुहरूले आफ्नो जिल्लाको जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयमा गई यस प्रणाली मार्फत आवेदन दिन सक्ने ।
- यो प्रणालीमा आबद्ध हुनुभन्दा अगाडि आवेदन दिने आवेदकको विवरण प्रविष्टि भएको ।

- आवेदकहरूको शुल्क तथा खर्चको विवरण व्यवस्थापन।
- आवेदकहरूको दर्ता नं. कार्यालय बमोजिम स्वतः निर्माण हुने र दर्ताको जानकारी आवेदकले दिएको मोबाइल नं.(हाल नेपाल टेलिकमको मोबाइल नं. मात्र) मा जाने।
- आवेदकले हजयात्राको लागि तोकएको शुल्क र बैंकको भौचर प्रविष्टि गर्ने व्यवस्था रहेको।
- आवेदकले नेपाल हज समितिले हजयात्राको लागि तोके बमोजिमको शुल्कको किस्ता रकम र बुझाउनु पर्ने स्थानको जानकारी समेत आवेदकको मोबाइलमा दिने व्यवस्था रहेको।
- आवेदक महिला भए मेहरमको विवरण तथा अशक्त वा हज समितिले तोकेको उमेर हद पार गरेको व्यक्तिले सँगै लान सक्ने सहयोगीको विवरण प्रविष्ट गर्न सकिने।
- आवेदक हज यात्राको लागि छनोट भएमा सोको जानकारी र फ्लाइट टाइम सहितको जानकारी मोबाइलमा दिने व्यवस्था भएको।
- व्यक्ति स्वयंले घरमा नै बसी आवेदन दिन मिल्ने (Self-Registration) प्रणालीको विकास गरिएको।
- एक पटक हजयात्रा सम्पन्न गरेका हज यात्रीको विवरण पुन हजयात्राको लागि आवेदन गर्नु परेमा विवरणलाई सिधै पुर्नस्थापन (Retrieve) गर्न सकिने।
- हजयात्राको आवेदन स्वीकृत भएतापनि विविध कारणले हज जान नपाएका आवेदकहरूको रकम फिर्ता गरी लगत कट्टा गर्न सकिने।
- नेपाल हज समितिका सदस्यहरूलाई जम्मा आवेदकको विवरण, पहिलो/दोस्रो चरणमा छनोट भएका तथा अन्तिम चरणमा छनोट भएका आवेदकहरूको छुट्टाछुट्टै विवरण उपलब्ध गराउने गरी प्रबन्ध मिलाइएको।
- उल्लिखित व्यवस्थाहरूका साथै यो प्रणालीलाई नेपाल सरकारको सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत रहेको GIDC को Server मा जडान गरी गृह मन्त्रालयको Domain मा राखी सञ्चालनमा ल्याइएको।
- HMIS प्रणाली सञ्चालन गर्न सजिलो, User Friendly गरी निर्माण भएको छ।

**हज व्यवस्थापन सूचना प्रणाली (HMIS) को सबल पक्षहरू**

- हजयात्रा व्यवस्थापन गर्न खटिने पदाधिकारीहरूलाई आवश्यक भरपर्दो र विश्वसनीय सूचना एकै थलोबाट उपलब्ध गराउँछ।
- हजयात्रा सम्बन्धी विषयमा सरकारले लिने नीति तथा योजना तर्जुमाका लागि यथार्थ र गुणस्तरीय सूचना प्रदान गरी आधार निर्माण गर्छ।
- हजयात्राको सम्बन्धमा अनुगमन, मूल्याङ्कन, तथा प्रतिवेदन तयार गर्नमा सहयोग गर्छ।
- नेपालबाट हजयात्राका सम्बन्धमा हुने कार्यालयका गतिविधिहरू पारदर्शी बनाउँछ।
- हजयात्राका लागि प्रशासकीय लागत, औपचारिकता र प्रक्रिया घटाउँछ।

- हजयात्री छनोट तथा हज जान नसकेका आवेदकहरूको शुल्क फिर्ता गर्ने कार्यको लागि निर्णय निर्माणमा तीव्रता ल्याउँछ ।
- हजयात्री छनोटमा हुन सक्ने सम्भावित अनियमितता तथा अस्पष्टता हटाई जवाफदेहिता बढाउँछ ।
- आवेदकहरूको सूचनाको हकको सुनिश्चिता गर्छ ।
- काममा एकरूपता र स्तरीयता कायम गर्छ ।

**हज व्यवस्थापन सूचना प्रणाली (HMIS) का दुर्बल पक्षहरू**

- HMIS को प्रयोग गर्न कम्प्युटर चलाउन सक्ने आवेदकहरूको लागि मात्र उपयुक्त ।
- नागरिकता, फोटो, पासपोर्ट तथा बैंक भौचरको स्क्यान गरी राख्नु पर्ने भएकोले उपयुक्त स्क्यानर वा गुणस्तरीय मोबाइलको आवश्यकता पर्ने ।
- स्वयं आवेदन प्रणालीको प्रयोग गर्दा आवेदकको विवरणमा विश्वसनीयताको प्रश्न आउन सक्ने।
- आवेदकको गोपनीयता तथा व्यक्तिगत विवरणको गलत प्रयोग हुन सक्ने सम्भावना ।
- अत्यधिक सूचना प्रवाहलाई व्यवस्थित गर्न जटिल । अनावश्यक प्रतिवेदनको व्यवस्था जसले पूर्णरूपमा काम गर्ने गरी निर्माण गर्न आर्थिक बोझ हुने ।
- गोपनीयता कायम गर्ने कुरामा समस्या आउन सक्ने ।
- नेपाल हज समितिको सचिवालयमा तथा जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयमा समेत दक्ष तथा कुशल जनशक्ति चाहिने ।

**हज व्यवस्थापन सूचना प्रणाली (HMIS) का चुनौती**

- HMIS लाई व्यवस्थापन र सञ्चालन गर्न सक्ने दक्ष जनशक्तिलाई नेपाल हज समिति, जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयहरूमा टिकाउनु ।
- नेपाल हज समितिको सचिवालयको लागि प्रविधि सञ्चालनमा आउने विविध समस्या समाधान गर्न सहि नीति र निर्णय लिन सक्ने व्यवस्थापकको पदस्थापन ।
- प्रविधि सञ्चालन र स्थिरताको लागि आवश्यक बजेटको व्यवस्थापन ।
- जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयमा कार्यरत अति व्यस्त रहने कर्मचारीहरूबाट आवेदन प्रविष्टि गर्नु ।
- जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयका लागि आवश्यक स्क्यानर, डेक्सटप कम्प्युटर तथा इन्टरनेटको प्रबन्ध ।
- आवेदकहरूलाई विविध जानकारीका लागि प्रयोग हुने एस.एम.एस. सेवा हाल नेपाल टेलिकमको मोबाइल प्रयोगकर्तालाई मात्र उपलब्ध भएकोमा यस्तो सेवा अन्य मोबाइल सेवा प्रदायक सम्म विस्तार गर्नु ।

- HMIS मा आउन सक्ने समस्या समाधानका लागि बर्सेनी योग्य कम्पनी छनोट गरी सेवा लिनु पर्ने हुँदा बजेटको निरन्तर सुनिश्चितता ।

**हज व्यवस्थापन सूचना प्रणाली (HMIS) को समस्या तथा चुनौतीहरूको सम्भावित समाधानका उपायहरू**

- नेपाल हज समितिमा कार्यरत HMIS सञ्चालन तथा व्यवस्थापनको कार्यमा खटिने कर्मचारीलाई कार्यालयले विविध पक्षबाट प्रोत्साहन गरी राख्ने ।
- यस्ता कर्मचारीको सरुवा बढुवा हुँदा आउने अर्को कर्मचारीलाई पूर्व कर्मचारीबाट आवश्यक जानकारी दिने व्यवस्था मिलाउने ।
- HMIS को मुख्य प्रयोगकर्ता जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयका कर्मचारीहरू भएकाले ती कार्यालयहरूमा Focal Person तोकी HMIS को सम्बन्धमा वार्षिक रूपमा तालिम अनिवार्य गराउने ।
- वार्षिक बजेट तथा कार्यक्रम निर्माण गर्दा HMIS को लागि आवश्यक कार्यक्रम र बजेटको व्यवस्था गर्ने ।
- हजयात्रा आवेदनको लागि सूचना प्रकाशित भएपछि हज आवेदन सङ्कलन, छनोट तथा हज यात्रा समापन समयावधिसम्म हजयात्रा व्यवस्थापन तथा HMIS को सञ्चालनमा कार्यरत कर्मचारीहरूलाई कार्यसम्पादनको आधारमा यथोचित प्रोत्साहन भत्ताको व्यवस्था वार्षिक बजेटमा नै सुनिश्चित गर्ने ।

**सारांश**

सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित र सर्वसुलभ बनाउन सूचना प्रविधि (Information Technology)को प्रयोग गरी उपयुक्त व्यवस्थापन सूचना प्रणाली (MIS)को विकास गर्नु आजको आवश्यकता हो । एक्काइसौं शताब्दीको यो सूचना प्रविधिको युग हो । अझ भनौं विश्वका विकसित राष्ट्रहरू त अत्याधुनिक सूचना प्रविधिमा (Artificial Intelligence in IT) गईसके । नेपाल अल्पविकसित राष्ट्र भएर पनि सूचना प्रविधिको क्षेत्रमा राम्रै विकास भएको छ । कतिपय सार्वजनिक सेवा विद्युतीय माध्यमबाट सञ्चालन हुन थालि सकेको परिप्रेक्ष्य हजयात्राका लागि आवेदकहरूको विवरण सङ्कलन, विश्लेषण, छनोट जस्ता कार्यहरूलाई विद्युतीय माध्यमबाट गर्ने प्रणालीको विकास गर्नु खासै कठिन विषय भने होइन । तथापि नेपाल हज समितिबाट निर्माण गरिएको HMIS सञ्चालन गर्दा विविध समस्याहरू भने आउन सक्छन् । HMIS को प्रयोगमा प्राथमिक युजरको रूपमा रहने जिल्ला प्रशासन कार्यालयका कर्मचारीहरू अति नै व्यस्त रहने गर्दछन् साथै जिल्ला प्रशासन कार्यालयमा कर्मचारीको अभाव हुने गरेको विषय विभिन्न सञ्चार माध्यममा आउने गरेको छ । अत्याधिक कार्यबोझले निरुत्साहित कर्मचारीहरूबाट HMIS को प्रयोग गर्नु मुख्य चुनौतीको रूपमा रहेको छ । गृह मन्त्रालय अन्तर्गत रही एक स्थायी समितिको रूपमा रहने नेपाल हज समितिमा राजनीतिक आस्थाको आधारमा नियुक्त हुने पदाधिकारीहरूको मनोविज्ञान व्यवस्थापन सूचना प्रणालीको विकास तथा प्रयोग जस्तो विषयमा भन्दा अन्यत्र हुने भएकोले उनीहरूबाट HMIS ले आवश्यक बजेट तथा तदारुकताका साथ सहयोग पाउने कुरामा सन्देह देखिन्छ । त्यस्तै नेपाल हज समितिको सचिवालयमा छिटो छिटो परिवर्तन हुने सदस्य

सचिव तथा अन्य कर्मचारीहरूले HMIS को निरन्तरतामा आशङ्का दर्साउँछ। गृह मन्त्रालयमा पदस्थापन हुने उपसचिव कर्मचारीहरूको ध्यान प्रमुख जिल्ला अधिकारी बन्ने तर्फ बढी केन्द्रित हुने देखिएकोले हज समितिको सदस्य सचिवमा पदस्थापन हुँदा हेयको भाव हुने बुझिएकोले नेपाल हज समितिले अपेक्षित कार्य गर्न नसकेको कुरा प्रस्ट्याउँछ। यावत् कुरा हुँदाहुँदै पनि जुन उद्देश्यको साथ HMIS को निर्माण भई सञ्चालनमा आएको छ त्यो ज्यादै नै सह्रानीय छ। आगामी दिनमा हजयात्रा व्यवस्थापनमा HMIS को प्रयोग गरी यसमा आउने समस्याहरूको समाधान गराई यसलाई एउटा परिपक्व प्रणालीको रूपमा विकास गर्न सकिने देखिन्छ।

**सन्दर्भ सामाग्रीहरू**

*नेपालबाट हुने हज व्यवस्थापन; संक्षिप्त जानकारीः नेपाल हज समितिको सचिवालय, सिंहदरवार, काठमाण्डौ।*

*https:\\sabharbas.blogspot.com\2019\10\blog–post_45.html*

*https:\\bolanyathali.com\2020\8546*

*हज एक जानकारी २०७८ः नेपाल हज समितिको सचिवालय, सिंहदरबार, काठमाडौं।*

# हज लेखा तथा जिन्सी प्रणालीको सङ्क्षिप्त जानकारी





**कैलाश पोखरेल, ना.सु.,**
**भरतराज सिग्देल, लेखापाल,**
*नेपाल हज समितिको सचिवालय*

**क. पृष्ठभूमी**

कुनै पनि संस्थामा हुने आर्थिक कारोबारको अभिलेख राख्ने, अभिलेख प्रशोधन गर्ने तथा आर्थिक प्रतिवेदनका माध्यमबाट सम्बन्धित पक्षलाई जानकारी गराउने प्रणालीलाई लेखा प्रणाली भनिन्छ। यसबाट हरेक संस्थाको वित्तीय विवरणको यथार्थ चित्रण हुन्छ।

नेपाल सरकारले तोकेको ढाँचामा प्रचलित कानून, ऐन नियम, नीति, कार्यक्रम तथा निर्णय, आदेश तथा मापदण्ड समेतलाई आधार मानी कारोबारको यथार्थ विवरण देखिने गरी राखिने आर्थिक कारोबारको अभिलेखलाई नेपाल सरकारको लेखा वा सरकारी लेखा प्रणाली भनिन्छ। लेखा प्रणालीका विभिन्न प्रकार मध्ये दोहोरो श्रेस्ता प्रणाली नेपाल सरकारले प्रयोगमा ल्याएको लेखा प्रणाली हो।

नेपाल सरकार र प्रदेश सरकारका सम्पूर्ण सरकारी कार्यालयहरूको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र जवाफदेहिताको साथै विद्युतीय सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता, गुणस्तरीयता र प्रभावकारिता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले विकास गरेको खर्च लेखाङ्कन तथा प्रतिवेदनको लागि क्रियाकलापमा आधारित सरकारी लेखा प्रणाली (Computerized Government Accounting System, CGAS) आर्थिक वर्ष२०७७/०७८ देखि अनिवार्य रूपमा लागू भएको छ।

हजयात्रा व्यवस्थापनका लागि नेपाल हज समितिको कार्यविधि २०७२ अनुसार प्रचलित आर्थिक कार्यविधि अनुसार आर्थिक कारोबार तथा जिन्सी व्यवस्थापन गर्ने दायित्व नेपाल हज समितिको सचिवालयको रहेको छ। आर्थिक कारोबारका लागि नेपाल हज समितिमा मूलतः दुई वटा बैंक खाता रहेका हुन्छन्। एउटा बैंक खातामा हजयात्राका लागि आवश्यक पर्ने रकम हजयात्रुहरूबाट सङ्कलन गर्ने गरिन्छ भने अर्को बैंक खातामा हजयात्रा व्यवस्थापनको लागि नेपाल सरकार गृह मन्त्रालयबाट प्राप्त हुने अनुदान रकम रहने गर्दछ।

नेपाल हज समितिको सचिवालय हालसम्म छुट्टै खर्च गर्ने इकाईको रूपमा अभिलेखीकरण नभएता पनि गृह मन्त्रालयबाट प्राप्त अनुदान तथा हजयात्रुहरूबाट सङ्कलित रकमको व्यवस्थापन गर्ने कार्यका लागि खर्च गर्ने इकाईको रूपमा नै सञ्चालनमा रहेको छ। यसलाई खर्च गर्ने इकाईको रूपमा कार्यालयगत बजेट कोड प्राप्तिको लागि नेपाल सरकार अर्थ मन्त्रालयमा अनुरोध समेत गरिएको छ। यसै सन्दर्भमा क्रियाकलापमा आधारित सरकारी लेखाप्रणाली (Computerized Government Accounting System, CGAS)

राख्नुपर्ने प्रचलित कानूनी व्यवस्था रहेता पनि छुट्टै कार्यालय बजेट कोड नभएका कारण यस सचिवालयमा सो प्रणाली अवलम्वन हुन सकेको छैन । साथै महालेखा नियन्त्रक कार्यालयबाट सञ्चालन हुने Public Asset Management System-PAMS मा समेत आबद्ध नभएका कारण सचिवालयको जिन्सी प्रणाली अपेक्षाकृत व्यवस्थित रहेको देखिदैन । यसबाट CGAS को मान्यता अनुसार आर्थिक स्रेस्ताको अभिलेखीकरण, आर्थिक प्रतिवेदन, भुक्तानी सन्तुलन, लेखापरीक्षण लगायतका विषयहरूमा जोखिम रहेको देखिन्छ । फलतः नेपाल हज समितिको सचिवालयको नाममा वर्षेनी ठूलो परिमाणमा बेरुजुको मात्रा बढ्दै गएको समेत महालेखापरीक्षकको कार्यालयबाट हुने लेखापरीक्षण प्रतिवेदनबाट बुझ्न सकिन्छ ।

नेपाल हज समितिको सचिवालयमा रहेका उक्त समस्यहरूको समाधानका लागि आर्थिक वर्ष २०७७/७८ देखि ऋन्ब्क तथा PAMS अनुकूल हुने गरी लेखा एवम् जिन्सी प्रणाली विकास गरी कार्यान्वयन गर्न सुरुवात गरिएको छ ।

**ख. नेपाल हज समितिको लेखा तथा जिन्सी प्रणाली**

नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत रहेको नेपाल हज समितिको सचिवालयमा लेखा राख्ने प्रक्रिया परम्परागत र पुरानै ढाँचामा रहेको र हाल नेपाल सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रक कार्यालयले सञ्चालनमा ल्याएको प्रविधि अनुरूप हुन सकेको छैन । दक्ष प्रविधिमैत्री जनशक्ति हुँदाहुँदै परम्परागत ढाँचामा लेखा तथा जिन्सी अभिलेख राख्नुपर्ने बाध्यताको मूल जड कानूनी जटिलता हो । फलतः प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनी व्यवस्थाले अपेक्षा गरे अनुसार आर्थिक तथा जिन्सी प्रणाली कायम हुन नसेकेको अवस्था विद्यमान रहेको छ ।

नेपाल सरकारले सरकारी लेखा प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्ड विधी अनुरूप सञ्चालनमा ल्याउन TSA/CGAS/ विधि अनुसार लेखा राख्ने, PAMS विधि अनुसार भण्डार तथा सम्पतिको अभिलेख, NEW RMIS विधि अवलम्बन गरी राजस्वको लेखा राख्ने प्रविधिमूलक श्रेस्ता प्रणाली अङ्गीकार गरेको र NEPSAS विधि अनुरूप प्रतिवेदन तयार गर्न सुरु गरेको अवस्थामा नेपाल हज समितिको लेखा बैकमा खाता खोल्ने, रकम जम्मा गर्ने, चेक लेख्ने, रकम निकाल्ने, वितरण गर्ने, प्रविधिरहित किसिमले स्रेस्ता राख्नु पर्ने बाध्यताले समयमा प्रतिवेदन तयार नहुने, प्रतिवेदन विश्वसनीय नहुने, समयमा भुक्तानी नहुने समस्याले सेवा प्रवाहमा नकरात्मक प्रभाव परेको सन्दर्भमा आ.व.२०७७/७८ देखि यस सचिवालयले TSA/CGAS तथा PAMS अनुकूल हुने गरी आफ्नै लेखा तथा जिन्सी प्रणाली अनुरूपको सफ्टवेयर विकास गरी कार्यान्वयनमा ल्याए पश्चात् विश्वसनीय अभिलेखन र प्रतिवेदन तयार भएको छ । जसको ज्वलन्त जसको ज्वलन्त उदाहरण आ.व.२०७७/७८ को लेखा परीक्षणको बेरूजु अङ्क रहित प्रतिवेदनले पुष्टि गरेको छ ।

१. **हज समितिको सचिवालयले प्रयोगमा ल्याएको लेखा तथा जिन्सी प्रणालीको विशेषता**

- नेपाल हज समितिमा मूलत दुई वटा बैंक खाता रहेका छन । एउटा बैंक खातामा हजयात्राका लागि आवश्यक पर्ने रकम हजयात्रुहरूवाट सङ्कलन गर्ने गरिन्छ भने अर्को बैंक खातामा हजयात्रा व्यवस्थापनका लागि नेपाल सरकार गृह मन्त्रालयबाट प्राप्त हुने अनुदान रकम रहने गर्दछ ।

- सरकारी लेखाप्रणाली (Computerized Government Accounting System, CGAS) राख्नुपर्ने प्रचलित कानूनी व्यवस्था रहेता पनि सचिवालय अर्थ मन्त्रालयको अभिलेख अनुसार छुट्टै कार्यालयको कोड पहिचान नभएका कारण CGAS तथा PAMS अनुकूल हुने गरी छुट्टै लेखा तथा जिन्सी प्रणाली विकास तथा सञ्चालन गरिएको छ। साथै नेपाल सरकारले कार्यान्वयनमा ल्याएको लेखा प्रणाली अनुरूपको लेखाङ्कन तथा अभिलेखीकरण एवम् जिन्सी व्यवस्थापन गर्ने गरिएको छ।
- हजयात्रुहरूले नेपाल हज समितिमा जम्मा गरेको रकम विविध कारणले फिर्ता गर्नुपरेमा IPS Connect विधिबाट फिर्ता गर्ने गरिएको छ।
- छुट्टै कार्यालय बजेट कोड नभएका कारण LMBIS मार्फत बजेट प्राप्त नभई अनुदानका रूपमा चेक मार्फत बजेट प्राप्त हुने र सोही अनुसार खर्च व्यवस्थापन हुने। साथै परम्परागत विधि अनुरूप बैंकमा खाता खोली चेक मार्फत भुक्तानी दिनु पर्ने अवस्था विद्यमान रहेको छ।
- प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन/नियमावलीले तोकेको ढाँचामा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी नेपाल हज समितिको निर्णयबाट अनुमोदन भई नेपाल सरकार गृह मन्त्रालयबाट स्वीकृत भएपश्चात् कार्यक्रम तथा बजेट कार्यान्वयन हुने गरेको छ।
- हजयात्रुहरूबाट सङ्कलित रकम हजयात्रुहरूकै लागि खर्च हुने गरेको छ। हजयात्रुहरूबाट सङ्कलित रकम हवाई टिकट, खाना, आवास, परिवहन लगायतका शीर्षकहरू खर्च हुने गर्दछन्। नेपाल-साउदी अरब-नेपाल दुईतर्फी हवाई टिकटको व्यवस्थापन नेपाल हज समितिको सचिवालयबाट र साउदी अरबको मक्का मदिनामा हजयात्रुहरूको लागि खाना, आवास, परिवहन लगायतका शीर्षकहरू साउदी अरबको जेद्दा स्थित महावाणिज्य दूतावास मार्फत खर्च हुने गर्दछ। यसका लागि आवश्यक रकम नेपाल हज समितिको सचिवालयले नेपाल सरकार परराष्ट्र मन्त्रालय मार्फत महावाणिज्य दूतावासलाई अख्तियारी दिने गरेको छ।
- महावाणिज्य दूतावासले गर्ने सम्पूर्ण खर्चहरू सचिवालयबाट पेश्की स्वरूप उपलब्ध हुने व्यवस्थाका कारण समयमानै बिल भर्पाई प्राप्त नभई महालेखा परीक्षकको कार्यालयबाट हुने लेखापरीक्षणको क्रममा स्रेस्ता परीक्षण गराउन नसकेका कारण वर्षेनी बेरुजु बढ्दै गएको छ।
- वैदेशिक विनिमय दरमा हुने फेरबदलका कारण सचिवालयबाट महावाणिज्य दूतावास पठाईएको रकम घटबढ हुने अवस्थाले वास्तविक आर्थिक कारोबारमा समस्या हुने गरेको छ।
- हजयात्रुहरूबाट सङ्कलित रकम बैंकमा जम्मा हुदा नियमानुसार ब्याज रकम प्राप्त हुने गरेको छ तर नेपाल हज समिति कार्यविधि २०७२ अनुसार उक्त ब्याज रकम कसरी खर्च गर्न सकिने हो सो स्पष्ट नभएका कारण कोषबाट सिर्जित ब्याज रकम खर्च गर्न नसकिएको अवस्था छ। यसलाई खर्च गर्न सक्ने गरी कार्यविधि संशोधन हुनु जरुरी देखिन्छ।

## २. जिन्सी प्रणाली

- सरकारी निकायहरूमा अनिवार्य रूपमा PAMS को प्रयोग हुन थालेको र हज समितिमा छुट्टै कार्यालय कोड नभएकोले PAMS को अवधारणा बमोजिमको सफ्टवेयर बनाउन आवश्यक

रही आ.व.२०७८/०७९ देखि लागू हुने गरी नेपाल हज समितिको सचिवालयले Hajj store Management system (HSMS) सफ्टवेयर बनाई यसको प्रयोग हुन थालेको छ।

- जिन्सी प्रणालीको प्रयोगबाट नेपाल हज समितिको सचिवालयको जिन्सी सामग्रीहरूको वास्तविक अभिलेखीकरण हुने, मालसामानको संरक्षण हुने, जिन्सी मालसामानको अनावश्यक खरिद हुन नदिने, जिन्सी श्रेस्तामा एकरूपता कायम हुने, जिन्सी मालसामानको लिलाम बिक्री, मिन्हा र हस्तान्तरणको लेखा राख्न सहज हुने, कार्यालयमा नियमित कार्य सञ्चालन गर्न मद्दत हुने, सरकारी सम्पतिको कुशल व्यवस्थापन हुने लगायत जिन्सी अनुशासन कायम हुने अवस्था रहेको छ।
- यस प्रणालीबाट Multi User स्टोर किपर र कार्यालय प्रमुख वा कार्यालय प्रमुखले तोकेको व्यक्तिबाट एक साथ चलाउन सकिने, जिन्सी सामाग्रीको माग तथा संरक्षणको जिम्मेवारी शाखागत तथा कर्मचारीगत रूपमा दिन सकिने, सामग्री उपलब्ध गराउने संस्थाहरूको सूचीकरण र जिन्सी सामान प्रविष्टि लगायतको विशिष्टीकृत (कोडिङ्) गर्न सकिने, हस्तान्तरण भइ आएको तथा हस्तान्तरण गरिएको सामानहरूको छुट्टाछुट्टै प्रविस्टी गर्ने व्यवस्था, दाखिला भएका प्रत्येक सामान तथा दाखिला भएका सबै सामानहरूको एकमुष्ट प्रतिवेदन प्राप्त गर्न सकिने साथै प्रत्येक आ.व.मा प्रविष्टि गरिएका सम्पूर्ण जिन्सी निरिक्षण प्रतिवेदन समेत तयार गर्न सकिने लगायतका विशेषताहरू रहेका छन्।

### ग. सुधार गर्नुपर्ने पक्षहरू

- नेपाल हज समिति तथा सचिवालय केवल कार्यविधि मार्फत सञ्चालनमा रहेको छ। नेपाल सरकार अन्तर्गत कोष सञ्चालन तथा व्यवस्थापन कार्य कार्यविधि अन्तर्गत गठिन समिति तथा सचिवालयले सञ्चालन गर्न नसक्ने भएकोले नेपाल हज समितिको औचित्यताका आधारमा छुट्टै ऐन जारी गरी कोष परिचालन तथा व्यवस्थापन गरिनुपर्ने।
- हजयात्रीहरूले नेपाल हज समितिको नाममा रहेको बैंक खातामा नभई नेपाल सरकारबाट तोकिएको राजस्व शीर्षकमा जम्मा गर्ने र नेपाल सरकार अर्थ मन्त्रालयबाट सोही अनुसारको बजेट नेपालमा खर्च हुने शीर्षकको हकमा नेपाल हज समितिको सचिवालयमा र साउदी अरबमा हुने खर्चका शीर्षकहरूको लागि आवश्यक पर्ने रकम परराष्ट्र मन्त्रालय मार्फत महावाणिज्य दूतावासमा अख्तियारी उपलब्ध हुने व्यवस्था गर्नुपर्ने।
- नेपाल हज समितिको सचिवालयका लागि अर्थ मन्त्रालयबाट छुट्टै कार्यालय बजेट कोड उपलब्ध हुनुपर्ने र सोही अनुसार LMBIS मार्फत वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयन भई CGAS कार्यान्वयन गरिनुपर्ने।
- हजयात्राका लागि आवश्यक शुल्क रकम जम्मा गरेका तर विशेष कारणवस जान नपाएकाहरूलाई सचिवालयको नाममा छुट्टै खर्च शीर्षकमा बजेट व्यवस्था गरि रकम फिर्ताको सहज व्यवस्था गरी दिने व्यवस्था मिलाउने।

- हज यात्रीले आवेदन साथमा नै पहिलो किस्ता वापत करिब एक लाख जम्मा गर्नुपर्ने प्रावधान रहेको तर आवेदन दिएको वर्ष हज गर्न पाउने सुनिश्चितता नहुने भएका कारण नेपाल हज समितिमा हजयात्रुको रकम लामो समयसम्म जम्मा भइरहने अवस्था देखिएकाले आवेदनको बेला केवल आवेदन दस्तुर मात्र लिएर आवेदन दर्ता गर्ने र अन्तिम छनोट भएपछि मात्र आवश्यक शुल्क रकम जम्मा गर्नुपर्ने गरी कार्यविधिमा व्यवस्था गरिनुपर्ने।
- महावाणिज्य दूतावास मार्फत खर्च भएको रकमको नियमानुसार लेखापरीक्षण गराउने दायित्व सोही निकायको हुने गरी व्यवस्था मिलाउने।
- हजयात्रुहरूको लागि नेपाल-जेद्दा-नेपाल सम्मको दुईतर्फि हवाई सेवा नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको नेपाल वायु सेवा निगम मार्फत गर्नुपर्ने।
- नेपाल हज समितिको सचिवालयमा कार्यरत कर्मचारी निरन्तर सरुवा भईरहने विगतको अवस्थालाई अन्त्य गर्न प्रचलित नियमानुसारका विशेष प्रोत्साहनमूलक सुविधाहरू जस्तै हजयात्राको समयमा अतिरिक्त समय काम गरे वापतको खाना खाजा खर्च लगायत उपलब्ध हुनुपर्ने।
- हजयात्राको सम्पूर्ण कार्यहरू विद्युतीय प्रणालीमा आवद्ध हुने भएकोले जस्तै ज:क्ष्व, लेखा तथा जिन्सी प्रणाली मार्फत सञ्चालन हुने अवस्था रहेकोले IT मा दक्ष कर्मचारी व्यवस्थापन गरिनुपर्ने।

## घ. निष्कर्ष

दुई दशक पुरानै लेखा पद्दति अनुरूप लेखा राख्ने प्रचलनलाई समय सापेक्ष प्रविधि अनुरूप लेखा तथा जिन्सी व्यवस्थापन गर्न कानूनी एवम् व्यवहारिक कठिनाइ झेल्दै रहेको नेपाल हज समितिको लेखा तथा जिन्सी प्रणालीलाई सुधार गर्न आवश्यक रहेको छ। यस सन्दर्भमा आर्थिक वर्ष २०७७/७८ देखि नेपाल हज समितिको सचिवालयका सम्पूर्ण कार्यहरू विद्युतीय प्रणालीमा आवद्ध गर्ने योजना अनुसार हज व्यवस्थापन सूचना प्रणाली, हज लेखा तथा जिन्सी प्रणाली, हज अभिलेख व्यवस्थापन प्रणालीको विकास तथा सञ्चालन गर्न थालिएको छ। यद्यपि नेपाल सरकार अर्थ मन्त्रालयबाट यस सचिवालयको नाममा छुट्टै कार्यालयगत बजेट कोड प्राप्त नभएसम्म सचिवालयले प्रयोगमा ल्याएको प्रणाली प्रचलित आर्थिक तथा जिन्सी प्रणालीसँग आवद्ध हुन नसक्ने भएकोले यसको प्रभावकारिता अपेक्षाकृत हुनसक्ने देखिँदैन।

## सन्दर्भ सामाग्री

*नेपाल हज समिति कार्यविधि २०७२*

*हज सूचना व्यवस्थापन प्रणाली, नेपाल हज समितिको सचिवालय*

*हज लेखा तथा जिन्सी प्रणाली, नेपाल हज समितिको सचिवालय*

*आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६*

# हजयात्रा सम्बन्धी जानकारी



**शमशेर मियाँ**
*अध्यक्ष, नेपाल हज समिति*

**१. हज परिचय**

इस्लाम धर्मका पाँच आधारस्तम्भहरू मध्ये हज एक हो । पाँच आधारस्तम्भहरू इमान (आस्था), नमाज (प्रार्थना), रोजा (व्रत), जकात (दान) र हज (तीर्थ) हुन् । हज शब्दको अर्थ "धार्मिक यात्रा गर्नु हो" । इमान, नमाज र रोजा यी तीन कार्यहरू सम्पूर्ण इस्लाम धर्मावलम्बीहरूको लागि अनिवार्य शर्तहरू हुन् भने वर्षमा एक पटक जकात र जीवनमा एक पटक हज आर्थिक रूपमा सक्षम व्यक्तिका लागि मात्र अनिवार्य हो । जुन व्यक्तिले हजयात्राका लागि आवश्यक खर्च सहज तवरले जुटाउन सक्छ त्यस्तो व्यक्तिका लागि मात्र हज अनिवार्य छ । हजयात्रालाई विश्वकै सबैभन्दा ठूलो धार्मिक कार्यक्रमको रूपमा लिइन्छ ।

इस्वी संवत्, विक्रम संवत् र नेपाल संवत् जस्तै इस्लाम धर्मावलम्बीहरूको छुट्टै पात्रो हिजरी संवत्को १२ औँ महिना जिल्हिज्जा हो । उक्त महिनामा विश्वभरबाट इस्लाम धर्मावलम्बीहरू हजका लागि साउदी अरबको मक्का तथा मदिनामा जाने गर्दछन् । मक्का र मदिना दुवै ऐतिहासिक तथा पवित्र सहर हुन् । मक्का अल्लाहको उपासनाका लागि बनाइएको पहिलो अल्लाहको घर 'कावा' हो र त्यतैतिर फर्केर विश्वका सम्पूर्ण इस्लाम धर्मावलम्बीहरू नमाज पढ्ने गर्दछन् । अल्लाहको अन्तिम सन्देष्टा हजरत मोहम्मद सल्लल्लाहु अलैहिवसल्लमको जन्म भएको हो र मदिना उहाँको समाधिस्थल हो ।

केरान, तमत्तो र इफराद गरी हज तिन किसिमका हुन्छन् ।

**क. केरान**

हजका सम्पूर्ण किसिमहरू मध्ये केरानलाई सबभन्दा उत्कृष्ठ (अफ्जल) हज भनेर बुझिन्छ । यसमा उमरा र हज दुवैको एहराम सँगै बाँधिन्छ । उमरा गरिसकेपछि कपाल नकाटीकन र एहराम नफुकालीकन दसौं एहरामले वर्जित गरेका सम्पूर्ण कुराहरू पालना गर्दै कुर्बानी नगरेसम्म एहरामकै अवस्थामा बस्नुपर्छ ।

**ख. तमत्तोअ**

यस प्रकारको हज गर्दा सर्वप्रथम उमरा गरिन्छ र त्यसपछि कपाल कटाएर एहराम फेरिन्छ । आठ (८) जिल्हिज्जाका दिन पुनः एहराम बाँधेर हजका अन्य क्रियाकर्महरू गरिन्छ। र यो हज गर्ने सबैभन्दा सरल तरिका हो । नेपालीहरूले गर्ने हज तमत्तोअ हो ।

**ग. इफराद**

यस प्रकारको हज गर्दा उमरा गरिदैंन ।

**हजका अनिवार्य सर्तहरू**

**एहराम**ः एहराम एक किसिमको सेतो रङ्गको नसिलाएको कपडाका दुई (२) टुक्राहरू हुन् । एक टुक्रा शरीरको कम्मर भन्दा मुनिका भागहरूमा बेरिन्छ । एहराम मिकातमा पुगेर अनिवार्य रूपमा बाँधिसकेको हुनुपर्छ । महिलाहरू आफूले जस्तो कपडा लगाएका छन् त्यही कपडामा उमरा गर्न सक्छन् । एहराम बाँधिसकेपछि निम्नलिखित क्रियाकलापहरू गर्नु हराम (निषेध) हुन्छः सिलाइएको लुगा लगाउनु, टोपी लगाउनु वा टाउकोमा कुनै प्रकारको कपडा राख्नु, मोजा लगाउनु, इतर (scent) प्रयोग गर्नु, यौन तथा अन्य शारीरिक सम्पर्क राख्नु, झैझगडा तथा गालीगलैज गर्नु, नङ् काट्नु वा काट्न लगाउनु ।

एहराम बाँधिसकेपछि र उमराकालागि नियत गरिसकेपछि तल्बियह गर्नुपर्छ ।

**उमरा गर्ने तरिकाः**

**इस्तेलाम**ः हजयात्रीहरू जहाजबाट ओर्लिएपछि सिधै काबा (अल्लाहको घर) प्रस्थान गरी काबामा सात पटक हज्रे अस्वदलाई नजिकबाट हातले छोएर वा टाढाबाट इसाराले चुम्दै परिक्रमा गर्नुपर्दछ यसलाई इस्तेलाम भनिन्छ । सात पटक परिक्रमा गर्दा प्रत्येक पटक हज्रे अस्वदलाई चुमेर सुरु गर्नुपर्दछ । हज्रे अस्वदलाई चुम्बन गर्न सम्भव नभएमा हातले इशारा गरेर सुरू गर्नुपर्दछ ।

**इज्तेबाअ वा रमल तवाफे कुदूम**ः मक्का पुगिसकेपछिको पहिलो तवाफमा पुरुषको लागि रमल र इजतेबाअ मसनुन जरुरी हुन्छ । यो इजतेबाअ वा रमल तवाफे कुदूम महिलाले चाँहि गर्नु पर्दैन । रमल सुरुका तीन चक्करमा मात्रै र इजतेबाअ पूरै तवाफ भरि नै गर्नुपर्छ ।

काबामा सात पटक परिक्रमा गर्दा प्रत्येक पटक मस्नुन दुआहरू पढ्नुपर्दछ । साथै आफूलाई चाहिएका अरू दुआहरू आफ्नै भाषामा समेत पढ्न सकिन्छ । दुआहरू नजानेको खण्डमा आफूले जानेको कुनै पनि दुआ पढ्न सकिन्छ । काबाको सातपटक परिक्रमा गरिसकेपछि मकामे इब्राहिमको पछाडिपट्टि गएर दुई (२) रकत नमाज पढ्नुपर्दछ । ठाउँ नपाए आसपासका अन्य ठाउँमा बसेर पढ्दा हुन्छ ।

**जमजम**ः काबाको परिक्रमा र दुआ गरिसकेपछि जजमजमको पानी पिउने गरिन्छ । जमजमको पानी पिउँदा मनमा रहेको मनोकामना पूरा हुने मान्यता रहेको छ । जजमजमको पानी पिउँदा समेत दुआ पढ्नुपर्दछ ।

**हल्क**ः पुरुषले आफ्नो कपाल कटाउनुपर्ने हुन्छ र महिलाको हकमा केही रौं मात्र काटे पुग्छ । यसपश्चात् उमरा पूरा हुन्छ ।

काबाको परिक्रमा पश्चात् अल् सफा र अल् मर्वह माउण्टको सई (ओहोर दोहोर) गर्ने गरिन्छ । काबासँगैको ऐतिहासिक अल् सफा र अल् मरवा नामका दुई पहाडमा एक अर्कामा ओहोर दोहोर गरी सात पटक सैई गर्नुपर्ने

हुन्छ । अल् सफा र अल् मर्वह माउण्टको सई गर्दा हरियो बत्ती बालिएको ठाउँमा पहिलेभन्दा बढी गतिमा हिँड्नुपर्ने हुन्छ र यसबिच गरिएको हरेक दुआ कुबुल हुने गर्दछ ।

२. **हज तरिका**

इस्लाम धर्मावलम्बीहरूको पात्रो अनुसार मजिल्हिज्जा महिनाको ८ तारिखबाट हज सुरु हुन्छ। हज ८ तारिखबाट ५ वा ६ दिनसम्म गरिन्छ। हजको तयारीका लागि ८ तारिख भन्दा १ दिन अगावै हजका लागि एहराम बाँध्ने र हजको नियत (ईरादा) गर्नुपर्ने हुन्छ। हजको समयमा ५ दिनसम्म गरिने धार्मिक कार्यलाई निम्नानुसार उल्लेख गरिएको छः

**पहिलो दिन** (८ **तारिख**)**: मिना प्रस्थान**

विश्वका जुनसुकै कुनाबाट हज गर्न गएको भए पनि जिल्हिज्जा महिनाको ८ तारिखका दिन बिहानको नमाज (फज्रको प्रार्थना) पछि मक्का सहरदेखि केही किलोमिटर परको मिनामा जानुपर्छ। मिना एक ऐतिहाँसिक स्थान हो । मिनामा हजमा हजमा सहभागी हुने लाखौं हजयात्रीको बासका लागि साउदी सरकारले खेमा (टेन्ट) को व्यवस्था गरेको हुन्छ। खेमामा सुविधासम्पन्न अस्पतालहरू, आपतकालीन भवनहरू, शौचालय, एअरकूलर, पिउनेपानी र खाना लगायतका सुविधाहरूको व्यवस्था गरिएको हुन्छ। झण्डै ३० किलोमिटर क्षेत्रमा हजयात्रीकै लागि लाखौं स्थायी खेमा बनाएको छ। खेमा हजयात्रामा मात्रै प्रयोग हुन्छन्। दिनभरि मिनामा बस्ने र अल्लाह तआलाको धेरैभन्दा धेरै इबादत गर्नु पर्दछ। मिनामा बस्दा सकेसम्म नमाज मस्जिदे खैफमा पढ्नुपर्दछ।

**दोस्रो दिन** (९ **तारिख**)**: अरफात मैदान प्रस्थान**

एक रात मिनाको खेमा (टेन्ट) मा बिताएपछि नौ (९) जिल्हिज्जाका दिन हजयात्रीहरू फज्रको नमाज (बिहानको प्रार्थना) पछि पवित्र अरफात मैदान प्रस्थान गर्नुपर्दछ। अरफात मैदान मिनाबाट साँढे नौं किलोमिटर टाढा छ। हजमा सहभागी सबै हजयात्री एकै समयमा मिनाबाट अराफातका लागि निस्कनुपर्ने हुन्छ। त्यहाँ जान सवारी साधन वा पैदल जुन तरिकाले पनि जान सकिन्छ। रेलको पनि सुविधा रहेको छ।

लाखौं मानिस एकै मैदानमा एउटै समयमा भेला हुँदा कैयौं देशका तीर्थालु तितरवितर हुने सम्भावना पनि हुन्छ। मिनाबाट अराफातसम्म निकै फराकिलो बाटो छ। बाटोमा हजयात्रीका लागि लाखौं शौचालय, पानीका धारा र नमाज पढ्न मस्जिद बनाइएको छ। मिनादेखि अराफातसम्म जान वृद्ध, वृद्धा लागि निकै चुनौतीपूर्ण काम हो। अराफातमा रहँदा समयमा तोकिएको दुआ र आफूलाई चाहिएका दुआहरू अधिकतम् पढ्ने गर्नुपर्छ।

**अराफातसँग सम्बन्धित केही शर्तहरू यस प्रकार छन्। जुन पूरा गर्नु बाध्यकारी मानिन्छः**

क. वकुफे अरफाः अराफातको मैदानमा एकछिन भए पनि उपस्थित नभई हज पूरा हुँदैन । मैदानमै मस्जिदे नम्रह नामको मस्जिद छ । मस्जिद भित्र एकै पटक सात लाख भन्दा बढीले नमाज पढ्न सक्ने व्यवस्था छ। अराफातमा बस्दा सकेसम्म नमाज मस्जिदे नम्रहमा पढ्नुपर्दछ। यसमा मस्जिदको अगाडि केही भाग अरफहा बाहिर भएको हुनाले त्यस भागबाट भित्रै बस्नुपर्दछ।

ख. हजको दोस्रो दिन (९ तारिख) बिहानको समयमा पुग्न नसके, दिउँसो जोहर नमाजको समय देखि हजको तेस्रो दिन १० तारिख दिनको सूर्य उदाउनुभन्दा पहिले नै पुगिसकेको हुनुपर्छ।

ग. अरफातमा आइसकेका व्यक्तिहरू मैदानभन्दा बाहिर जान नमिल्ने र गए पनि सूर्यास्त (मगरिब) हुनुभन्दा अगावै अनिवार्य रूपमा मैदानमा आइसकेको हुनुपर्दछ। यसो नगरेमा दम (एक प्रकारको जरिवाना) दिनुपर्ने हुन्छ।

घ. मुज्दलिफाः ९ तारिखकै दिन अरफात मैदानमा घाम डुबेपछि मात्र हजयात्रीहरू त्यहाँबाट मुज्दलिफा भन्ने ठाउँमा फर्किन सुरू गर्दछन् । जुन स्थान अरफात र मिनाको बीचमा पर्दछ । त्यहाँ अशक्त रहेका महिला बाहेकका तीर्थालुले अनिवार्य रूपमा एक रात बिताउनुपर्ने हुन्छ। मुज्दलिफा पनि एक ऐतिहासिक स्थल हो ।

लाखौँ हजयात्रीले एक रात भए पनि बिताउनुपर्ने भएकाले यहाँ मिना र अरफातमा जस्तो बस्नका लागि कुनै खेमा (टेन्ट) वा घरको व्यवस्था हुँदैन। मुज्दलिफामा मग्रिब र एसा (रातको नमाज) एकै पटक पढेर रातको समयमा इबादत, दुआ र आराम गर्नुपर्दछ। शैतानलाई ढुङ्गा हान्न सोही ठाउँबाट स-साना ढुङ्गा (चनाको दाना जत्रो) सङ्कलन गर्नुपर्ने हुन्छ। ४९ ओटा ढुङ्गा आवश्यक पर्छ।

**तेस्रो दिन** (१० **तारिख**): **कुर्बानी**

फज्रको नमाज (विहानको प्रार्थना) पछि तीर्थालुहरूले मुज्दिल्फा छोड्न सुरु गर्नुपर्दछ र मिनातिर प्रस्थान गर्नुपर्दछ। मिना पुगेर ठूलो शैतानलाई सात (७) ओटा ढुङ्गाले सात पटक हान्नुपर्दछ। शैतानलाई ढुङ्गा हान्नु पनि हजको मुख्य अङ्ग नै हो। शैतानलाई ढुङ्गा नहानेसम्म हज पूरा हुँदैन। यदि कोही अशक्त छ भने आफ्नो नामबाट अरू कसैलाई उक्त कार्य गर्न जिम्मा दिन सक्छन्। अरफातबाट जम्रात झण्डै १२ किलोमिटर दूरीमा छ। जम्रातमा लाखौँ मानिसले एकै पटक ढुङ्गा हान्नुपर्ने भएकाले ढुङ्गा हान्नकै लागि चार ओटा तला व्यवस्था गरिएको छ। जसका कारण एकै पटक लाखौँ मानिसले शैतानलाई ढुङ्गा हान्न सक्छन्। ढुङ्गा हानेर छिटो बाहिर निस्कन सकियोस् भनेर धेरैस्थानमा लिफ्टको व्यवस्था गरिएको छ। शैतानलाई सात ओटा ढुङ्गाले अल्लाह (इश्वर) को नाम पुकार्दै (बिस्मिल्लाहे अल्लाहु अक्बर भन्दै) हान्नुपर्ने हुन्छ। शैतानलाई ढुङ्गा हानिसकेपछि प्रत्येक हजयात्रीले जनावरको कुर्बानी (बली) दिनुपर्ने हुन्छ। बली दिइसकेपछि हरेक हजयात्रीले आफ्नो कपाल मुण्डन गर्नु अनिवार्य छ। महिलाले भने कपालका केही रौँ काटेपनि हुन्छ। सो दिनको रात मिनाकै खेमामा बिताउनुपर्छ; अन्यत्र रात बिताउन मिल्दैन। त्यसपछि एहराम फुकाल्दा हुन्छ। अघिल्लो दिन जस्तै तीर्थालुले अनिवार्य रूपमा मक्काको हरमसरीफस्थित काबा (अल्लाहको घर) को तवाफ (परिक्रमा) गर्नुपर्छ तथा काबासँगै ऐतिहासिक अल् सफा र अल् मरवा नामका दुई पहाडको समेत सात पटक परिक्रमा गर्नुपर्ने हुन्छ। यसपछि हजको मुख्य अंश पूरा हुन्छ। यदि दस (१०) जिलहिज्जाका दिन तवाफ गर्न नभ्याए बाह्र (१२) जिलहिज्जाका दिन सुर्यास्त हुनुभन्दा अगावै तवाफ गरिसकेको हुनुपर्छ।

**चौथो, पाँचौं/छैठौं दिन** (११,१२,१३ **तारिख**)**: तसरिकका दिन**

क. चौथो दिन (११ तारिख) का दिन तीनवटै शैतानलाई सात, सात ओटा ढुङ्गाले हान्नु पर्ने हुन्छ।

ख. पाँचौं दिन (१२ तारिख) पनि तीनवटै शैतानलाई सात, सात ओटा ढुङ्गाले हान्नु पर्ने हुन्छ र सूर्यास्त हुनुभन्दा अगाडि नै आआफ्नो डेरा फर्किनुपर्दछ। सो दिन सूर्यास्त हुनुभन्दा अगावै आआफ्नो डेरा फर्किन नसकेको खण्डमा पुनः छैटौं दिन (१३ तारिख) तीनवटै शैतानलाई सात, सात ओटा ढुङ्गाले हानेर मात्र फर्किनु पर्दछ नत्र भने 'दम' दिनुपर्ने हुन्छ।

तबाफे बेदा वा विदाइ परिक्रमाः हज सकिएपछि हाजीहरू मक्काबाट आआफ्नो घर फर्किने मनसाय बनाएमा फर्किनुभन्दा अगावै अनिवार्य रूपमा मक्का सरिफ अन्तिम पटक परिक्रमा गर्नुपर्ने हुन्छ। जसलाई तबाफे बेदा भनिन्छ। तबाफे बेदा नगर्ने हाजीहरूले दम दिनुपर्ने हुन्छ।

हज समाप्त भएपछि हजयात्रुहरू मक्कामा रहेका अन्य धार्मिक स्थलहरू जस्तै मौलिदुर रसुल सल्लल्लाहु अलैहिवसल्लम, माला, गारे (गुफा) सौर, गारे (गुफा) हेरा लगायतका स्थलहरूमा गई दर्शन गर्ने गर्दछन्। तर यो अनिवार्य चाहिँ होइन।

यसरी जिलहिज्जा महिनाको ८ देखि १२/१३ तारिखसम्म गरिने हजयात्रा समाप्त गरी अन्य धार्मिकस्थलहरूको समेत दर्शन गरिसकेपछि नेपाली हजयात्रुहरू मक्काबाट करिब ४०० किलोमिटर टाढा रहेको मदिना तर्फ प्रस्थान गर्दछन्। मदिनामा समेत पवित्र समाधिस्थल लगायतका स्थलहरू जस्तै गुम्बदे खज्रा, मोवाजहा सरिफ, जन्नतुल् बकि, जब्ले उहद (सोहदाय उहद), मस्जिदे किब्लतैन, मस्जिदे कोबा, मस्जिदे सब्आ, मस्जिदे गोमामा लगायतका स्थल को दर्शन गर्ने तथा दुआहरू पढ्ने कार्य हुन्छ। मदिना पुगेपछि हजयात्रुहरूले निम्न कार्यहरू गर्नुपर्दछः

**बारगाहे रसुल सल्लल्लाहु अलैहिवसल्लममा हाजिरी** (**उपस्थिति**)

- सर्वप्रथम राम्रो तरिकाले स्नान गर्ने, पाकसाफ लुगा लगाउने तथा इतर लगाएर अदबका साथ मस्जिदे नबवी सरिफमा प्रवेश गर्ने र त्यहाँ दुई (२) रकत शुक्राना नमाज पढ्ने।
- नमाज पढेर मस्जिदमै रहेको बारगाहे रसुल (मोवाजहा) सल्लल्लाहु अलैहिवसल्लममा हाजीर (उपस्थित) हुने र एकाछेउमा उभिएर सलाम पेस गर्ने।
- त्यसपछि हजरत अबुबकर सिद्दिक रदिअल्लाहु तआला अन्होलाई सलाम पेस गर्ने।
- त्यसपछि हजरत उमर फारुक रदिअल्लाहु तआला अन्होलाई यसरी सलाम पेस गर्नेः
- त्यसपछि त्यहीँ उभिएर आफू र आफन्त तथा संसारको कल्याणका लागि मनमा रहेका हरेक दुआ माग्नुपर्दछ किनभने यहाँ मागिएका हरेक दुआ अनिवार्य रूपमा कुबुल हुने मान्यता रहेको छ।

**हजको कोसेली**: हज यात्राबाट खासगरी हाजीहरूले जमजम (पवित्र पानी), खजुर, जानमाज (नमाज पढ्ने विशेष कपडा), तस्बिह (नमाज पढ्दा जप्ने माला) लगायत उपहार बोकेर फर्किने चलन छ। हाजीले उपहारस्वरूप दिएका सामानलाई निकै सम्मानस्वरूप ग्रहण गरिन्छ। त्यसका बाहेक हाजीको पन निकै कदर गरिन्छ।

## निस्कर्ष

हज इस्लाम धर्मावलम्बीहरूको महत्त्वपूर्ण धार्मिक कार्य हो। आर्थिक हिसाबले सक्षम व्यक्तिले जीवनभरमा एकपटक हजयात्रा गर्नुपर्ने धार्मिक मान्यता रहेका कारण यसलाई महत्त्वपूर्ण मानिएको हो। नेपालबाट हुने हजयात्रालाई व्यवस्थित र मर्यादित बनाउने, हज गर्न चाहने व्यक्तिहरूको छनोट गर्ने लगायतका कार्यहरूका लागि नेपाल हज समिति तथा सचिवालय क्रियाशील रहेको छ। साउदी अरब सरकारले नेपाललाई प्रत्येक वर्ष करिब १२०० देखि १५०० सम्म हज कोटा दिने गरेका कारण सो सङ्ख्यामा नेपाली इस्लाम धर्मावलम्बीहरूले हजयात्राको अवसर पाउँदै गरेका छन्।

## सन्दर्भ सामाग्री

*हजयात्रा एक जानकारी (२०७८), नेपाल हज समितिको सचिवालय, सिंहदरवार*

*नेपालबाट हुने हजयात्रा सङ्क्षिप्त जानकारी (२०७८), नेपाल हज समितिको सचिवालय, सिंहदरबार*

# हज सङ्क्षिप्त परिचय, तरिका, विशेषता र प्रभाव



**डा.शमीम अहमद**
*सल्लाहकार, नेपाल हज समिति*

**परिचय**

इस्लाममा धर्ममा हज भनेको हरेक वर्ष एक विशेष अवसरमा साउदी अरबको मक्का सहरमा मुस्लिमहरूको तीर्थयात्रा हो । यस अवसरमा हजको अनुष्ठान भनिने विशिष्ट अनुष्ठानहरू निर्धारित छन् । यसमा सहभागी हुनु प्रत्येक सक्षम वयस्क मुस्लिमका लागि अनिवार्य छ । यो इस्लामको पाँचौं आधारस्तम्भ हो । पैगम्बर मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ, "इस्लाम पाँचवटा आधारमाथि निर्मित छः गवाही दिनु कि अल्लाह ( ईश्वर) बाहेक कोही एलाह (पूज्य, उपास्य) छैन; मुहम्मद (स.) अल्लाह (ईश्वर)का सन्देष्टा हुन्‌; नमाज कायम गर्नु; जकात अदा गर्नु (गरिब र असहायका लागि वर्षमा एक पल्ट आफ्नो धनबाट निकाल्ने २.५% को रकम दान); रमजानको उपवास बस्नु र हज गर्नु (गर्न सक्नेहरूका लागि) ।

हज गर्नु हरेक सक्षम वयस्क मुस्लिमका लागि अनिवार्य कार्य हो । यो जीवनमा एक पटक गर्नैपर्छ । कुरआनमा यसरी चर्चा गरिएको छः

قَالَ تَعَالَىٰ: ﴿ وَأَذِّن فِي ٱلنَّاسِ بِٱلۡحَجِّ يَأۡتُوكَ رِجَالٗا وَعَلَىٰ كُلِّ ضَامِرٖ يَأۡتِينَ مِن كُلِّ
فَجٍّ عَمِيقٖ ٢٧ ﴾ الحج: ٢٧

(मानिसहरूमा हजको घोषणा गरिदेऊ कि उनीहरू हिँडेर वा हरेक प्रकारको टाढाको बाटोबाट आँउनु पर्दा ऊँटहरूमा सवार भएर पनि तिमीकहाँ आउन्)

**हज गर्ने विधि**

हजयात्रीले (हज अल-तमत्तो गर्ने हाजी) मक्का मुकर्रमह पुग्नु भन्दा पहिले 'मिकात' (नुहाएर एहरामको पहिरन लगाउने र उमराह वा हजको नियत गर्ने ठाउँ)मा पुगेर नुहाउँछन् र शरीरमा सुगन्ध लगाउँछन्, त्यसपछि एहरामको पहिरन लगाउँछन् । काठमाडौँबाट जेद्दाहको लागी जहाजमा प्रस्थान गर्ने हजयात्री काठमाडौँबाट नै नुहाएर र एहरामको पहिरन लगाएर प्रस्थान गर्छन् । महिला हो भने उनी आफूले लगाउने सामान्य लेबास (पहिरन)मै एहरामको नियत गर्छिन् । त्यसपछि उमराह र हज गर्ने नियत गर्छन् । अनि मक्का मुकर्रहम पुगेपछि उमराह गर्छन् । उमराह पूरा गरिसकेपछि पुरूषले कपाल कटाएर एहरामको पहिरन फुकालेर सामान्य पहिरन लगाउँछन् । महिलाले चाँहि थोरै एक दुई इन्चमात्रै आफ्नो कपाल काटेमा एहरामबाट निस्केको मानिन्छ । त्यसपछि अरबी पात्रोको जिल-हिज्जह महिनाको सातौं दिन (तारिख) सम्म सामान्य जीवन बिताउँछन् । त्यसपछि हजको

अनुष्ठान अरबी पात्रोको जिल-हिज्जह महिनाको आठौँ तारिखमा हजयात्रीले हजको तोकिएको समयबाट एहराममा प्रवेश गरी सुरु गर्छन् । त्यसपछि तरबियहको दिन (जिल-हिज्ज महिनाको आठौँ दिन) बिताउन मिना जान्छन् ।

त्यसपछि अराफातको दिन (जिल-हिज्ज महिनाको नवौँ दिन) बिताउन अराफात जान्छन्, त्यसपछि मगरिबको अजान पश्चात् मुज्दलेफाका लागि प्रस्थान गर्छन्, र राती मुज्दलेफामा बिताउँछन् । अनि बिहान (जिलहिज्जा महिनाको दसौँ दिन) फजरको नमाज पढेर जमरात पुग्छन्, र त्यहाँ ठूलो जमरात (शैतान) लाई सातवटा साना कङ्कड (ढुङ्गाहरू)ले सात पल्ट हान्छन् (जमरातलाई ढुङ्गाले हानेर शैतानको अपमान गर्नु र उस प्रति विरोध प्रदर्शन गर्नु हो) । त्यसपछि कुरबानी गर्छन् । त्यसपछि कपाल कटाउँछन्, त्यसपछि एहरामको पहिरन फुकालेर सामान्य पहिरन लगाउँछन् । त्यसपछि तवाफ अल-इफादह (काबाको सात पल्ट परिक्रमा) र सई (सफाबाट मर्वह र मर्वहबाट सफा सात पल्ट जानु आउनु गर्ने, सफाबाट मर्वह र मर्वहबाट सफा पुग्दा दुई पल्ट हुन्छ) गर्न मक्का फर्किन्छन् । त्यसपछि तश्रीकका दिनहरू बिताउँन मिना फर्किन्छन् । तीर्थयात्रीहरू बिदाइ परिक्रमा गर्न र पवित्र स्थानहरूमा छोड्न मक्का फर्किन्छन् ।

**हजका लागि सर्तहरू**

हजका लागि पाँच वटा सर्तहरू छन्ः

१. इस्लाम (मुस्लिम) हुनु
२. विवेकपूर्ण हुनु (मानसिक रूपमा विक्षिप्त व्यक्तिले रोगबाट निको नभएसम्म हजयात्रामा संलग्न हुनु हुँदैन)
३. वयस्क उमेर भएको (पुरूषले भिजेको सपना नआएसम्म हज गर्नु आवश्यक छैन)
४. स्वतन्त्रता (दासलाई मुक्त नगरेसम्म हज गर्नु आवश्यक छैन तसर्थ दास प्रथाको उन्मुलनमा इस्लामको धेरै ठूलो योगदान छ)
५. क्षमता (जीवनमा एक पटक हज गर्नु प्रत्येक सक्षम मुस्लिम व्यक्तिका अनिवार्य छ)

**हजका प्रकार**

अनुष्ठानको प्रकृति अनुसार, हजलाई तीन प्रकारमा विभाजन गरिएको छः (१) तमत्तो (२) केरान र (३) इफराद

१. **हज अल–तमत्तो (तमत्तो)**

यसमा हजयात्रीले हजका महिनाहरू (शवाल, जुलकादह र जिल्हिज्जह महिनाको पहिलो ८ (आठ) दिनमा मिकातको ठाउँबाट नुहाएर र जिउमा इत्र (सुगन्ध) लगाएर एहरामको पहिरन लगाउँछन्, त्यसपछि उमराह गर्ने र त्यसपछि हजको बेलामा हज गर्ने मनसायले उमराह र हजको नियत गर्छन् । मक्का पुगेर उनीहरूले उमराहको अनुष्ठानहरू (तवाफ र सई) गर्दछन्, त्यसपछि आफ्नो इहराम छाडेर आफ्नो सामान्य जीवनको लुगा लगाउँछन् । यसरी एहरामबाट निस्कन्छन्, र एहरामले वर्जित भएका सबै कुराको लागी अनुमति प्राप्त हुन्छ । यो अवस्था जिल्हिज्जहको सातौँ तारिखसम्म रहन्छ । त्यसपछि हजको अनुष्ठान

अरबीको जुल-हिज्जह महिनाको आठौँ तारिखमा हजयात्रीले हजको तोकिएको समयबाट एहराममा प्रवेश गरी सुरु गर्छन् । नेपालबाट जाने हजयात्रीहरू यही हज गर्छन् । यस हजमा हदि (बली) दिनु पर्दछ ।

२. **हज अल केरान**

यसमा हजयात्रीले मिकातबाट एहरामको पहिरन लगाएर हज र उमराह दुवैको नियत (मनसाय) गर्छन् । यसमा हज र उमराह एउटै एहराममा गरिन्छ । एहरामको पहिरन फोहोर भएमा वा नुहाएर फेर्नु परेमा अर्को सफा एहरामकै पहिरन लगाउनु पर्ने हुन्छ । अरबीमा केरान भनेको दुई चिजहरूलाई एकसाथ मिलाउनु हो, त्यसैले यस हजलाई हज्जे केरान भनिन्छ । यसमा उमराह गरिसकेपछि एहराम खोल्न नपाइने प्रतिबन्ध छ । हज सुरु हुन बाँकी रहेका दिनहरू पनि एहराममानै बिताउनु पर्ने हुन्छ र त्यही एहराममा हज पूरा गर्नुपर्ने हुन्छ । हजको अन्त्यमा उमराह र हज दुवैको एहराम खोलिनेछ । यस हजमा हदि (बली) दिनु पर्दछ ।

३. **हज अल–इफराद**

यसमा उमराह होइन हज मात्र गरिन्छ । तसर्थ यो हज गर्न चाहनेले मिकातबाट एहरामको पहिरन लगाएर हजको मात्र नियत गर्छन् । त्यसपछि मक्का जान्छन् र आगमनको तवाफ गर्छन् र हजको दिन आउन्जेलसम्म एहराममै बस्छन् र हज पूरा गरिसकेपछि मात्र एहराम फुकाल्छन् । यस हजमा हदि (बली) दिनु पर्दैन ।

**हजका विशेषता तथा प्रभावहरू**

हजका विभिन्न विशेषता र सद्गुणहरू छन् जुन हज गर्ने मुस्लिमले प्राप्त गर्दछ र यी सद्गुणहरूमध्ये प्रमुख निम्नानुसार छन्ः

१. **विशेषताबारे केही महत्त्वपूर्ण हदिसहरू**

अल्लाहका अन्तिम सन्देष्टा मुहम्मद (स.) का धेरै हदिसहरू (वाणीहरू) छन् जुन हजका विशेषता तथा सद्गुणहरू र हज गर्दा एक मुस्लिमले प्राप्त गर्ने इनाम, सम्मान तथा पुण्यको बारेमा कुरा गर्दछन् । ती महत्त्वपूर्ण तथा उल्लेखनीय हदिसहरूमध्ये केही निम्नानुसार छन्ः

- सुनन अल्-तिर्मीजीमा उल्लेख छ

عن عبد الله بن مسعود - رضي الله عنه - قال: قال رسول الله صلى الله عليه وسلم: "تَابِعُوا بَيْنَ الْحَجِّ وَالْعُمْرَةِ، فَإِنَّهُمَا يَنْفِيَانِ الْفَقْرَ وَالذُّنُوبَ، كَمَا يَنْفِي الْكِيرُ خَبَثَ الْحَدِيدِ وَالذَّهَبِ وَالْفِضَّةِ، وَلَيْسَ لِلْحَجَّةِ الْمَبْرُورَةِ ثَوَابٌ إِلَّا الْجَنَّةُ" (رواه التّرمذي والنّسائي، وصححه ابن خزيمة وابن حبّان، وقال التّرمذي :حديث حسن صحيح) .

अब्दुल्लाह बिन मसूद (रजि.) ले बयान गर्नुभयोः अल्लाहको रसुलले भन्नुभयो; “हज र उमरा एकपछि अर्को गर्दै जारी राख्नुहोस् किनकि तिनीहरूले गरिबी र पापहरू हटाउँछन् जसरी धौंकनीले फलाम, सुन र चाँदीको अशुद्धता हटाउँछ त्यसरी स्वीकृत (वैध) हजबाट स्वर्ग बाहेक कुनै इनाम छैन ।”

- सहिह अल-बुखारी र सहिह मुस्लिममा उल्लेख छ

  عن أبي هُرَيْرَةَ - رضي الله عنه - قال: سَمِعْتُ رسُولَ اللَّهِ ﷺ يَقولُ :"مَنْ حجَّ فَلَم يرْفُثْ، وَلَم يفْسُقْ، رجَع كَيَومِ ولَدتْهُ أُمُّهُ" (متفقٌ عَلَيْهِ).

  अबु हुरैरह (रजि.)ले बयान गर्नुभयो; "मैले अल्लाहका रसुललाई यसो भनेको सुनेको छुः जसले हज गर्छ र शारीरिक समागम गर्दैन वा अनैतिक (सत्य र न्यायको मार्गबाट विचलित हुनु) कर्म गर्दैन, ऊ उसको आमाले जन्म दिएको दिन जस्तै आफ्नो पापबाट फर्कन्छ।"

- सहिह अल-बुखारी र सहिह मुस्लिममा उल्लेख छ

  عَنْ أَبِي هُرَيْرَةَ - رضي الله عنه - قال: قال رَسُولَ اللَّهِ ﷺ: "الْعُمْرَةُ إِلَى الْعُمْرَةِ كَفَّارَةٌ لِمَا بَيْنَهُمَا، وَالْحَجُّ الْمَبْرُورُ لَيْسَ لَهُ جَزَاءٌ إِلَّا الْجَنَّةَ" (مُتَّفَقٌ عَلَيْهِ).

  अबु हुरैरह (रजि.)ले भन्नुभयोः अल्लाहको रसुल (स.)ले भन्नुभयोः "उम्रह देखि उमरह बिचको कुरा (अनैतिक र कुकर्महरू) का लागि प्रायश्चित्त हो र स्वीकृत हजको लागि स्वर्ग बाहेक कुनै इनाम (प्राKत) छैन।"

- सुनान अल-नसाई मा उल्लेख छ

  عَنْ أَبِي هُرَيْرَةَ رَضِيَ اللَّهُ عَنْهُ، عَنِ النَّبِيِّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ، قَالَ: "جِهَادُ الْكَبِيرِ وَالضَّعِيفِ وَالْمَرْأَةِ الْحَجُّ وَالْعُمْرَةُ"

  अबु हुरैरह (रजि.)ले बयान गर्नु भयो; "अल्लाहका सन्देष्टा ... कमजोर र महिलाको जिहादः हज र उमराह हो।"

- सहिह अल-बुखारीमा उल्लेख छ

  عن عائشة - رضي الله عنها - قالت: قُلتُ: "يا رَسُولَ الله، نَرَى الجهادَ أفضلَ العمل، أفلا نُجاهِد؟ فقال: "لَكُنَّ أفضلُ الجهادِ: حجٌّ مبرور".

  हजरत आइशा (रजि.)ले भनिन्; "मैले अल्लाहका रसुल (सन्देष्टा)लाई भनैं, हे अल्लाहका रसुल, हामी जिहादलाई सबैभन्दा राम्रो कामको रूपमा हेर्छौं, हामीले संघर्ष (जिहाद) नगरौं? उनले भनेः "तर जिहाद भन्दा राम्रो त एक स्वीकृत हज हो"।

## २. अरफातको दिनः एक महान दिन

अल्लाहले केही दिनहरूलाई प्राथमिकता दिएका छन्, र यस्ता विशेष हैसियतका दिनहरू वास्तवमा अल्लाहको क्षमा, अनुग्रह, अनुकम्पा र उपहारहरूका मौसमहरू हुन्। अरफातको दिन यिनै दिनहरूमध्ये ठूलो महत्व बोकेको एउटा महान् दिन हो।

- सहिह मुस्लिममा उल्लेख छ

  عن عائشة - رضي الله عنها - قالت: قال رَسُولَ اللَّهِ ﷺ: "ما مِن يَومٍ أَكْثَرَ مِن أَنْ يُعْتِقَ اللَّهُ فيه عَبْدًا مِنَ النَّارِ، مِن يَومِ عَرَفَةَ، وإنَّه لَيَدْنُو، ثُمَّ يُبَاهِي بهِمُ المَلَائِكَةَ، فيَقولُ: ما أَرَادَ هَؤُلَاءِ؟ اشهَدوا ملائكتي أني قد غفرتُ لهم"

"अरफातको दिन बाहेक अरू कुनै दिन छैन जसमा अल्लाहले आफ्ना बन्दी (दास) हरूलाई यति धेरै सङ्ख्यामा आगोबाट मुक्त गर्छन् र त्यो बन्दी अल्लाह नजिक आउँछ । स्वर्गदूतहरूका अगाडि अरफातको मैदानमा भेला भएका हाजीहरू बिचमा गर्व गर्छ र भन्छ; "यिनीहरू के चाहन्छन् ?" हे स्वर्गदूतहरू हो तिमीहरू साक्षी बस मैले यिनीहरूलाई क्षमा गरेँ" ।

### ३. हज समानता, सहिष्णुता र भ्रातृत्वको पाठ

हज समानता, सहिष्णुता र भ्रातृत्वको एउटा व्यावहारिक अभिव्यक्ति पनि हो । यसमा संसारका सबै भागहरूबाट मुस्लिमहरू भेला हुन्छन् एकजुट हुन्छन् र सर्वशक्तिमान अल्लाह (ईश्वर) को उपासना गर्छन् । त्यहाँ गरिब र धनी, गोरो र कालो बिचको भिन्नता हुँदैन । लाखौँको सङ्ख्यामा रहेका सबै मानिस चाहे त्यो गरिब होस् वा धनी, शासक होस् वा अधीनस्थ, राजा होस् वा प्रजा, जमिनदार होस् वा मजदूर, कालो होस् वा गोरो, सबैले एउटै खालको सेतो पहिरन लगाएर, विना भेदभाव र बिना अपवाद एक अर्काको लागि सम्मान, माया, सहयोग, समन्वय र भ्रातृत्वको अभिव्यक्तिका साथ हजको अनुष्ठानहरू गरिरहेका हुन्छन् । यसरी हजले मानिसको विचार र व्यवहारमा मानवताको उत्थानको लागि हुनु पर्ने सद्गुणहरू, भावनाहरू र चेतनाहरूको उत्कृष्ट पाठहरू प्रवाह गर्दछ ।

### ४. हज एउटा विद्यालय

हज एउटा विद्यालय हो जसमा मुस्लिमहरूले तक्वा (ईश्प्रेम, ईशभय र ईशआस), धार्मिकता, भक्ति, नम्रता र अल्लाह सर्वशक्तिमानलाई समर्पण सहित धेरै पाठहरू सिक्छन् । प्रलयको दिन र यसको भयावहताहरू सम्झन्छन्, र सर्वशक्तिमान् अल्लाहसित क्षमा प्राKतका लागि प्रार्थना गर्छन् ।

### ५. शान्ति र सामूहिक हितका लागि कार्य

अरफातको भेला न्यायको दिन (मैदान हश्र) को नमूना हो । एहरामको पोसाक कफन जस्तै छ । हजका मुख्य उद्देश्यहरू मध्ये परलोकको सम्झना गराउनु पनि हो । हजको दर्शनले मुस्लिम कारवाँन (Caravan) लाई शान्ति र सुरक्षाको गन्तव्यमा पुऱ्याउनका लागि मुस्लिम समुदायले आफ्नो आन्तरिक मतभेद र विभेदबाट माथि उठेर इब्राहिमी आवाजमाथि लब्बैक (हाजिर छु) भन्दै कार्यक्षेत्रमा निस्किनु पर्दछ । मुस्लिम समुदायले व्यक्तिगत स्वार्थको सट्टा सामूहिक र मानवीय हितलाई ध्यान दिनु अहिलेको आवश्यकता हो ।

इमाम अल-मुफस्सेरिन हजरत अब्दुल्लाह बिन अब्बास (रजि.)लाई हजमा गरिने कार्यहरूको ज्ञान (हिकमतहरू) र हजको अनुष्ठानको बारेमा सोधिएको थियो । उनले भने; "हजका सबै कार्यहरूमा धेरै ज्ञान र रहस्यहरू छन् जसको प्रशंसा गर्न मानिस असक्षम छ" ।

### ६. एकताको पाठ र आन्तरिक मतभेदको अन्त्य

सम्पूर्ण संसारमा धार्मिक सम्बन्धलाई मजबुत बनाउने उद्देश्यले पनि विभिन्न राष्ट्र, विभिन्न जाति, विभिन्न भाषा, विभिन्न रङ र विभिन्न संस्कृतिका मुस्लिमहरूका बिच एकता कायम राख्न हजलाई अनिवार्य गरिएकोछ ।

मुस्लिमहरूको पतन र शान्ति र सुरक्षाको अस्थिरताको मुख्य कारणहरू मध्ये जातीय र क्षेत्रीय वर्गहरूमा विभाजित हुनु पनि हो। एकताको धन गुमाउनु पनि संसारमा पराजयको कारण हो। जातीयवाद र क्षेत्रीयता उन्मूलन गर्ने उत्तम उपाय हजको महान् पूजा पनि एउटा हो।

मुस्लिमहरूले जातीय घमण्ड र भेदभावलाई अलग राखेर एकताको उत्कृष्ट उदाहरण प्रस्तुत गर्नु आवश्यक छ। अल्लाहको फरमान छः

قَالَ تَعَالَىٰ: ﴿وَٱعۡتَصِمُواْ بِحَبۡلِ ٱللَّهِ جَمِيعٗا وَلَا تَفَرَّقُواْۚ وَٱذۡكُرُواْ نِعۡمَتَ ٱللَّهِ عَلَيۡكُمۡ إِذۡ كُنتُمۡ أَعۡدَآءٗ
فَأَلَّفَ بَيۡنَ قُلُوبِكُمۡ فَأَصۡبَحۡتُم بِنِعۡمَتِهِۦٓ إِخۡوَٰنٗا وَكُنتُمۡ عَلَىٰ شَفَا حُفۡرَةٖ مِّنَ ٱلنَّارِ فَأَنقَذَكُم مِّنۡهَاۗ
كَذَٰلِكَ يُبَيِّنُ ٱللَّهُ لَكُمۡ ءَايَٰتِهِۦ لَعَلَّكُمۡ تَهۡتَدُونَ ١٠٣﴾ آل عمران: ١٠٣

(सबै मिली अल्लाहको डोरीलाई बलियोसँग समात अनि विभाजित नहोऊ। अल्लाहले तिमीहरू माथि गरेको अनुकम्पालाई स्मरण गर जब तिमीहरू परस्पर शत्रु थियौ। अनि उनले तिमीहरूको मन मिलाए तसर्थ तिमीहरू उनको कृपाले भाइ भाइ भयौ। तिमीहरू अग्निकुण्डको तटमा थियौ अनि उनले तिमीहरूलाई त्यसबाट बचाए। अल्लाह यसरी तिम्रा लागि आफ्ना निशानीहरू स्पष्ट रूपमा वर्णन गर्छन् किनकि तिमीहरूलाई सत् मार्ग प्राप्त होस्।

**७. हज गर्नेले दान र बलिदानको पाठ सिक्छन्**

यो दायित्व (अनिवार्य कर्तव्य) पूरा गर्नु मुस्लिममाथि प्राप्त भएको हजका प्रभावहरू मध्ये एक हो। हजले दान र बलिदानको पाठ सिकाउँछ। त्यसैले, हजलाई जिहाद (कुकर्म, अन्याय, पाप र अत्याचार विरुद्ध संघर्ष) को एक अध्याय मानिन्छ। के हजयात्रीले आफ्नो मातृभूमि, आफ्नो परिवार र आफ्ना प्रियजनहरूलाई छोड्दैनन् ? के हजयात्रीले अल्लाहको प्रसन्नता प्राप्त गर्नकोलागी बलिदानको रूपमा धन खर्च गर्दैनन् ? के उनीहरूले अल्लाहको आज्ञा र आदेशको पालना गर्दै अनुष्ठानहरू अदा गर्न आराम र विलासिता त्यागदैनन् ? यसरी हज धन, मेहनत र समयको जिहादको एउटा रूप होइन?

**८. हज धैर्य र आज्ञाकारिताको लागि व्यावहारिक प्रशिक्षण हो**

हज गर्ने मुस्लिमको जीवनमा प्राप्त हजका प्रभावहरू मध्ये यो पनि हो कि उनलाई व्यावहारिक रूपमा सबै प्रकारको धैर्यताको तालिम दिइन्छ। आज्ञाकारितामा आइपर्ने कठिनाइका लागि धैर्य, अल्लाहले निषेध गरेको कुराको लागि धैर्य, धनमा हुने खर्चका लागि धैर्य र परिवार र प्रियजनहरूबाट लामो समयका लागि छुटिनुपर्ने माथि धैर्य।

यसरी एउटा मुस्लिम प्रतिकूल परिस्थितिहरूको सामना गर्न तयार हुन्छ, ऊ भित्रबाट बलियो हुन्छ, हृदयमा स्थिरता हुन्छ, उसको हृदयमा डर प्रवेश गर्दैन किनभने उसको श्रवण र दृष्टि भक्ति ईश्वरप्रेमले भरिएको हुन्छ।

९. **व्यवसायिक लाभ र आर्थिक अनुभवको आदानप्रदान**

हजको प्रभावहरूमध्ये विभिन्न राष्ट्रबिच आर्थिक क्षेत्रमा अनुभव र विशेषज्ञताको आदानप्रदान र वित्तीय बजारमा आपूर्ति र माग अनुसार उत्पादनहरूको विविधीकरण पनि हो ।

निस्सन्देह यो ठूलो जमघट विभिन्न देशहरूसँग एकीकरण हासिल गर्न र केही कमजोरीहरूकाबारेमा छलफल गर्ने अवसर पनि हो । यो लाभ अल्लाहले हामीलाई हजमा आदेश दिएका लाभहरू मध्ये एक हो । अल्लाहको फरमान छः

قَالَ تَعَالَىٰ: ﴿ لِّيَشْهَدُواْ مَنَٰفِعَ لَهُمْ وَيَذْكُرُواْ ٱسْمَ ٱللَّهِ فِىٓ أَيَّامٍ مَّعْلُومَٰتٍ عَلَىٰ مَا رَزَقَهُم مِّنۢ بَهِيمَةِ ٱلْأَنْعَٰمِ ۖ فَكُلُواْ مِنْهَا وَأَطْعِمُواْ ٱلْبَآئِسَ ٱلْفَقِيرَ ﴿٢٨﴾ ﴾ الحج: ٢٨

(उनीहरूले आफ्ना लागि (राखिएका) फाइदाहरूसम्म पुग्न सकुन् र (बलिदानका) निश्चित दिनहरूमा ती जनावरहरूलाई कुरबानी गर्दा अल्लाहको नाम लिऊन् । अनि त्यसबाट तिमीहरू पनि खाओ र पराश्रित, भोका गरिबलाई पनि खुवाओ)

हज जस्तो महान् उपासनालाई कर्मकाण्डका रूपमा नलिई यसको महत्त्व र रहस्य बुझेर यसका लक्ष्यहरू हासिल गर्न आवश्यक छ । अल्लाह, महिमाका प्रभु, हामीलाई बुझ्ने क्षमता प्रदान गरुन् ।

**وصلَّى اللهُ على نبينا محمد وعلى آله وصحبه وسلَّم**

**सन्दर्भ सामग्रीहरू**

*अलकुरआन- सुरतु अलहज्जः २७*

*अलकुरआन- सुरतु आले इम्रानः१०३*

*अलकुरआन- सुरतु अल हज्जः२४*

*सहिह अल-बुखारी*

*सहिह मुस्लिम*

*सुनन अल-तिर्मीजी*

*सुनन अन-नेसाई*

# हजयात्रा व्यवस्थापन: अभ्यास र अनुभव



**शाहिदा बानो शाह**
*बाँके*

**पृष्ठभूमि**

हजयात्रा एक इस्लामिक तीर्थयात्रा हो । हजयात्रामा विश्वभरिबाट इस्लाम धर्मावलम्बीहरू साउदी अरबको पवित्र सहर मक्कामा भेला भई धार्मिक कार्य गर्ने गर्दछन् । यो इस्लामका पाँचवटा आधारभूत स्तम्भहरू मध्ये एक हो । यो एउटा धार्मिक कर्तव्य हो जुन प्रत्येक मुस्लिमको कर्तव्य अन्तर्गत पर्दछ । हज मुस्लिम समुदायको एकता र भाइचाराको जीवन्त उदाहरण समेत हो । यो तीर्थयात्रा इस्लामी क्यालेन्डरको १२ औँ एवम् अन्तिम महिना जिलहिज्जाको ८ देखि १२ तारिखसम्म विभिन्न अरकान अदा गरी सम्पन्न हुन्छ । हजयात्रालाई इस्लाम समुदायले धार्मिक अभ्यास गर्न पाउने संवैधानिक हक अधिकार कार्यान्वयन गराउनका लागि अन्य निकायहरूका अतिरिक्त नेपाल हज समिति समेत गठन तथा सञ्चालन भएको छ । उक्त समितिले नै अन्य सरोकारवाला निकायहरूसँगको समन्वयमा हजयात्राको व्यवस्थापन गर्ने गरेको छ ।

हजयात्राको क्रममा विगतमा भोगिएका भोगाइ तथा अनुभूतिहरूको आधारमा हजयात्रा सम्बन्धमा विद्यमान अवस्था र आगामी दिनमा गर्नुपर्ने सुधारका विषयहरूलाई उजागर गर्दै यसै सेरोफेरोमा रही त्यस बारे प्रकाश पार्ने आशयले यो आलेख तयार पारिएको छ ।

**नेपालमा हजयात्राको अभ्यास**

नेपाली मुस्लिम समुदायले विगत लामो समयदेखि हज गर्दै आइरहेका छन् । यद्यपि यसको औपचारिक सुरुआत वि.सं. २०२१ बाट भएको पाइन्छ । नेपालबाट हजयात्रा व्यवस्थापनका लागि सुरुका वर्षहरूमा हजयात्रा अवधिका लागि मात्र समिति गठन हुने र यात्रा समाप्तिसँगै समितिको पदावधि सकिने गरेको पाइन्छ । वि.सं. २०६६ देखि भने स्थायी संरचनाको रूपमा हज समिति गठन भई सञ्चालन हुँदै आएको छ । हज समितिको संस्थापक अध्यक्षको रूपमा वि.सं.२०२१ अहमद्दीन (काठमाडौँ) भएकोमा हालका अध्यक्ष शमशेर मियाँ (अर्घाखाँची) सम्म आई पुग्दा विभिन्न १८ जना व्यक्तिहरूले नेपाल हज समितिको अध्यक्षको जिम्मेवारी वहन गरिसक्नु भएको छ ।

हजयात्रा व्यवस्थापनको कार्य कठिन छ । आफ्नो थातथलो नै नछोडेका अधिकांश नेपाली मुस्लिमहरूलाई विदेशी भूमिमा हुने धार्मिक यात्रामा करिब १२०० देखि १५०० जना मुस्लिम नागरिकहरूलाई सहभागी गराई सकुशल स्वदेश फिर्ता गराउने कार्य आफैँमा चुनौतीपूर्ण पनि छ तसर्थ यस कार्यमा नेपाल हज समितिका अध्यक्ष लगायतका पदाधिकारीहरू एवम् सचिवालयका कर्मचारीहरूको अथक मेहनत र परिश्रम आवश्यक

पर्छ । यस सन्दर्भमा विभिन्न कमीकमजोरीहरू पनि हुन सक्दछन् तथापि कमीकमोरीहरूलाई सुधार गर्ने तर्फ विद्यमान नेपाल हज समितिका अध्यक्ष लगायत पदाधिकारीहरू सक्रिय रहेको देखिन्छ । हजयात्राका लागि अनलाइनबाटै आवेदन गर्न सकिने गरी तयार गरिएको हज व्यवस्थापन सूचना प्रणाली, इलाका प्रशासन कार्यालयहरूसम्म सेवा विस्तार, विभिन्न सूचनामूलक पुस्तिका प्रकाशन, हजयात्रुहरूको सहजताका लागि डायरी प्रकाशन लगायत यसका ज्वलन्त उदाहरणहरू हुन् ।

**हजयात्रा व्यवस्थापनका राम्रा पक्ष**

नेपालबाट हुने हजयात्रा अन्य छिमेकी मुलुकहरूको तुलनामा कम खर्चिलो हुने गरी व्यवस्थापन गर्नु नेपाल हज समितिको राम्रो कार्य अन्तर्गत पर्दछ । त्यस्तै गरी हजयात्राका क्रममा हजयात्रीहरूले अपेक्षा गरे अनुसार नै सेवा उपभोग गरी हरतरह हजयात्रुहरूको सेवामा नेपाल हज समितिका पदाधिकारीहरू तत्लीन रहनु समेत अर्को राम्रो कार्य हो । हालै नेपाल हज समितिको सचिवालयले हजयात्राका लागि अनलाइनबाटै आवेदन गर्न सकिने गरी हज व्यवस्थापन सूचना प्रणाली विकास गरी विभिन्न जिल्लाहरूमा तालिम समेत दिइएको सन्दर्भमा अबदेखि हजयात्रुहरूले घरमै बसेर विद्युतीय माध्यमबाट आवेदन गर्न सकिने प्रविधिमैत्री हज व्यवस्थापनको कार्य आफैँमा सह्रानीय छ । विगतमा जिल्ला प्रशासन कार्यालयहरूले मात्र हज सम्बन्धी कार्य गर्दै आएकोमा अब उपरान्त इलाका प्रशासन कार्यालयहरूसम्म यो सेवा विस्तार, विभिन्न सूचनामूलक पुस्तिका प्रकाशन, हजयात्रुहरूको सहजताका लागि डायरी प्रकाशन लगायतका कार्यहरू समेत प्रशंसनीय छन् ।

देशका गृहमन्त्री जस्ता अति व्यस्त र गरिमामय पदका जिम्मेवार व्यक्ति स्वयं हजयात्रीहरूको बिदाई गर्न एयरपोर्टसम्म पुग्ने गरेको एवम् साउदी अरबस्थित नेपाली दूतावासका महामहिम राजदूतले पनि पहिलो नेपाली हज टोलीलाई जेद्दा विमानस्थलमा गएर स्वागत गर्ने कार्यले हजयात्राको व्यवस्थापनमा नेपाल सरकारले समेत चासो व्यक्त गर्ने गरेको विषय सम्पूर्ण मुस्लिम समुदायका लागि एकदमै गौरवको कुरा हो ।

**सुधार गर्नु पर्ने पक्ष**

कुनै पनि काम गर्दा त्यसका सबल पक्षका साथै सुधार गर्नु पर्ने पक्ष पनि हुन्छन् नै । नेपाल हज समिति र यसको कार्यसम्पादनमा समेत केही सुधार गर्नुपर्ने विषयहरू रहेका छन् । नेपाल हज समितिका अध्यक्ष लगायतका पदाधिकारीहरू चयन गर्दा केवल राजनीतिक आबद्धताका आधारमा गर्ने गरिएको व्यवस्था आफैँमा विवादास्पद छ किनकि यो विशुद्ध धार्मिक मन प्रयोग गरी कार्य गर्ने थलो हो । तसर्थ पदाधिकारी चयन गर्दा धार्मिक आस्था, सामाजिक विश्वास, असल नेतृत्व गुण, असल चरित्र, संस्कार जस्ता विशेषतालाई ध्यान दिनु पर्दछ । यसो गरिएमा हजयात्रा व्यवस्थापन कार्यमा पारदर्शिता, जवाफदेहिता अभिवृद्धि हुने अवस्था सिर्जना हुने र हजयात्रुमैत्री व्यवहारको सिर्जना हुने छ । साथै अन्तर्राष्ट्रिय स्तरमा समेत नेपाली मुस्लिमहरूको इज्जत र प्रतिष्ठा उच्च हुन सक्छ । त्यस कारण अध्यक्षको चयन राजनीतिक आबद्धताका आधारमा नभईकन सामाजिक योगदान र समाजले विश्वास गरेको इमानदार व्यक्तिलाई गरिनुपर्छ । उक्त व्यवस्था अनुसार समितिका पदाधिकारीहरू चयन हुन सकेमा हजयात्रीहरूले अझ सुलभ र कम मूल्यमा व्यवस्थित तवरबाट हजयात्रा गर्ने अवसर पाउने विश्वास गर्न सकिन्छ ।

**चुनौती**

नेपालमा हज हाउस नरहेको कारण हजयात्रुहरू हजको क्रममा काठमाडौँ आउँदा जाँदा विभिन्न मस्जिदहरूमा बस्नुपर्ने बाध्यता छ। किनभने सबै हाजीहरू आफ्नो निजी खर्चमा होटेलमा कोठा लिएर बस्न आर्थिक रूपमा सम्पन्न हुदैँनन्। मस्जिदमा बस्नुपर्दा खानेबस्ने, सरसामानको सुरक्षा, महिला तथा अपाङ्गमैत्री शौचालय, स्नानघर लगायतका सुविधाहरूको अभावमा खास गरी महिला, बालबालिका र वृद्धवृद्धाहरूका लागि काठमाडौँको असुरक्षित बसाइ पनि ठूलो चुनौतीको रूपमा रहेको छ।

साथै नेपालबाट हालसम्म संस्थागत रूपमा उमराह गर्न जाने व्यवस्था छैन जसले गर्दा हज गर्न जान चाहने व्यक्तिहरूको चाप दिनानुदिन बढ्दै गएको छ। हज गर्न जान चाहने व्यक्तिहरू वर्षौसम्म कुर्नुपर्ने विषय समेत चुनौतीको रूपमा देखा परेको छ। भारत हुदैँ उमराह जाँदा आर्थिक भार बढ्ने, प्रक्रिया पुऱ्याउन नै समय लाग्ने र रकम हिनामिना वा बेइमानी हुन सक्ने विषयहरू समेत चुनौतीको रूपमा रहेका छन्। यसका साथै नेपाल हज समितिका अध्यक्ष तथा पदाधिकारीहरूको नियुक्ति राजनैतिक रूपमा नभई विशुद्ध सेवामूलक भावना एवम् धार्मिक विश्वासका आधारमा नियुक्ति गर्नु पनि ठूलो चुनौतीको रूपमा रहेको देखिन्छ।

**सिकाइ / उपलब्धी**

हजयात्राका लागि करिब १२०० कोटा प्राप्त हुँदै आएकोमा इ.सं.२०१९ मा नेपाल हज समितिको पहलमा ३०० कोटा थप भएकाले कुटनैतिक पहल गरियो भने कोटा थप हुनसक्छ भन्ने पुष्टि भएको सन्दर्भमा नेपाल सरकार मार्फत औपचारिक रूपमा कोटा वृद्धिका लागि समेत पहल गर्नु जरुरी देखिन्छ। नेपालबाट सरल र सहज रूपमा उमराह गर्न सक्ने व्यवस्थाले हाल हजका लागि बढ्दै गएको चाप न्यूनीकरण गर्न सकिन्छ। साउदी अरबको मक्का मदिनामा हुने सम्पूर्ण व्यवस्थापकीय कार्यमा चुस्तता, पारदर्शिता ल्याउन सकेमा पनि हालको खर्च अझै घट्न सक्छ। यसका लागि नेपाली हजयात्रुहरूलाई सर्वसुलभ रूपमा हजयात्रा गराउन सकिने तर्फ नेपाल हज समितिका पदाधिकारी तथा अन्य सम्बद्ध निकायहरूले पहल गर्नु पर्ने देखिन्छ।

उल्लिखित कार्यहरू सम्पादन गर्न राजनीतिक आस्थाका आधारमा नभई धार्मिक तथा सामाजिक रूपमा स्वच्छ छवीका इमान्दार व्यक्ति जसलाई इस्लाम धर्मकर्म बारे ज्ञान होस् त्यस्ता व्यक्तिलाई हज जस्तो पवित्र कार्य गराउने निकायको जिम्मेबार व्यक्तिका रूपमा चयन गरी नियुक्त गर्नु अत्यावश्यक देखिन्छ।

**सन्दर्भ सामग्री**

*हज एक जानकारी, २०७८, नेपाल हज समितिको सचिवालय*

*हज बुलेटिन,२०७८, नेपाल हज समितिको सचिवालय*

# सुशासनको सन्दर्भमा नेपाल हज समितिको सचिवालय



**शोभाकर न्यौपाने**

*शाखा अधिकृत, नेपाल हज समितिको सचिवालय*

**पृष्ठभूमी**

सुशासन भनेको असल शासन हो । जनतालाई केन्द्रबिन्दुमा राखेर गरिने शासन नै सुशासन हो । नागरिकका सरोकारलाई नागरिककै चाहना अनुरूप सम्बोधन गर्ने कार्य सुशासन हो । यसले अधिकारको समुचित प्रयोगमा जोड दिन्छ ।

शासकीय व्यवस्थामा नागरिकको स्वामित्व स्थापना गर्ने प्रक्रिया वा रणनीतिमा सुशासनको न्यायोचित वितरणसँगै न्यायपूर्ण अभ्यास गर्ने माध्यम सुशासन हो । यसले शासकीय व्यवस्थापन, आम जनताको सहभागिता स्रोत र साधनको न्यायोचित वितरण, अनुमानयोग्य कार्यसम्पादन, कानूनी शासनको प्रत्याभूति गर्नुका साथै पारदर्शिताको पूर्व अवलोकन गर्दछ । यो शासकीय कुशलता अभिवृद्धि गर्ने नविनतम रणनीति हो ।

शासकीय व्यवस्थामा सुशासनले आम जनताको सहभागितालाई जोड दिन्छ, स्रोत साधनको न्यायोचित विवतरण गर्दछ, अनुमानयोग्य कार्यसम्पादन गर्दछ । त्यसैगरी कानूनी शासनको प्रत्याभूति खोज्दछ ।

सुशासन सुधारको महत्त्वपूर्ण रणनीतिका रूपमा प्रयोग हुन थालेको छ । राज्य वा सरकारलाई जनताको नजिक पुऱ्याउँन र सार्वजनिक क्षेत्रका क्रियाकलापहरूको प्रभावकारिता विस्तार गर्ने प्रक्रियाको रूपमा सुशासन विकास भयो । शासकीय क्रियाकलापको बैधता र विश्वासको खोजी पछि सुशासन शब्दले बैधता पायो । नैतिकताको खस्कदो स्थिति, कर्मचारीतन्त्रमाथि विकल्पको खोजी, नवीन प्रविधिको प्रयोग जस्ता कारणबाट यसको माग बढ्दै गएको अवस्था देखिन्छ भने अर्को तर्फ लोकतन्त्रको विकास र कार्यान्वयनलाई मूर्त रूप दिन लोकतन्त्रले सुशासनलाई गन्तव्यको रूपमा लिएको पाइन्छ । लोकतन्त्रले सुशासनलाई आफ्नो अभिन्न अङ्ग मान्दछ । सर्वसाधारणको बुझाइमा सुशासन राज्यका तर्फबाट गरिनुपर्ने कार्यको प्रभावकारिता हो । सुशासनमा प्रतिनिधिमूलक भन्दा सहभागिता, शक्तिभन्दा वैधानिकता, बन्दभन्दा खुला, नियन्त्रणमुखीभन्दा सहजकर्ताको आधारमा सञ्चालन हुने सरकारको क्रियाकलापलाई उत्तरदायी व्यवस्थापन गर्नु हो ।

सुशासन शब्दको प्रथम प्रयोग सन् १९८९ मा विश्व बैंकले गरेको हो । पश्चिमा देश तथा राजनीतिक संस्थाहरूद्वारा तेस्रो विश्वका देशहरूकको साशकीय व्यवस्थाका कमी कमजोरी हटाई व्यवस्थामा सुधार ल्याउने प्रयोजनका लागि सहायता सर्तको रूपमा अगाडि सारिएको हो । यो अवधारणा विश्व बैंकले सन् १९८९ मा अफ्रिकी महादेशका देशहरूमा पहिलोपटक प्रयोगमा ल्याएको हो । आज विश्व भरि नै यो अवधारणा दिगो विकासको लक्ष्य हासिल गर्ने औजारको रूपमा प्रयोग हुँदै आएको छ ।

राजनीतिक वृतमा लोकतान्त्रीकरण, औधोगिक र सञ्चार क्षेत्रमा विश्वव्यापीकरण आर्थिक क्षेत्रमा निजीक्षेत्रको सुदृढीकरण जस्तै सार्वजनिक व्यवस्थापनको क्षेत्रमा सुशासनले महत्त्व पाएको छ।

नेपालमा सुशासनलाई प्रत्याभूत गर्नका लागि नेपालको संविधान, सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन २०६४, सूचनाको हक सम्बन्धी ऐन २०६४ लगायत विभिन्न विषयगत ऐन कानूनहरू तर्जुमा गरिएका छन्।

**नेपाल हज समितिको सचिवालय र सुशासन**

नेपाल हज समितिको सचिवालयबाट सुशासन कायम गर्ने सिलसिलामा विभिन्न अभ्यासहरू भएका छन्। नेपालको संविधान,सुशासन ऐन तथा नियमावली, सूचनाको हक सम्बन्धी ऐन लगायत विभिन्न विषयगत ऐनले गरेको व्यवस्था समेतको आधारमा नेपाल हज समितिको सचिवालयका गतिविधिहरूलाई सुशासनको दृष्टिमा देहायअनुसार विश्लेषण गर्न सकिन्छ।

१. **नागरिक वडापत्र र सो कार्यान्वयन:** नेपाल हज समितिको सचिवालयबाट सम्पादन हुने सम्पूर्ण गतिविधिहरूमा सरोकारवालाहरूको सरल र सहज जानकारीका लागि सचिवालयको वेभसाइटमा नागरिक बडापत्र राखिएको छ। सोही अनुसार सचिवालयका गतिविधिहरूलाई पारदर्शी रूपमा कार्यसम्पादन हुँदै आएको छ।

२. **हज व्यवस्थापन सूचना प्रणाली (Hajj Management Information System–HMIS) विकास तथा सञ्चालन**

हज व्यवस्थापन सम्बन्धी कार्यलाई चुस्त, सरल, पारदर्शी, मितव्ययी, गुणस्तरीय र वैज्ञानिक बनाई संस्थागत सुशासन कायम गर्ने उद्देश्यले निम्नानुसारका विशेषता सहितको हज व्यवस्थापन सूचना प्रणाली (Hajj Management Information System–HMIS) विकास तथा सञ्चालन गरिएको छ। साथै यस प्रणालीलाई गृह मन्त्रालयको सर्भरमा समेत Hosting गरिएको छ।

क. हजयात्रुहरूले इलष्लिभ मार्फत नै हजयात्राका लागि आवेदन दिन सक्ने। (हाल अधिकांश हजयात्रा गर्न चाहने व्यक्तिहरूको वैयक्तिक क्षमतालाई दृष्टिगत गरी जिल्ला प्रशासन कार्यालय/इलाका प्रशासन कार्यालयवाट मात्र Online विवरण भर्न सक्ने गरी व्यवस्था गरिएको)

ख. आवेदन सङ्कलन, छनोट, विश्लेषण तथा आवश्यकतानुसारको प्रतिवेदन उत्पादन, शुल्क रकम प्राप्ति, फिर्ता लगायतका कार्यहरू पूर्ण रूपमा विद्युतीय प्रणालीमा आवद्ध भई सम्पादन हुने।

ग. हजयात्रुहरूको विस्तृत व्यक्तिगत तथा जैविक विवरण सुरक्षित रहने।

घ. हजयात्रा सम्बन्धी महत्त्वपूर्ण सूचनाहरू SMS मार्फत हजयात्रुहरूलाई उपलब्ध हुने

साथै HMIS सञ्चालन सम्बन्धमा विभिन्न ३४ जिल्ला तथा सो अन्तर्गत इलाका प्रर्शासन कार्यालयका १२३ जना सम्पर्क अधिकृतहरूका लागि १ दिने क्षमता विकास कार्यक्रम समेत सञ्चान गरिएको छ।

३. **नेपाल हज समिति तथा सचिवालयलाई कार्यमूलक बनाउने गरी कानून तर्जुमा:** नेपाल हज समितिलाई कार्यमूलक बनाउने, हजयात्रा व्यवस्थापनसँग सम्बन्धीत निकायहरूको संस्थागत

भूमिकालाई स्पष्ट पार्ने, हजयात्रु छनोटका वस्तुनिष्ठ आधारहरू तर्जुमा गर्ने, हजयात्राका लागि लाग्ने शुल्क रकमलाई अनुमानयोग्य बनाउने, हजयात्रासँग सम्बन्धीत खर्च तथा व्यवस्थापनलाई चुस्त र पारदर्शी बनाउने लगायतका कार्यहरूका लागि नेपाल हज समिति कार्यविधि २०७२ संशोधन तथा परिमार्जन गर्नका लागि नेपाल सरकार गृह मन्त्रालयमा अनुरोध गरिएको छ। साथै नेपाल हज समिति (सञ्चालन तथा व्यवस्थापन) ऐन तर्जुमाको लागि तोएिको अवधारणापत्र (Concept Paper) तयार गरी स्वीकृतिको लागि गृह मन्त्रालयमा अनुरोध समेत गरिएको छ।

४. **हज व्यवस्थापन प्रक्रिया बारेमा अङ्ग्रेजी भाषामा पुस्तिका प्रकाशन**

हज विश्वव्यापी अभ्यास भएका कारण नेपालबाट हुने हजको व्यवस्थापनका मुख्य मुख्य विषयहरूका बारेमा अन्तर्राष्ट्रिय स्तरमा समेत जानकारी हुने उद्देश्यले अंग्रेजी भाषामा पुस्तिका प्रकाशन गरिएको छ। यसबाट नेपालको हजयात्रा व्यवस्थापनको बारेमा जानकारी राख्न चाहने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकाय तथा सरोकारवालाहरू साथै हज सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासहरूको तुलनात्मक अध्ययन गर्न चाहने अनुसन्धानकर्ताहरूको लागि समेत सरल र सहज रूपमा सूचना उपलब्ध हुने अवस्था सिर्जना हुनेछ।

५. **नमाज कक्ष व्यवस्थापन**

इस्लाम धर्म परम्परा अनुसार गर्नुपर्ने प्रार्थना कार्यका लागि समितिका पदाधिकारी तथा सेवाग्राहीहरूको लागि नेपाल हज समितिको सचिवालयकामा एक नमाज कक्ष व्यवस्थापन गरिएको छ। जसवाट इस्लाम धर्मावलम्बीमैत्री कार्यालय वातावरण सिर्जना भएको छ।

६. **हज पुस्तकालय निर्माण**

नेपाल हज समितिको सचिवालयलाई सूचना स्रोतकेन्द्रको रूपमा विकास गर्ने गरी इस्लाम धर्म तथा हज सम्बन्धी विभिन्न पुस्तकहरू सहितको हज पुस्तकालय निर्माण गरिएको छ।

७. **वार्षिक बुलेटिन प्रकाशन**

नेपाल हज समितिको सचिवालयले आर्थिक वर्ष २०७७/७८ मा सम्पादन गरेका क्रियाकलापहरू तथा भावी कार्ययोजनाहरू समावेश गरी हज वार्षिक बुलेटिन प्रकाशन गरेको छ। यसबाट सचिवालयले वार्षिक रूपमा सम्पादन गरेका गतिविधिमा आम सरोकारवालाहरूको पहुँच सरल हुने अवस्था सिर्जना हुनेछ साथै सचिवालयका गतिविधिहरूलाई अझ व्यवस्थित बनाउने सम्बन्धमा सरोकारवालाहरूबाट सहज रूपमा पृष्ठपोषण समेत प्राप्त हुने अवस्था सिर्जना हुनेछ।

८. **लेखा तथा जिन्सी सफ्टवेयर निर्माण (Hajj Account and Store Management Software) तथा सञ्चालन**

नेपाल हज समितिको सचिवालयमा प्राप्त हुने अनुदान तथा नेपाल हज समितिमा हजयात्रुहरूबाट सङ्कलन हुने रकमलाई मितव्ययी, पारदर्शी तथा प्रचलित लेखा प्रणालीका मान्य सिद्वान्त अनुसार खर्च गर्ने, लेखा राख्ने साथै जिन्सी उपयोग तथा अभिलेखलाई समेत व्यवस्थित गर्ने अभिप्रायले सार्वजनिक निकायमा उपयोगमा रहेको C-GAS/TSA तथा PAMS प्रणालीसँग आवद्ध हुने गरी सफ्टवेयर निर्माण तथा सञ्चालन गरिएको र सो सञ्चालनका लागि आवश्यक ल्यापटप/कम्प्युटर तथा अन्य उपकरणहरूको व्यवस्थापन समेत गरिएको छ।

९. **हज डायरी (Hajj Diary) निर्माण तथा छपाइ**

हज गर्ने तरिका, हजका अर्कान (नियम), मक्का मदिनाका प्रमुख धार्मिक स्थल तथा संरचना सम्बन्धी जानकारी, हज यात्रुहरूले पालन गर्नुपर्ने अध्यागमन तथा नागरिक उड्डयन सम्बन्धी, धार्मिक कार्यहरू गर्दा पालना गर्नुपर्ने, होटल तथा आवास क्षेत्रमा रहँदा पालना गर्नुपर्ने नियमहरू साथै महत्त्वपूर्ण सम्पर्क नम्बर सहित यात्रा अनुभूतिहरू टिपोट समेत गर्न मिल्ने गरी Guide Book को रूपमा डायरी छपाई गरिएको छ। उक्त डायरी सबै हजयात्रुहरूलाई समेत उपलब्ध हुनेछ।

१०. **बेरुजु फछ्र्यौट**

नेपाल हज समितिको सचिवालयको नाममा महालेखा परीक्षकको कार्यालयबाट औंल्याइएको बेरुजुमध्ये कूल ५३ करोड पेस्की बेरुजुका सम्बन्धमा आवश्यक लगत सङ्कलन गरी नियमानुसार फछ्र्यौट गरी लगत कट्टाका लागि महालेखा परीक्षकको कार्यालयमा पेस गरिएको छ। लगत कट्टा गर्ने सम्बन्धमा महालेखा परीक्षक कार्यालयबाट सम्परीक्षणको आवश्यक कार्य भइरहेको छ।

११. **हज पदाधिकारी, हज प्रतिनिधि मण्डल तथा हजयात्रुहरूको आचारसंहिता (Code of Conduct) तर्जुमा**

हज व्यवस्थापनको क्रममा हज पदाधिकारीहरू, हज प्रतिनिधिमण्डल, हजयात्रु, चिकित्सक, स्वयंसेवकहरूका गतिविधिहरू अनुशासित र मर्यादित बनाउन तर्जुमा गरिएको आचारसंहिता नेपाल हज समितिको मिति २०७८ असार २९ गते बसेको बैठकको निर्णय तथा नेपाल सरकार (मा. गृहमन्त्रीस्तरको मिति २०७८।०५।२२) को निर्णयानुसार स्वीकृत भई कार्यान्वयन/ परिपालना भइरहेको छ।

१२. **नेपाल हज समितिको सचिवालयको वेभसाइट सञ्चालन तथा सचिवालयलाई हज सूचना स्रोतकेन्द्रको रूपमा विकास**

हज सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण गतिविधि/सूचनाहरूलाई सचिवालयको वेभसाइट nepalhajj.moha.gov.np मार्फत सार्वजनिक गर्ने गरिएको छ। साथै हज सूचनाका सम्बन्धमा स्रोतकेन्द्रको रूपमा विकासँगर्ने गरी हज सम्बन्धी विभिन्न स्रोत सामग्रीहरू तयार गरिएको छ।

१३. **विगतका वर्षहरूमा हज गर्न गएका व्यक्तिहरूको विवरण HMIS मा प्रविष्टि**

विगतमा हज गर्न गएका ९००० व्यक्तिहरूको विस्तृत विवरण HMIS मा प्रविष्टि गरिएको छ। साथै विगत वर्षमा हज गर्नका लागि रकम जम्मा गरेका तर हज नगरेका व्यक्तिहरूबाट सङ्कलित रकमको विवरण, रकम फिर्ता लाने व्यक्तिहरूको विवरण लगायत आवश्यक विवरणहरू प्रविष्टि गर्ने कार्य भैरहेको छ।

१४. **हज जानकारी पुस्तिका (Hajj Booklet) प्रकाशन**

हज के हो ? कसरी गरिन्छ ? हज व्यवस्थापनमा कुन कुन निकायको संलग्नता रहन्छ ? संलग्न निकायहरूको भूमिका के हो ? लगायतका विषयवस्तुहरू समावेश गरी हज जानकारी पुस्तिका प्रकाशन गरिएको छ। हज सम्बन्धी जानकारी राख्ने सरोकारवालाहरूको लागि यो उपयोगी हुनेछ।

१५. **हज अभिलेख व्यवस्थापन प्रणाली (Hajj Document Management System) विकास**

नेपाल हज समितिको सचिवालय रहेका नेपाल हज समिति, उपसमिति, सल्लाहकार समितिका बैठक निर्णय, हजयात्रुहरूबाट शुल्क सङ्कलन सम्बन्धी कागजात लगायत अन्य महत्त्वपूर्ण कागजातहरू

विद्युतीय प्रणालीमा आवद्ध गरी सुरक्षित अभिलेख राख्ने कार्यका लागि हज अभिलेख व्यवस्थापन प्रणाली (Hajj Document Management System) विकास गरी सञ्चालन गरिएको छ।

१६. **वार्षिक कार्ययोजना सार्वजनिक एवम् कार्यान्वयन**

नेपाल हज समितिको सचिवालयले वार्षिक रूपमा सञ्चालन गर्ने गतिविधिलाई व्यवसायिक रूपमा सञ्चालन गर्न वार्षिक कार्यक्रम कार्यान्वयन कार्योजना तयार गरी आम सरोकारवालाहरूको जानकारीको लागि ध्भदकक्ष्तभ मार्फत सार्वजनिक गरेको छ। यसले कार्यालयको गतिविधि योजनावद्ध रूपमा सञ्चालन हुने र पारदर्शिता अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

१७. **स्वत प्रकाशनको नियमितता**

सूचनाको हक सम्बन्धी ऐनले निर्दिष्ट गरे अनुसार नेपाल हज समितिको सचिवालयबाट सम्पादित गतिविधिहरूलाई स्वतः प्रकाशन (Pro Active Disclosure) को रूपमा नियमित प्रकाशन गर्ने गरिएको छ। यसबाट आम सरोकारवालाहरूलाई यस सचिवालयको बारेमा सूचनाको पूर्ण प्रत्याभूति हुनेछ।

**निष्कर्ष**

नेपाल हज समितिको सचिवालयका गतिविधिहरूलाई स्वच्छ, सक्षम, निष्पक्ष पारदर्शी जवाफदेही बनाउँदै व्यवस्थित रूपमा हजयात्रा व्यवस्थापन गर्ने कार्यका लागि विभिन्न प्रयासहरू सञ्चालन हुँदै आएका छन्। नेपाल हज समितिको सचिवालयका गतिविधिहरूलाई विश्लेषण गर्ने हो भने सुशासनको दृष्टिमा अपेक्षाकृत अभ्यासहरू भएको देखिन्छ। नेपाल हज समितिका गतिविधिहरूलाई सुशासन युक्त बनाउने सन्दर्भमा नेपाल हज समिति तथा सचिवालयलाई सञ्चालन तथा व्यवस्थापन गर्ने कानूनी व्यवस्थाहरूमा समसामयिक परिमार्जन गर्ने,हज सम्वद्ध पदाधिकारीहरूबाट नैतिक आचरणयुक्त व्यवहार प्रदर्शन गर्ने र हज समितिका पदाधिकारी हरूबाट उत्प्रेरणामूलक नेतृत्व गर्न सक्ने अवस्थामा नेपाल हज समितिको सचिवालयबाट अझ व्यवसायिक रूपमा कार्यसम्पादन हुने अवस्था सिर्जना हुनेछ र सुशासनयुक्त वातावरणलाई अझ प्रवर्धन गर्न सकिनेछ।

**सन्दर्भ सामग्री**

*नेपाल हज समितिको सचिवालयबाट प्रकाशित, स्वत प्रकाशनहरू*

*नेपाल हज समिति कार्यविधि,२०७२*

*हज बुलेटिन, २०७८*

*सुशासन सम्बन्धी विभिन्न लेख रचनाहरू*

# नेपाली हाजीहरूका केही समस्या र सुझावहरू



**सेराज अहमद बरकतुल्लाह फलाही**
*कपिलवस्तु*

**पृष्ठभूमी**

हज इस्लामका पाँच आधारभूत स्तम्भहरूमध्ये एक हो जसलाई अस्वीकार गर्नु आफूलाई इस्लामबाट बाहिर राख्नु सरह हो। इस्लाममा हजको ठूलो महत्त्व रहेको छ। यो इस्लामको आधार र मुसलमानको पहिचान हो। उपासनाहरूमध्ये यो धेरै महत्त्वपूर्ण उपासना हो र मुस्लिम समुदायको एकताको महत्त्वपूर्ण आधार हो। इमान र मामिलाहरू, आचरण एवम् बानीहरू, नैतिकता र उपासना तथा जीवनमा परिवर्तन गर्ने र क्रान्तिकारी गुण सिर्जना गर्ने अनिवार्य कार्य हो यो। यसका फाइदाहरू धेरै गहिरा र अन्तिम क्षणसम्म रहने हुन्छन्। यदि यसलाई यसका सबै सर्तको पालना र सम्पूर्ण तरिकाहरूका साथ सम्पन्न गर्ने हो भने परलोकमा मानिसहरूको पापहरूको आम माफीको स्रोत पनि हो।

पछिल्ला केही वर्षदेखि इस्लामी देश तथा संसारभरबाट हज गर्न जानेहरूको सङ्ख्यामा वृद्धि हुँदै गएको छ। अल्लाहको कृपाले नेपालबाट हज गर्न जानेहरूको सङ्ख्यामा पनि वृद्धि भएको छ। पहिले पहिले तोकिएको जति सङ्ख्या पनि पुग्दैनथ्यो भने अहिले निर्धारित हजको कोटा कम भएको महसुस हुन्छ। जसकारण हज गर्न चाहनेहरूले दुई दुई वर्षसम्म पालो पर्खेर बस्नुपर्छ। धार्मिक जागरूकता, शिक्षामा वृद्धि, यात्रामा सुविधा, हरम र हज गर्ने ठाउँमा फराकिलोपना, सृजना गरिएको क्षमता र नेपाली मुस्लिमहरू पनि आर्थिक रूपमा सबल हुँदै गएकाले अब नेपाली मुस्लिमहरू पनि पहिलेभन्दा बढी उत्सुक भएका छन् र हजको फारम भरेर आस्थाको केन्द्रमा पुगी हज जस्तो महत्त्वपूर्ण उपासना पूरा गर्न चाहन्छन्।

हजको यात्रा एक महिना वा त्यसभन्दा बढी समयको हुन्छ र लगभग दुई हजार नेपाली मुस्लिमहरू पनि हजयात्रामा संलग्न हुन्छन् जसमध्ये बढीजसो वृद्ध, पढाइलेखाइ धेरै नभएका गाउँतिरका मानिसहरू हुन्छन्। सामान्यतया नेपाली हाजीहरूको हज यात्रा एकदम दुःख लाग्दो हुने गरिएको छ। यात्रा त शुद्ध हृदयले गरिने पूर्ण धार्मिक यात्रा हुनुपर्ने हो तर त्यसो हुन सकेको छैन। अल्लाहको घरको दर्शन र नबी (स.) को मस्जिदको दर्शन अर्थात् तीर्थयात्रा हो यो। हाजीहरू वास्तवमा अल्लाहका पाहुनाहरू हुन्। यसकारण उनीहरूको समस्या तथा आवश्यकताहरू माथि विचार गर्नु र यस यात्रालाई अझ सरल बनाउने प्रयास गर्नुपर्छ।

यस आलेखमा आफैँले देखे र भोगेका नेपाली हाजीहरूका समस्याहरू वर्णन गर्ने प्रयास गरिएको छ। साथै आवश्यक सुविधा तथा सुझावहरू पनि प्रस्तुत गरिएको छ। आशा छ कि यसबाट हज गर्न जानेहरूलाई पनि फाइदा हुनेछ र नेपाल हज कमिटी तथा हाजीहरूको समस्या रेखदेख गर्नेहरूले पनि दिशानिर्देश पाउनेछन्।

१. हजको सूचना र हज फारम वितरणदेखि हजका सबै कार्यहरू गृह मन्त्रालय अन्तर्गत हुन्छ। हजको छुट्टै विशिष्टिकृत निकायको स्थापना र हज हाउसको निर्माण नभएसम्म यी समस्याहरू माथि पूर्ण नियन्त्रण पाउन सकिँदैन। यस सम्बन्धमा सबै सूचनाहरू नेपाली भाषा सँगसँगै उर्दु भाषामा पनि प्रकाशन गर्न जरुरी छ। सूचना जिल्ला प्रशासन कार्यालयबाट मात्र नभई देशका ठुलठुला इस्लामीक संस्था, धार्मिक संस्था र देशका ठुलठुला मस्जिदहरूबाट पनि जारी गर्नुपर्छ। कम्तीमा ती स्थानहरूमा सूचना टाँस्ने व्यवस्था मिलाउनुपर्छ। हज शुद्ध धार्मिक कर्तव्य भएको हुनाले यस्ता इस्लामिक धार्मिक क्षेत्रमा सूचना प्रकाशित र प्रसारित भए सजिलैसँग र थोरै समयमा सबै मुसलमानसमक्ष यो सूचना पुग्न सक्छ।

२. जिल्ला प्रशासन कार्यालयबाट फारम प्राप्त गर्ने, फारम भर्ने तथा रकम बुझाउने जस्ता कार्यलाई अझै सरल बनाउनु पर्छ। यस्ता कार्यालयहरूमा हजसम्बन्धी छुट्टै काउन्टर र दक्ष कम्प्युटर सञ्चालक व्यवस्था गर्नुपर्छ। अनलाइन फारम भर्ने सुविधा पनि सुचारु हुनुपर्छ किनकि सूचना प्रकाशन हुने बित्तिकै जहाँबाट पनि फारम भर्न सकियोस्। अनलाइन फारम भरेको प्रतिलिपि लिई सम्बन्धित कार्यालयमा पुगेर बाँकी कार्य सजिलै गर्न सकियोस्।

३. फारम भर्नेहरूको सङ्ख्या बढ्यो भने छनोट गर्ने जुन तरिका छ त्यसलाई राम्ररी र सही ढङ्गले कार्यान्वयन गर्नुपर्छ। हज जस्तो पवित्र कार्यमा नातावाद, राजनीतिक व्यक्तिहरूको दबाव, हज कर्मचारी वा कार्यकर्तासँग मिलेमत्तो गरी छनोट कार्यमा फेरबदल वा कुनै पनि गल्ती हुनुहुँदैन। यस्तो कार्यमा हरेक तहमा इमान्दारिता हुनु आवश्यक छ। यसको समाधान स्वरूप प्रत्येक जिल्लाको लागि मुस्लिम जनसङ्ख्याको आधारमा कोटा छुट्याउनु पर्छ र नेपालभरबाट सङ्कलित फाराम सङ्ख्यामा केही कमी भयो भने थप सङ्कलित फाराम स्वीकार गरिने सर्तमा केही अतिरिक्त फारमहरू भर्ने अनुमति दिनुपर्छ।

४. नामावली प्रकाशनपछि सबभन्दा पहिले औँठा छाप (finger print) लिने काम हुन्छ। औँठा छाप लिने मेसिन सम्भवतः एउटा मात्र छ जुन प्रत्येक जिल्ला प्रशासन कार्यालयहरूमा पालैपालो पठाइने गरिन्छ। साथै औँठा छाप लिने कर्मचारी पनि ढिलासुस्ती गर्छन् यहाँसम्म कि एक जनाले दुई दुई, तीन तीन पटक औँठा छाप दिनुपर्ने अवस्था हुन्छ। त्यसैले कर्मचारीहरूलाई पहिलेदेखि नै प्रशिक्षण दिएर राख्नुपर्छ र औँठा छाप मेसिन पनि कम्तीमा प्रत्येक प्रदेशको लागि छुट्टाछुट्टै हुनुपर्छ। यसो गर्न सकिएमा औँठा छाप दिन सजिलो हुन्छ।

५. त्यसपछिको चरण घरदेखि काठमाडौँसम्मको यात्रा हो। व्यक्तिगत रूपमा आफ्नै व्यवस्थामा काठमाडौँ जानुभन्दा आसपासका गाउँ वा जिल्लाका मानिसहरू एकैसाथमा गाडी रिजर्व गरेर पूर्ण तयारीसाथ यात्रा गर्न सके निकै राम्रो हुन्थ्यो। घरबाट निस्कने बेलामा धार्मिक आचरणहरू लाई विशेष ध्यान राख्नुपर्छ र अनावश्यक कार्यहरू गर्नुहुँदैन।

६. उडानभन्दा पहिले हाजीहरूलाई आवश्यक कार्यका लागि काठमाडौँको नेपाली जामे मस्जिद वा काश्मिरी तकिया मस्जिदमा राखिन्छ। यस अवधिमा इन्जेक्सन, पासपोर्ट चेकजाँच, आवश्यक पर्ने केही रकम, पहिचान पत्र दिने गरिन्छ। यसको सूचना पनि मोटो अक्षरमा मिति, समय र दिन खुल्ने गरी नेपाली र उर्दु दुवै भाषामा प्रकाशित हुनुपर्छ। सोधपुछ काउन्टर पनि राख्नुपर्छ जुन बिहान फजरदेखि राति ९ बजेसम्म खुल्ला होस्। यस बिच प्रोजेक्टरको मद्दतले हज गर्न जानेहरूका लागि हजको तरिका सम्बन्धी केहि भिडियोहरू देखाउनु राम्रो हुन्छ। मस्जिदमा खाने, बस्ने व्यवस्था तथा सरसफाईको व्यवस्थालाई राम्रो ढङ्गले व्यवस्थित गर्नुपर्छ।

७. यदि कोही व्यक्ति साथमा हज गर्न चाहन्छन् भने उनीहरूको राहदानी तथा फाराम एकैसाथमा राख्नुपर्छ। उनीहरूका लागि कुनै पारिवारिक कोडको व्यवस्था गर्नुपर्छ जुन एउटा परिवारका प्रत्येक सदस्यका लागि एकै होस्। उनीहरूको फाराम स्वीकृत भयो भने सबैको एकै साथ होस् र फ्लाइट सबैको एकैसाथ होस्। साथै यदि समूह बनाउने समय आयो भने सबै सदस्यहरू एकै समूहमा आउन सकुन्। एउटै परिवारका मानिसहरू, नजिकका नातेदारहरू वा एउटै गाउँका मानिसहरू सहजताका लागि एकसाथमा यात्रा गर्न चाहन्छन्। यस्तो अवस्था पनि देखिएको छ कि फ्लाइटमा पति-पत्नी वा बुवा-आमा एक अर्कोबाट छुट्टिएर बस्नु परेको हुन्छ। यस्तो अवस्था सिर्जना हुन नदिन सक्दो प्रयास गर्नुपर्छ।

८. मस्जिदबाट एयरपोर्ट जाँदा प्रत्येक बसमा हजकमिटीको तर्फबाट एउटा स्वयंसेवक हुनुपर्छ। त्यस्तै एयरपोर्ट बाहिर र भित्र प्रत्येक काउन्टरमा पनि सहयोगका लागि एक एक जना स्वयंसेवक हुनुपर्छ। स्वयंसेवकहरूको पहिरन एकै किसिमको हुनुपर्छ जसलाई देखेर हाजीहरू ढुक्क होउन् कि आफ्नो सहयोगका लागि कोही व्यक्ति पनि छ। अन्यथा काम त हुन्छ तर यात्राको अनुभव नभएका अशिक्षित र ग्रामीण बासीहरू यात्राको सुरुमा नै डराउँछन्।

९. प्रत्येक जहाजमा कम्तीमा दुई जना आलिम स्वयंसेवकहरू हुनुपर्छ। उनीहरूले यात्राको अवधिभरि निर्देशनहरू दिँदै रहुन्। मिकात आउनु पूर्व यसको जानकारी दिउन् र नियत एवम् तकबीरका शब्दहरू पढ्न लगाउन्। फ्लाइटका अधिकारीहरू पनि सोध्छन् कि तपाँईहरूको प्रतिनिधि को हुन्। यसका लागि यो पनि गर्न सकिन्छ कि समूहमध्ये कुनैपनि आलीमलाई यहाँ काठमाडौँ मै प्रतिनिधि तोकी उनीसँग जहाजमा रहेका सबै हाजीहरूको नामावली र अन्य काम लाग्ने कागजातहरू होओस्।

१०. जेद्दा एयरपोर्टमा स्वागत तथा जद्दाबाट मक्का लैजान प्रशिक्षकको टोलि र बस आउँछ। त्यहाँ पनि हज कमिटीका दुई तीन जना स्वयंसेवकहरू होउन् जसले सबै जनालाई फ्लाइटबाट निकालेर एक ठाउँमा जम्मा गरुन्, बसमा चढ्न सहयोग गरुन्, कोही छुटेको भए वा कसैको सामान आउन नसकेको वा अरु कुनै समस्या आएको भए उसको सम्बन्धित समस्या हल गर्न सहयोग गरुन्। प्रत्येक बसमा चढेर मक्कासम्म साथमा लैजान सके हाजीहरूको लागि राहतको कुरा हुने थियो।

११. जब हाजीहरू मक्का होटलमा पुग्छन् त्यहाँ पनि स्वागतका लागि तथा स्वयंसेवकको रूपमा हज कमिटीको कार्यकर्ता हुनुपर्छ ताकि कुनै पनि मामिलामा हाजीहरू तिनीहरूसँग सहायता माग्न सकुन्। सबैकुरा थाहा हुँदाहुँदै पनि त्यहाँ कहिलेकाहिँ मानिसहरू समस्यामा पर्छन्। त्यसकारण स्वयंसेवकको तर्फबाट यो प्रयास हुनुपर्छ कि सबभन्दा पहिले सबै जनाले आफू बस्ने कोठा निश्चित गरुन्, सामान मिलाएर राखुन् र साउदीको नयाँ सिमकार्ड लिएर एकअर्कासँग नम्बर आदानप्रदान गरुन्। होटलको कार्ड र हजको प्रमाणपत्र लिएपछि मात्र उमराको लागि काबा जानुपर्छ। मानिसहरू थाकेर जान्छन् र हतारमा सामान राखेर हरमतिर लाग्छन्। परिणामस्वरूप आपसमा छुट्टिएर बिचलित हुन्छन्। न मोबाइल हुन्छ र न अरु कुनै जानकारी। बिचल्लित भएर राती अबेला मात्र होटल पुग्छन्।

यस कुराको आवश्यकता पनि महसुस गरिएको छ कि दस बीस जनाको समूह हरममा जाँदा साथमा नेपालको झन्डा साथमा राख्ने र एक जनाले झन्डालाई माथि राख्यो भने हराउने डर कम हुन्छ। जहिले पनि कतै निस्कदा झन्डा साथमा बोक्न सकिन्छ। यसले अरु मानिसहरूलाई पनि फाइदा हुन्छ। यदि काही

हरायो वा छुट्यो भने झण्डा भएको ठाउँमा आउन सक्छ । यो भन्दा पनि सजिलो यो हुन सक्छ कि कुनै कपडामाथि नेपालको सानो झन्डा बनाइएको होस् र त्यो कपडा प्रत्येक हाजीले आफ्नो घाँटीमा बाँधेर राखे भने यस्तो अवस्थामा कोही छुट्यो वा हरायो भने कुनै पनि नेपाली हाजीसँग होटलसम्म पुग्न सक्छ ।

१२. होटलमा बसेको अवस्थामा खानपिन, कोठाको सफाइ, ओछ्यान, कूलर तथा हिटर आदि होटलले प्रदान गर्छ । तर कुनै कमीकमजोरी वा खराब भयो भने उनीहरू ध्यान दिँदैनन् । यस्तो अवस्थामा प्रतिनिधिले ती समस्याहरूबारे कुरा गर्न सकोस् । हाजीहरूले पैसा अग्रिम भुक्तानी गरिसकेका हुन्छन् । यस्तो अवस्थामा बारम्बार यस्ता लापरवाहीहरू अक्षम्य हुन्छन् । होटलमा कहिले पानी सक्ने, कूलरले काम नगर्ने, ओछ्यान बदल्नु पर्ने अवस्था, चर्पी सफा गर्नुपर्ने वा मरम्मत गर्नुपर्ने हुनसक्छ । यी सब कारणले सबै हाजीहरू पीडित हुन्छन् र यस्तै कुराहरूमा धेरै समय बितिरहेको हुन्छ ।

होटलबाट मीना जान र होटलबाट मदिना जानेबेलामा तोकिएको समयमा बस आउँदैन । बस ढिलो आउँछ भनेर खबर पनि हुँदैन । कहिलेकाहीँ यस्तो पनि हुन्छ कि बसको समय ईशापछि थियो तर फजर नमाजपछि बस आउँछ । हाजीहरू रिसेप्सनमा वा सडकमा रात बिताउन बाध्य भएका हुन्छन् । हाजीहरूले पनि हतार गर्नुहुँदैन ।

१३. मिनामा बस्ने ठाउँ अपर्याप्त हुन्छ र खाना नेपाली स्वाद अनुसार पाइँदैन । जमरात आउन जान, अराफात जान र यस्तै अरु जरुरी कार्यहरूका लागि कुनै सूचना दिने कोही हुँदैन । यहाँ पनि महसुस भयो कि कुनै स्वयंसेवक भन्ने हुनुपर्छ जसले यस्ता सूचनाहरू दिन सकुन् ।

१४. मक्का बसेको अवस्थामा मुत्हफ-ए-मक्का, माअर्जुल् हरमैन, मरकज् हैयुयुन्नुज्हा, जामिया उम्मुलकुरा विश्व विद्यालय र यस्ता महत्त्वपूर्ण स्थलहरूको भ्रमण पनि गराउनु पर्छ । त्यस्तै मस्जिदे नबवी नजिक भ्रमणयोग्य धेरै ठाउँहरू छन् । जस्तै माअर्जुल् कुरआन करिम, माअर्जुल् अस्माउल् हुस्ना, मक्तब मस्जिदे नबवी आदिको सजिलै भ्रमण गर्न सकिन्छ ।

१५. अरफातबाट फर्कने बेलामा बसको प्रबन्ध छ वा छैन, बस समयमै आउँछ वा आउँदैन भन्ने बारेमा समय मै सूचित गरिँदैन यसकारण जो व्यक्ति हिँडेर मुज्दलिफा जान सक्छन् उनीहरूलाई समयमै निर्देशित गर्नुपर्छ । नत्र कतिपय हाजीहरू चिन्तामा हुन्छन र कतिपय मानिसहरू मुज्दलिफासम्म पुग्न पनि सकेका हुँदैनन् ।

१६. मिनामा बसेको अवस्थामा जमरात जान आउनमा, खानपान बदलिएर वा धेरै मेहनत पर्ने हुनाले धेरै हाजीहरू बिरामी पर्छन् । मीनामा आफ्नो चिकित्सक हुनु आवश्यक छ किनकि उनीहरूले प्रारम्भिक सहयोग गर्न सकुन् ।

१७. साउदीबाट फर्कने बेलामा काठमाण्डौ एयरपोर्टमा कमिटीका कार्यकर्ताहरू उपस्थित हुनु जरुरी छ । जो जो हाजीहरू मस्जिद आउन चाहन्छन् उनीहरूलाई ल्याउनुपर्छ र उनीहरूको प्रतिक्रिया पनि लिनुपर्छ । सिधै घर जान चाहनेहरूलाई त्यहीँबाट विदाइ गर्नुपर्छ ।

१८. हज कमिटीले हाजीहरूको सहयोगका लागि कम्तीमा २० जना आलिमहरूलाई लिएर जानुपर्छ जसलाई धर्मको राम्रो जानकारी होस् र उनीहरूले हजको बारेमा ठाउँ ठाउँमा निर्देशन दिन सकुन् । कम्तीमा सात जना डाक्टर हुनुपर्छ र साथमा आवश्यक औषधी लिएर जाउन् हाजीहरूको चेकजाँच गर्न सजिलो होस् । १० जना युवा स्वयंसेवक पनि साथमा हुनुपर्छ । खास गरी यस्ता युवकहरू जोसित कतार वा साउदीमा काम गरिएको अनुभव छ र उनीहरू अरबी बोल्न सक्छन् र हाजीलाई सहयोग गर्न सक्छन् ।

काठमाडौँ मै तिनीहरूको बारेमा सबैलाई अवगत गराउनुपर्छ र उनीहरूको संपर्क नम्बर पनि सबैलाई उपलब्ध गराउनुपर्छ।

पाँचजना हज समितिका सदस्यहरू जानुपर्छ जसलाई नेपाली र अङ्ग्रेजी बोल्न आउँछ। उनीहरूसँग नेपाल सरकारको तर्फबाट प्राप्त परिचयपत्र हुनुपर्छ। उनीहरू नेपाली हाजीहरूको हेरदेख गर्ने अधिकार राख्दछन् र कुनै आपत् विपत् परेको बेलामा साउदीको सम्बन्धित कार्यालयमा उजुरी गर्न सक्नेछन्।

१९. हजको फारम भर्ने समयमा एक लाख रुपैयाँ जम्मा गर्नुपर्ने हुन्छ। तर त्यस फारामको पुष्टि एक वर्षपछि मात्र हुन्छ। तबसम्म नेपाल सरकारले त्यो रकमलाई प्रयोग गरिएको हुन्छ। जुन न्यायसङ्गत देखिँदैन। यसकारण फाराम भर्ने समयमा ५०० वा १००० रुपैया दस्तुर लिएर फारम भर्ने र नाम निस्किएपछि एक महिनाभित्र पूरा रकम जम्मा गर्ने गरी सूचना दिनुपर्छ र रकम जम्मा गरेपछि मात्र औँठा छाप (finger print) लिनुपर्छ।

२०. हजको फारम भर्ने बेलामा राहदानीको फोटोकपी मात्रै लिने गर्नुपर्छ। अहिले सक्कल राहदानी नै लिइन्छ तर त्यसको कुनै जरुरी छैन। फाराम भरेदेखि स्वीकृत हुनसम्म कयौँ महिना अझै कहिले एकवर्षभन्दा बढी लाग्छ। यसबिचमा कसैलाई पासपोर्टको काम पर्‍यो भने उसलाई समस्या पर्छ र अरु कतै यात्रा पनि गर्न सक्दैन। रमजानमा, कुनै अन्तर्राष्ट्रिय सेमिनारमा, व्यापार वा अन्य कुनै कारणले विदेश जानुपर्ने भए त्यसबाट वञ्चित हुनुपर्छ।

विदेशतिर कार्यरत व्यक्ति आफ्ना आमा-बुवा वा पत्नीसँग हज गर्न खोजिरहेका छन् भने यस्तो अवस्थामा असम्भव हुन्छ। यसकारण नामावली पुष्टि भएर आएपछि मात्र एक महिनाभित्र रकम र इदुलफित्र एवम् शब्बालको अन्तमा भिसाको काम गर्ने बेलामा सक्कल राहदानी लिनुपर्छ।

२१. हज कमिटीको चुनाव गर्दा त्यसमा इस्लामिक विद्वान, धार्मिक अगुवा, धार्मिक संस्थाका प्रतिनिधिहरूलाई विशेष सामेल गराउनुपर्छ र यस्ता मानिसहरूको चयन गर्नुपर्छ जो हज गरिसकेका छन्, धार्मिक ज्ञान राख्दछन् र त्यस कार्यलाई राम्ररी निर्वहन गर्न सक्छन्। जम्मा सदस्य २५ जना हुन्छन् जसमध्ये कम्तीमा १५ जना आलिम लिनुपर्छ।

२२. प्रत्येक हाजीहरूको हरेक मामिलाहरू निर्देशकमाथि हुन्छ तर यस्ता मानिसहरू त्यहाँ देखिदैनन्। न त हाजीहरूको लागि यहाँबाट गएका स्वयंसेवकहरू नै देखिन्छन् र न प्रशासन प्रबन्धन सम्बन्धी सूचनाहरू समयमा पुर्‍याउने कोही हुन्छ। हाजीहरूको लागि सबभन्दा बढी कष्टप्रद कार्य यही हुन्छ। यसकारण हज कमिटीको तर्फबाट गएको आलिम प्रतिनिधिलाई निर्देशकको फोन नम्बर र निर्देशकको सहयोगीको फोन नम्बर अवश्य रूपमा उपलब्ध गराउनुपर्छ। अब त सजिलो यो पनि छ एउटा Whats App Group बनाएर निर्देशक, उसको सहयोगी मोअल्लीम प्रतिनिधि, हज कमिटीका प्रतिनिधिहरू समावेश होऊन। हज कमिटीका निर्देशकहरूले हाजीहरूलाई जानकारी गराउनुपर्छ।

यी केही समस्याहरू हुन् जसलाई स्पष्ट पार्ने प्रयास गरिएको छ। यदि यसलाई गम्भीरतापूर्वक लिएर विचार गरियो भने नेपालका हाजीहरूका समस्यामा केही कमी हुन सक्छन् र उनीहरूका लागि धेरै सुविधाहरू पनि हुनसक्छ। अल्लाहले हाजीहरूको समस्याहरूलाई समाधान गरी त्यसलाई सजिलो बनाउन र यससँग सम्बन्धित व्यक्तिहरूलाई इमान्दारी र एकताबद्ध भई काम गर्न तौफीक दिउन्। आमीन।

# हज सम्बद्ध पदाधिकारीहरूको आचारसंहिता, २०७९

(नेपाल सरकार, (मा. गृहमन्त्रीस्तर) को मिति २०७८।०५।२२ को निर्णयानुसार स्वीकृत)

हज सम्बन्धी कार्यहरूलाई जवाफदेही, उत्तरदायी, पारदर्शी, मितव्ययी तथा विवेकशील रूपमा सम्पादन गर्न हज सम्बद्ध पदाधिकारी तथा हजयात्रीहरूका गतिविधिहरूलाई मर्यादित, व्यवस्थित र अनुशासित बनाउन वान्छनीय भएकोले नेपाल हज समिति कार्यविधि २०७२ ले निर्दिष्ट गरे अनुसार यो "हज सम्बद्ध पदाधिकारीहरूको आचारसंहिता, २०७८'' जारी गरिएको छ।

१. **आचारसंहिता पालना गर्नुपर्ने:**

क. यस आचारसंहिताको पालना तथा अवलम्बन गर्नु हज सम्बद्ध पदाधिकारीहरूको कर्तव्य हुनेछ।

ख. हज सम्बद्ध पदाधिकारीको रूपमा मनोनयन भई बहाली हुनासाथ नेपाल हज समितिको सचिवालयले यो आचारसंहिता उपलव्ध गराई सो कार्यान्वयनको प्रतिबद्धता समेत लिइनेछ।

१.१ **हज सम्बद्ध पदाधिकारीहरूले पालना गर्नुपर्ने आचारहरू:** नेपाल हज समिति, उपसमिति तथा सल्लाहकार समितिका पदाधिकारीहरूले पालना तथा अवलम्बन गर्नुपर्ने आचारहरू देहायअनुसार हुनेछन् -

क. नेपाल हज समिति कार्यविधि २०७२ मा उल्लेखित जिम्मेवारीहरू चुस्त, दुरुस्त, पारदर्शी, मितव्ययी, विवेकशील र गुणस्तरीयरूपमा सम्पादन गर्न सदैव तत्पर रहनुपर्नेछ।

ख. हजयात्रामा समानुपातिक अवसर, उच्च नैतिकता, मितव्ययिता, व्यवसायिकता, सद्भावपूर्ण व्यवहार, समन्वय र सहकार्य, मुस्लिम समुदायको अधिकतम् लाभ जस्ता मूल्य मान्यतालाई धार्मिक मन प्रयोग गरी कार्यान्वयन गर्नुपर्नेछ।

ग. हज सम्बन्धी निर्णयहरू तथा अन्य व्यवस्थापकीय कार्यहरू गर्दा कुनै राजनैतिक आस्था/प्रतिशोध नगर्ने, मोलाहिजा/लोभलालच नगर्ने साथै सम्पूर्ण कार्यहरू पूर्ण पारदर्शी बनाउनु पर्नेछ।

घ. हज व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउने विषयमा सम्बन्धित व्यक्ति/ पदाधिकारी तथा सङ्घसंस्था एवम् हजयात्रीहरूबाट प्राप्त पृष्ठपोषणलाई आत्मसात् गरी निरन्तर सुधारका लागि पहल गर्नुपर्नेछ।

ङ. हज सम्बन्धी कुनै विषयहरू समितिमा छलफल तथा निर्णय भए अनुसार समितिले तोकेको व्यक्ति मार्फत सार्वजनिक गर्नुपर्नेछ। आफ्नो व्यक्तिगत धारणालाई संस्थागत धारणाको रूपमा व्यक्त गर्न पाइनेछैन।

च. समितिको कामको सम्बन्धमा अन्य सरकारी तथा गैरसरकारी निकायमा अध्यक्ष वा अध्यक्षले तोकेको सदस्यले मात्र प्रतिनिधित्व गर्नुपर्नेछ।

छ. समितिका कुनै पदाधिकारीबाट अनुचित कार्य भएको पाइएमा वा शंका लागेमा सदस्यहरूको हकमा

अध्यक्ष वा गृह सचिव समक्ष र अध्यक्षको हकमा गृह मन्त्री वा गृह सचिव समक्ष मात्र गुनासो गर्नुपर्नेछ।

ज. पदाधिकारीहरूले हज कार्यसञ्चालन (कार्यविधि) निर्देशिकामा उल्लेख भएअनुसार मात्र आर्थिक सुविधा उपयोग गर्नुपर्नेछ। नेपाल हज समितिबाट प्राप्त आफूसँग भएको साधन स्रोतको पूर्ण सदुपयोग गर्नु पर्नेछ।

झ. हजयात्रा विशेष धार्मिक यात्रा भएकोले कुनै पक्षपात, भेदभाव नगरी पारदर्शी रूपमा इस्लाम धर्मावलम्बीहरूलाई समानुपातिक अवसर उपलब्ध हुने गरी हजयात्रु छनोट, अभिमुखीकरण तथा आवश्यक सहजीकरण गर्नुपर्नेछ।

ञ. हजयात्रीहरू सन्तुष्ट हुने गरी समग्र यात्रा व्यवस्थापन (मक्का मदिनामा आवास, खानपान, परिवहनसेवा समेत) कार्यका लागि सम्बद्ध निकाय तथा पदाधिकारीहरूसँग उच्चतम् समन्वय र सहजीकरण गर्नुपर्नेछ।

ट. समितिका नाममा रहने कोषलाई हजयात्रुहरूको अधिकतम लाभ हुने गरी मितव्ययी तथा पारदर्शी तबरबाट परिचालन गर्नु, गराउनु पर्नेछ।

ठ. हजयात्राका क्रममा खटिने हज प्रतिनिधिमण्डल, चिकित्सक टोली, स्वयंसेवकहरूले आफ्नो पदीय जिम्मेवारी तथा आचारसंहिता परिपालना गरे नगरेको सम्बन्धमा विशेष ध्यान दिनुपर्नेछ।

ड. हज व्यवस्थापनको क्रममा आफूसँग भएको आर्थिक तथा प्रशासनिक दायित्व कार्यसम्पन्न भएपछि ३५ दिन भित्र बरबुझारथ तथा फछ्र्यौट गर्नुपर्नेछ।

ढ. आफूलाई सुम्पिएको जिम्मेवारी निर्वाह गर्दा कुनै पनि प्रत्यक्ष र परोक्षरूपमा आउने प्रभाव, प्रलोभन, वदनियत, दबाब, मोलाहिजा, आग्रह, पूर्वाग्रह आदिबाट प्रभावित नभई पदीय दायित्व पूर्णरूपमा निर्वाह गर्नुपर्नेछ।

**१.२ हज प्रतिनिधिमण्डलका आचारहरू;**

क. हजयात्रीहरूलाई मक्का मदिनासम्म र पुनःस्वदेश फिर्ता हुने अवधिसम्म सहजीकरण, रेखदेख, आवास, खानपान, स्वास्थ्य लगायतका विषयमा विशेष ख्याल गर्नुपर्नेछ।

ख. हवाई यात्राका क्रममा अध्यागमन तथा नागरिक उड्डयनको प्रचलित नियमानुसार यात्रु तथा सामग्री चेकजाँच, लगेज क्लियरेन्स लगायतका कार्यहरूमा यात्रुहरूलाई सहयोग गर्ने तथा आवश्यकतानुसार अध्यागमन एवम् उड्डयन पदाधिकारीहरूसँग समन्वय गर्नुपर्नेछ।

ग. यात्रा अवधिभर साउदी अरब सरकारले तोकेको नियम पूर्णरूपमा पालना गर्ने, होटल वा डेरामा रहँदा तोकिएको अनुशासन पूर्ण रूपमा पालना गर्ने साथै संरचनाहरूको उपयोग गर्ने सम्बन्धमा हजयात्रीहरूलाई सुसूचित गराउनु पर्नेछ।

घ. हजयात्रीहरूको रेखदेख गर्न तथा धार्मिक कुराहरूमा हजयात्रीहरूको पथ प्रदर्शन गर्नको लागि छनौट

भएका स्वयंसेवकहरूलाई हजयात्रीको अपेक्षा अनुसार धार्मिक जिज्ञासा पूरा हुने गरी जानकारी उपलब्ध गराउने साथै धार्मिक क्षेत्र लगायतका कार्यमा पूर्ण सहयोग गर्न परिचालन गर्नुपर्नेछ ।

ङ. हज प्रतिनिधिमण्डल, चिकित्सक टोली तथा स्वयम् सेवकहरूको सम्पर्क स्थान र सम्पर्क नम्बर सबै हजयात्रुहरूलाई सुसूचित गराई कुनै समस्या भएमा तत्काल समाधान हुने वातावरण सिर्जना गर्नुपर्नेछ ।

च. हजयात्रुहरूको लागि आवास, खाना, परिवहन लगायतका व्यवस्थापकीय कार्यहरू गर्दा कुनै मोलाहिजा नगर्ने, त्यस्ता कार्यहरू सम्पादन गर्दा कुनै लोभ लालच नगर्ने, व्यक्तिगत लाभको रूपमा उपयोग नगर्ने साथै सम्पूर्ण कार्यहरू पूर्ण पारदर्शी बनाउन सहयोग गर्नुपर्नेछ ।

छ. हजयात्रुहरूबाट कुनै पनि अनैतिक, गैरकानूनी कार्य हुन नदिन सदैव चनाखो रहनुपर्नेछ । कुनै पनि अपरिचित व्यक्तिहरूले दिएको खानेकुरा नखाने तथा आफूले समेत नदिने साथै वस्तु/सामग्रीहरू नलिने तथा नदिने कार्यका लागि निरन्तररूपमा हजयात्रीहरूलाई सचेत गराउनुपर्नेछ ।

ज. हजयात्रा व्यवस्थापनका क्रममा कुनै समस्या भएमा तत्काल नेपाल हज समितिका अध्यक्ष तथा महावाणिज्य दूतावासका सम्पर्क अधिकृतसँग सम्पर्कमा रही आवश्यक सल्लाह र निर्देशन अनुसार गर्नुपर्नेछ ।

झ. चिकित्सक टोलीलाई पूर्णरूपमा हजयात्रीहरूको स्वास्थ्य परीक्षणमा केन्द्रित गराउनुपर्नेछ । विशेष स्वास्थ्य समस्या भएमा साउदी अरब स्थित हज व्यवस्थापन सम्बद्ध आयोजक तथा महावाणिज्य दूतावासका सम्पर्क अधिकृतसँग तत्काल सम्पर्क गरी सल्लाह र निर्देशन अनुसार गर्नुपर्नेछ ।

ञ. हजयात्राका क्रममा कुनै यात्रु (हजयात्री तथा प्रतिनिधिमण्डल) को मृत्यु भएमा महावाणिज्य दूतावासका सम्पर्क अधिकृतसँग सम्पर्क गरी प्राप्त निर्देशन तथा मृतकका परिवारसँग सम्पर्क गरी प्राप्त सल्लाह र सुझाव अनुसार गर्नुपर्नेछ ।

ट. हज व्यवस्थापनको क्रममा आफूसँग भएको आर्थिक तथा प्रशासनिक दायित्व कार्य सम्पन्न भएपछि ३५ दिन भित्र बरबुझारथ तथा फछ्र्यौट गर्नुपर्नेछ ।

ठ. यात्रा अवधिभर धार्मिक मनले स्वयम्सेवी भावना सहित सहयोग, समन्वय र सहजीकरण गर्नुपर्नेछ ।

**१.३ चिकित्सक टोलीको आचार;**

क. हजयात्राका लागि छनोट भई साउदी अरब जानका लागि आउने सबै हजयात्रीहरूको सामान्य स्वास्थ्य परीक्षण गर्नुपर्नेछ । COVID-19 वा यस्तै महामारीको रूपमा देखा पर्ने वा परेका विविध प्रकोप बिरूद्ध खोप लगाए नलगाएको यकिन गरी नलगाएको भए तत्काल हज समितिका पदाधिकारीहरूसँग समन्वय गरी खोप लगाउने व्यवस्था मिलाउन सहयोग गर्नुपर्नेछ ।

ख. मक्का मदिनामा हजयात्रुहरूलाई कुनै स्वास्थ्य समस्या भएमा आफूहरूलाई जानकारी गराउन सबै यात्रुहरूलाई निरन्तर सुसूचित गर्नुपर्नेछ ।

ग. हजयात्रा अवधिभर यात्रुहरूको स्वास्थ्य अवस्थाको नियमित परीक्षण गर्नुपर्नेछ । विशेष परीक्षण तथा उपचार गर्नुपर्ने भएमा तत्काल हज प्रतिनिधिमण्डललाई जानकारी गराई उपचार कार्यमा सक्रिय रहनुपर्नेछ ।

घ. प्राथमिक स्वास्थ्य उपचारका लागि चाहिने औषधि तथा अन्य सामग्रीहरू तयारी अवस्थामा राख्नुपर्नेछ ।

ङ. हजयात्रुहरूले स्वस्थ खानेकुराहरू तथा शुद्ध खानपानी प्रयोग गर्ने, सरसफाइमा विशेष ध्यान दिन सुसूचित गर्ने साथै COVID–19 तथा यस्तै अन्य महामारीबाट सुरक्षित रहन गर्नुपर्ने सावधानीका बारेमा समेत सचेत गराउनुपर्नेछ ।

च. हज व्यवस्थापनको क्रममा आफूसँग भएको आर्थिक तथा प्रशासनिक दायित्व कार्यसम्पन्न भएपछि ३५ दिन भित्र बरबुझारथ तथा फछ्र्यौट गर्नुपर्नेछ ।

छ. यात्रा अवधिभर धार्मिक मनले स्वयम्सेवी भावना सहित सहयोग, समन्वय र सहजीकरण गर्नुपर्नेछ ।

**१.४ स्वयम्सेवकको आचार**

क. साउदी अरबमा परिचालन हुने स्वयम्सेवकको हकमा हजयात्रुहरूको लागि मक्का मदिनामा बाटोघाटो र स्थानीय वस्तुस्थिति तथा परिवेशका बारेमा जानकारी गराउने, हजत्राया सम्बन्धी इतिहास तथा धार्मिक कुराहरूको पूर्ण जानकारी गराउनुपर्नेछ ।

ख. नेपालमा परिचालन हुने स्वयम्सेवकको हकमा साउदी अरब उडान समय तालिका अनुसार अन्तर्राष्ट्रिय विमानस्थलसम्म पुऱ्याउने, यात्रा अवधिमा आवश्यक पर्ने सामग्रीहरू खरिद गर्न सहयोग गर्ने तथा विदेशी मुद्रा सटहीमा सहजीकरण लगायत हजयात्रुहरूको आवश्यकतानुसार सहजीकरण गर्नुपर्नेछ ।

**१.५ हजयात्रीहरूको आचार**

क. साउदी अरब सरकारले तोकेको हजयात्रा सम्बन्धी नियमहरूको पूर्णरूपमा पालना गर्नुपर्नेछ ।

ख. हजयात्रा अवधिभर कुनै समस्या भएमा हज प्रतिनिधिमण्डलसँग तत्काल सम्पर्कमा रहनुपर्नेछ । कुनै स्वास्थ्य समस्या भएमा तत्काल चिकित्सक टोलीसँग सम्पर्क गर्नुपर्नेछ । बाटोघाटो तथा स्थानीय वस्तुस्थितिका बारेमा कुनै जिज्ञासा वा अलमल भएमा हज प्रतिनिधिमण्डल वा तोकिएका स्वयंसेवकहरूसँग सम्पर्क गर्नुपर्नेछ ।

ग. यात्रा अवधिभर राहदानी, भिषा, मोअल्लिम दस्तुर कागज,आवश्यक विदेशी मुद्रा लगायत आफूसाथ सुरक्षित रूपमा राख्नुपर्नेछ । कुनै आधिकारिक व्यक्तिबाट खोजी भएमा मात्र देखाई पुन सुरक्षित तवरले राख्नुपर्नेछ ।

घ. हजयात्रुहरू बीच मित्रवत् व्यवहार गर्नुपर्नेछ । राष्ट्रियता तथा आपसी सद्भावमा आँच आउने गरी कुनै पनि अनैतिक, असामाजिक, गैरकानूनी कार्यहरू गर्नुहुदैन ।

ङ. हजयात्राको क्रममा मोअल्लिमको व्यवस्था अनुसारका क्रियाकलापहरू सञ्चालन गर्नुपर्नेछ ।

च. सुरक्षाकर्मीहरूले दिएको निर्देशन पूर्ण पालना गर्नुपर्दछ । सुरक्षाकर्मी, स्वयम्सेवक तथा अन्य व्यक्तिहरूसँग अनावश्यक तर्क वितर्क गर्नुहुँदैन । प्रतिबन्धित/निषेधित क्षेत्रमा प्रवेश गर्न वा आवतजावत गर्नु हुँदैन । प्रतिबन्धित चिजवस्तुहरू जस्तै हतियार, लागूऔषध, मदिरा तथा सुर्तीजन्य पदार्थहरू साथमा बोक्न वा प्रयोग गर्नु हुँदैन । फोटो वा भिडियो खिच्नु भन्दा अगाडि उक्त स्थानमा फोटो खिच्न मिल्छ वा मिल्दैन भन्ने आधिकारिक जानकारी लिएर मात्र खिच्नुपर्दछ ।

छ. राजनैतिक विषयमा बहस गर्ने, राजनैतिक दस्तावेज तथा तस्विरहरू, अश्लील तस्विर, भिडियो लगायत साथमा राख्ने वा हेर्ने वा चर्चा गर्ने जस्ता कार्यहरू गर्नुहुँदैन ।

ज. हज प्रतिनिधिमण्डले तोकेको आवास क्षेत्रमा बस्नुपर्दछ । आवास क्षेत्रमा रहँदा वा सो बाहिर रहँदा कुनै पनि गैरकानूनी कार्यहरू गर्नुहुँदैन । कुनै व्यक्तिले त्यस्तो कार्य गरेको वा गर्न लागेको थाहा भएमा तत्काल हज प्रतिनिधिमण्डललाई जानकारी गराउनु पर्दछ ।

झ. हज प्रतिनिधिमण्डललाई जानकारी नगराई आवास क्षेत्र बाहिर जानु हुँदैन । कुनै पनि अनधिकृत व्यक्तिहरूसँग भेटघाट, कुराकानी गर्नुहुँदैन ।

२. **आचारसंहिता कार्यान्वयनको अनुगमन गर्ने:**

क. यस आचारसंहिता कार्यान्वयनको सम्बन्धमा नेपाल हज समितिका सदस्यहरू, उपसमितिका पदाधिकारीहरू तथा सल्लाहकार समितिका पदाधिकारीहरूको हकमा नेपाल हज समितिका अध्यक्ष तथा नेपाल सरकार गृह मन्त्रालयबाट र अध्यक्षको हकमा नेपाल सरकार गृह मन्त्रालयबाट अनुगमन हुनेछ ।

ख. आचारसंहिताको उल्लंघन भएको सम्बन्धमा तथ्यपरक प्रमाण सहित कुनै लिखित तथा मौखिक उजुरी/गुनासो प्राप्त हुन आएमा वा अनुगमनको क्रममा आचारसंहिताको उल्लंघन भएको पाइएमा नेपाल सरकार गृह मन्त्रालयबाट सचेत गराइनेछ र पटक पटक उल्लंघन भएमा गृह मन्त्रालयबाट निर्णय भएअनुसार हुनेछ ।

# नेपाल हज समिति परिवार, संक्षिप्त परिचय

## नेपाल हज समितिका हालसम्मका अध्यक्षहरूको विवरण

| सि.नं. | नाम थर | ठेगाना | पद | अवधि |
|---|---|---|---|---|
| १. | अहमद्धिन | काठमाडौं | संस्थापक | २०२१ |
| २. | मेराज सैयद | बाँके | अध्यक्ष | २०४८-२०५० |
| ३. | महेबुब साह | काठमाडौं | अध्यक्ष | २०५१-२०५२ |
| ४. | प्रो.हबिबुल्लाह | काठमाडौं | अध्यक्ष | २०५२-२०५३ |
| ५. | हसन अन्सारी | मोरंग | अध्यक्ष | २०५३-२०५४ |
| ६. | सलिम साह | काठमाडौं | अध्यक्ष | २०५४-२०५५ |
| ७. | महेबुब साह | काठमाडौं | अध्यक्ष | २०५५-२०५६ |
| ८. | मोहमद निजामुद्दीन | काठमाडौं | अध्यक्ष | २०५६-२०५७ |
| ९. | सलिम मियाँ अन्सारी | बारा | अध्यक्ष | २०५७-२०५८ |
| १०. | डा. मोहमद मेहसिन | काठमाडौं | अध्यक्ष | २०५९-२०६० |
| ११. | महेबुव साह | काठमाडौं | अध्यक्ष | २०६२-२०६३ |
| १२. | इजहार मिक्रानी | रौतहट | अध्यक्ष | २०६३-२०६४ |
| १३. | ताजमोहमद मियाँ | स्याङ्जा | अध्यक्ष | २०६४-२०६५ |
| १४. | मौलाना अबदुल जब्बार | बाँके | अध्यक्ष | २०६५-२०६६ |
| १५. | जकिर हुसेन | अर्घाखाँची | अध्यक्ष | २०६७-२०६८ |
| १६. | अलि अकवर मिक्रानी | रौतहट | अध्यक्ष | २०६९-२०७० |
| १७. | ताज मोहमद मियाँ | स्याङ्जा | अध्यक्ष | २०७१-२०७३ |
| १८. | मोहमद सोयब रजा | धनुषा | अध्यक्ष | २०७३-२०७५ |
| १९. | शमशेर मियाँ | अर्घाखाँची | अध्यक्ष | २०७५-२०७७ |
| २०. | शमशेर मियाँ | अर्घाखाँची | अध्यक्ष | २०७७ देखि हालसम्म |

## नेपाल हज समितिको सचिवालयमा वि.सं. २०६६ देखि हालसम्मका सदस्य सचिवहरूको विवरण

| सि.नं. | नाम थर | ठेगाना | अवधी |
|---|---|---|---|
| १. | अब्दुल कलाम खाँ | रुपन्देही | २०६६ देखि २०६७ |
| २. | कृष्ण प्रसाद ज्ञवाली | गुल्मी | २०६७ देखि ......... |
| ३. | केशवराज आचार्य | काठमाडौं | २०७१ देखि २०७२ |
| ४. | यज्ञराज बोहरा | कैलाली | २०७२ देखि २०७२ |
| ५. | ज्ञान प्रसाद ढकाल | स्याङ्जा | २०७२ देखि २०७४ |
| ६. | भीमराज पोखरेल | मोरङ | २०७३-११-०१ देखि २०७४-०७-१५ |
| ७. | नरेन्द्रकुमार राना | रोल्पा | २०७४-०७-१६ देखि २०७५-०१-२६ |
| ८. | सूर्यबहादुर खत्री | काठमाडौं | २०७५-०१-२५ देखि २०७५-०८-२३ |
| ९. | हरि प्रसाद पन्त | अर्घाखाँची | २०७५-०९-०५ देखि २०७५-१२-०३ |
| १०. | सूर्यबहादुर खत्री | काठमाडौं | २०७५-१२-०४ देखि २०७६-०५-१५ |
| ११. | यादव सुवेदी | दाङ | २०७६-०५-२५ देखि २०७६-१०-१३ |
| १२. | लुक बहादुर क्षेत्री | अर्घाखाँची | २०७६-१०-२९ देखि २०७७-०२-१६ |
| १३. | जयराज भण्डारी | झापा | २०७७-०२-२२ देखि २०७७-०९-०५ |
| १४. | विश्वराज न्यौपाने | झापा | २०७७-०९-१४ देखि २०७७-११-२० |
| १५. | कृष्ण पौडेल | मोरङ | २०७७-११-२३ देखि हालसम्म |

## नेपाल हज समितिका वर्तमान पदाधिकारीहरुको विवरण

| क्र. सं. | नामथर | पद | ठेगाना | कार्यकाल | | अवधि |
|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | |
| १ | शमशेर मियाँ | अध्यक्ष | छत्रदेव-२, अर्घाखाँची | २०७८।१२।१७ | २०८०।१२।१६ | २ बर्ष |
| २ | सवावक्स मियाँ | सदस्य | कास्की | २०७८।०२।३० | २०८०।०२।२९ | २ बर्ष |
| ३ | इस्लाम मियाँ | सदस्य | स्याङ्गजा | २०७८।०३।०४ | २०८०।०३।०३ | २ बर्ष |
| ४ | जन्नतुन निशा धुनिया | सदस्य | गोनहा-४, रूपन्देही | २०७८।१२।१७ | २०८०।१२।१६ | २ बर्ष |
| ५ | मुस्तकिम मियाँ | सदस्य | रामनगर भुटाहा-३, सुनसरी | २०७८।१२।१७ | २०८०।१२।१६ | २ बर्ष |
| ६ | जकि अहमद | सदस्य | भाडसर-६, सर्लाही | २०७८।१२।१७ | २०८०।१२।१६ | २ बर्ष |
| ७ | मकबुल मिया ठकुराई | सदस्य | पुरैनिया-८, वारा | २०७८।१२।१७ | २०८०।१२।१६ | २ बर्ष |
| ८ | अब्दुल हुसैन | सदस्य | ललितपुर-२, ललितपुर | २०७८।१२।१७ | २०८०।१२।१६ | २ बर्ष |
| ९ | मूहमद सरिफ मिया | सदस्य | पुतलीवजार, स्याङ्गजा | २०७८।१२।१७ | २०८०।१२।१६ | २ बर्ष |


| क्र. सं. | नामथर | पद | ठेगाना | कार्यकाल | | अवधि |
|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | |
| १० | मकबुल मियाँ | सदस्य | बल्कोट ५, अर्घाखाँची | २०७८।१२।१७ | २०८०।१२।१६ | २ बर्ष |
| ११ | अलि हुसेन मियाँ धुनिया | सदस्य | मधुरी जहदा-७, बारा | २०७८।१२।१७ | २०८०।१२।१६ | २ बर्ष |
| १२ | रहिमान मियाँ खाँन | सदस्य | तानसेन-१३, पाल्पा | २०७८।१२।१७ | २०८०।१२।१६ | २ बर्ष |
| १३ | मो. सलीम हलवाई | सदस्य | नेपालगञ्ज-५, बाँके | २०७८।१२।१७ | २०८०।१२।१६ | २ बर्ष |
| १४ | एनाज अहमद अन्सारी | सदस्य | जैसापुर-१, बाँके | २०७८।१२।१७ | २०८०।१२।१६ | २ बर्ष |
| १५ | सनम बेगम | सदस्य | थापाठाना-२, पर्वत | २०७८।१२।१७ | २०८०।१२।१६ | २ बर्ष |
| १६ | मुबारक कवारी | सदस्य | हरिहरपुर-१, धनुषा | २०७८।१२।१७ | २०८०।१२।१६ | २ बर्ष |
| १७ | सतार बक्स | सदस्य | जर्बुटा-१, सुर्खेत | २०७८।१२।१७ | २०८०।१२।१६ | २ बर्ष |
| १८ | सफिकुर रहमान | सदस्य | राजपुर तुल्सी-७, रौतहट | २०७८।१२।१७ | २०८०।१२।१६ | २ बर्ष |
| १९ | मुहम्मद सफिक मुसलमान | सदस्य | अमवा-९, रूपन्देही | २०७८।१२।१७ | २०८०।१२।१६ | २ बर्ष |
| २० | कसीरन मियाँ | सदस्य | लेखनाथ-१३, कास्की | २०७८।१२।१७ | २०८०।१२।१६ | २ बर्ष |
| २१ | सारजाहा खान | सदस्य | ब्यास-३, तनहुँ | २०७८।१२।१७ | २०८०।१२।१६ | २ बर्ष |
| २२ | बदरुदुजा खाँ | सदस्य | श्रीनगर-१, बाँके | २०७८।१२।१७ | २०८०।१२।१६ | २ बर्ष |
| २३ | कल्पना मियाँ कुसारी | सदस्य | दुली-८, रूकुम पश्चिम | २०७८।१२।१७ | २०८०।१२।१६ | २ बर्ष |
| २४ | मो. असलम नदाफ | सदस्य | सिराहा-५, सिराहा | २०७८।१२।१७ | २०८०।१२।१६ | २ बर्ष |


## नेपाल हज समितिको सचिवालयमा कार्यरत कर्मचारीहरूको विवरण

| क्र.सं. | नामथर | पद | ठेगाना | मोबाईल नं. | |
|---|---|---|---|---|---|
| १. | कृष्ण पौडेल | सदस्य सचिव | मोरङ | ९८४३५२५४८९ | ०१-४२१११०४ |
| २. | शोभाकर न्यौपाने | शाखा अधिकृत | पाल्पा | ९८४१५२५३६२ | ०१-४२१११७२ |
| ३. | कैलाश पोखरेल | नायब सुब्बा | मोरङ | ९८४१७१२३७२ | ०१-४२१११०४ |
| ४. | भरतराज सिग्देल | लेखापाल | सुनसरी | ९८५११८८५७३ | ०१-४२१११७२ |
| ५. | पुरुषोत्तम पौडेल | कम्प्युटर अपरेटर | ललितपुर | ९८४९१३५८९५ | ०१-४२१११०४ |
| ६. | डोलराज पाण्डे | ह.स.चा. | नवलपरासी | ९८४१००१५३३ | ०१-४२१११०४ |
| ७. | मदन कुमार श्रेष्ठ | ह.स.चा | नवलपरासी | ९८४१०३५५१४ | ०१-४२१११०४ |
| ८. | विदुर महर्जन | का.स. | काठमाडौं | ९८४९८२५८८८ | ०१-४२१११०४ |
| ९. | कल्पना भट्टराई | का.स. | संखुवासभा | ९८४१७५९६३४ | ०१-४२१११०४ |

s]xL emnsx?


# gk]fn xh ;ldlt sf] ;lr jfnoaf6 k|sflz t ;fdfu|x¿















# gk]fn xh ;ldltsf] ;lrjfnon]kbfj|ldf NofPsf k|0ffnLx?





हज व्यवस्थापन सूचना प्रणाली (Hajj Management Information System–HMIS)




हज लेखा व्यवस्थापन प्रणाली (Hajj Account Management System–HAMS)




हज अभिलेख व्यवस्थापन प्रणाली (Hajj Document Management System)




हज लेखा तथा जिन्सी व्यवस्थापन प्रणाली (Hajj Account and Store Management System)

# gk]fn xh ;ldlt tyf ;lrjfnosf ultljlw emlNsg]s}L tl:j/x¿




हज व्यवस्थापन सुदृढीकरणका सन्दर्भमा आयोजित गोष्ठीका सहभागीहरू




काठमाडौंमा आयोजित HMIS अभिमुखीकरणका सहभागीहरूका साथमा नेपाल हज समितिका अध्यक्ष, सदस्य सचिव तथा पूर्व सदस्य सचिवहरू



बुटवलमा आयोजित HMIS अभिमुखीकरणका सहभागीहरूका साथमा नेपाल हज समितिका पदाधिकारीहरू



महोत्तरीको बर्दिबासमा आयोजित HIMS को अभिमूखिकरण कार्यक्रममा महोत्तरी जिल्लाका तत्कालिन प्रमुख जिल्ला अधिकारी, सदस्य सचिव र सहभागी कर्मचारीहरु



साउदी अरबका लागि नेपाली तत्कालिन राजदूत महामहिम महेन्द्र प्रसाद सिं राजपूत र उपनियोग प्रमुख दिलिप पौडेलका साथमा नेपाल हज समितिका अध्यक्ष, सदस्य सचिव लगायत कर्मचारीहरू




नेपाल हज समितिको सचिवालयका कर्मचारीहरू



निजामती दिवस,२०७८ को अवसरमा सचिवालयका कार्यालय सहयोगी श्री विदुर महर्जनलाई उत्कृष्ठ कर्मचारीको रूपमा सम्मान गर्रिंदै



हज पदाधिकारीहरूको बिदाइ कार्यक्रम,२०७८ मा बिदाइ हुनु हुने पदाधिकारीहरूका साथमा अध्यक्षज्यू, मन्त्रालयका तत्कालिन सह-सचिवज्यू लगायत सचिवालयका कर्मचारीहरू



हज तथा उमरा सम्वन्धि अन्तर्राष्ट्रिय अभ्यास अध्ययनको क्रममा संयुक्त अरव ईमिरेट्स स्थित नेपाली राजदूत महामहिम कृष्णप्रसाद ढकालका साथमा नेपाल हज समितिका अध्यक्ष, सदस्य सचिव लगायतका पदाधिकारिहरू तथा दूतावासका कर्मचारिहरू





संयुक्त अरव ईमिरेट्स स्थित नेपाली दूतावासमा भ्रमण टोली




नेपाल हज समितिको सचिवालयमा स्थापना गरिएको नमाज कक्ष



# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली ।

प्रकृतिका कोटि-कोटि, सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल हज समितिको सचिवालय
सिंहदरवार, काठमाडौं
फोनः ०१–४२११९०४ / ७२
Email: nepalhaj@gmail.com
Website: nepalhajj.moha.gov.np